सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ पुस २०८१, बिहीबार (19 Dec 2024, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २४२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

इजलासमा 'दलहरूको छाया'

न्यायमूर्ति नियुक्तिमै भागबन्डा गरेर दलहरूले न्यायालयमा राजनीतीकरण गरिरहेको आरोप विगतदेखि लाग्दै आएको हो, अहिले सत्तारूढ दलका नेता नै न्यायाधीशहरूको अनुहारमा दलहरूको छाया देखिने हाकाहाकी बताउन थालेका छन्



● **पदम गिरी**, पूर्वकानुनमन्त्री

सरकारको स्वार्थअनुकूल निर्णय गर्छ भन्ने हुँदैन



● **अजयशंकर नायक**, पूर्वकानुनमन्त्री

लेनदेनका हिसाबले न्यायाधीश आउन भएन



● **रामप्रसाद श्रेष्ठ**, वरिष्ठ अधिवक्ता

परिषद्मा कानुनमन्त्रीको आवश्यकता नै छैन

शिल्पा कर्ण/नयाँ पत्रिका

न्यायाधीशहरूको नियुक्तिको पारदर्शितालाई लिएर सर्वोच्च अदालतमा दुईवटा विषय सुषुप्त, तर गम्भीर रूपमा छलफलमा छन्। पहिलो- गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले एक साताअघि दिएको अभिव्यक्ति र दोस्रो- नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरेमाथि अदालतको अवहेलना मुद्दा। र, यी दुवै विषयले उठाएको एक साझा प्रश्न छ- न्यायाधीश नियुक्ति किन पारदर्शी हुँदैन ? अर्को, न्यायालयभित्र राजनीतीकरण कति छ ?

न्यायाधीश नियुक्तिमा दलीय भागबन्डाको विषय सधैंजसो विवादमा आउँछ। न्यायाधीश सिफारिस हुनेबित्तिकै कुन दलका कोटाबाट को आए भन्ने चर्चा न्यायवृत्तका लागि सामान्य भइसक्यो। र, अहिले गण्डकीका मुख्यमन्त्री पाण्डेको अभिव्यक्ति र बार अध्यक्ष घिमिरेमाथि अदालतको अवहेलना मुद्दा पनि यसैसँग जोडिएको छ। न्यायाधीश नियुक्तिमा दलीय भागबन्डाले न्यायालयको गरिमामा चोट र जनस्तरमा आस्थामै कमी हुने गरेको छ।

कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता

» पृष्ठ २ मा क्रमशः

२४ मंसिरमा नेपाल बारको कार्यकारिणी परिषद्मा गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले भने- **न्यायाधीशहरूमा झलझली पार्टीको अनुहार देखिन्छ**

यो वर्ष पहिलोपटक अदालत जाने सौभाग्य मिल्यो। तल बसेर माथि बेन्चतिर हेर्दा कहीँ न कहीँ न्यायाधीशहरूमा झलझली पार्टीको अनुहार देखिने रहेछ। म आफैँ पनि राजनीतिकर्मी, तल बसेर माथितिर हेर्दा दल-दलजस्तो देखिने। न्याय सम्पादनलाई कानुन र संविधानले निर्देश गर्छ। त्यसो हो भने एउटै प्रकृतिको मुद्दामा कोशीतिर एउटा न्याय, गण्डकीतिर अर्को न्याय र सुदूरपश्चिमतिर त्यो पनि हराउने न्याय हुन्छ ? न्याय सम्पादन स्वविवेकीय अधिकार होइन।

सर्वोच्चका दुई न्यायाधीश नियुक्तिबारे ११ असोजमा बार अध्यक्ष गोपालकृष्ण घिमिरेले प्रधानन्यायाधीशमाथि नै गम्भीर प्रश्न उठाए- **लेनदेनमा न्यायाधीश नियुक्त गरियो**

तपाईं (प्रधानन्यायाधीश)ले लेनदेनको आधारमा नियुक्ति गर्नुभयो। आफूले लिएको हिसाबकिताब मिलानका लागि न्यायाधीश नियुक्ति गर्नुभयो। सक्नुहुन्छ भने थुन्नुस्। के कानुन लगाउने हो ? तपाईंले सबै कानुन लगाउन सक्नुहुन्छ।

साझा सवालको अन्तर्वार्तामै पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले न्यायाधीश नियुक्तिबारे भनेकी थिइन्- **कांग्रेसका यति जना लिइदिनुपऱ्यो भन्दै लेखक आएका थिए**

न्यायाधीश नियुक्तिका लागि दलहरूका लिस्ट बोक्ने उनीहरूकै प्रतिनिधि छन्। बरु, मैले यस विषयमा लेखक (रमेश)सँग झगडा नै गरेँ। उहाँ आउनुभयो र भन्नुभयो- हाम्रो पार्टी (कांग्रेस)का यति जना लिइदिनुभएन भने त हाम्रो पार्टीमा ठुलो बुमऱ्याङ आउँछ। मैले भनेँ, 'तपाईंको पार्टीको भर्तीकेन्द्र होइन अदालत। यो त सम्भव नहुने कुरा हो।' दलका प्रतिनिधि पूरै सूची बोकेर बसेका थिए, उनीहरूको कामै त्यही हो। बार पनि अपार छ, त्यहाँ राजनीतिबाहेक केही हुँदैन।

तत्कालीन न्यायाधीश हरिकृष्ण कार्कीको प्रतिवेदनले नै भनेको थियो- **नियुक्तिमा राजनीतिक हस्तक्षेप र आर्थिक चलखेलले ठाउँ पाएको देखिन्छ**

सर्वोच्चका तत्कालीन न्यायाधीश हरिकृष्ण कार्की नेतृत्वको समितिले न्यायालय सुधारसम्बन्धी दिएको प्रतिवेदनमा पनि न्यायाधीश नियुक्तिको विषय उल्लेख छ। नातावाद, कृपावाद, संरक्षणवाद, भागबन्डाका आधारमा नियुक्तिको सिफारिस गर्ने परिपाटीका कारण कुशल, इमानदार र पेसागत व्यक्तिको नियुक्ति नहुने गरेको प्रतिवेदनले औंल्याएको छ। 'राजनीतिक हस्तक्षेपका कारण सिफारिस हुने गरेका र आर्थिक चलखेलले समेत प्रश्रय पाउने गरेको भन्ने विषयले स्थान पाएको देखिन आएको छ,' प्रतिवेदनमा छ।

■ न्यायपरिषद् सदस्य रामप्रसाद भण्डारीले उठाए बारका गतिविधिमाथि प्रश्न

न्यायपरिषद् दिवसको दिन परिषद् सदस्य वरिष्ठ अधिवक्ता रामप्रसाद भण्डारीले नेपाल बार एसोसिएसनका गतिविधि र नियतमाथि प्रश्न गरेका छन्। ३४औं न्यायपरिषद् दिवसको अवसरमा बुधबार परिषद्ले गरेको कार्यक्रममा भण्डारीले ड्यासमै रहेका बार अध्यक्ष गोपालकृष्ण घिमिरेलक्षित आक्रोश पोखेका थिए। उनले सर्वोच्चमा रिक्त चारसहित विभिन्न तहका न्यायाधीश नियुक्तिमा बार बाधक बनेको आरोप लगाए।

न्यायाधीश नियुक्तिलाई लिएर पछिल्लो समय परिषद् र बारबिच मतभेद देखिएको छ। गत वर्ष असोजमा न्यायपरिषद् नियमावली संशोधन गरी वरिष्ठताक्रम हेरफेर गरिएकामा विरोधस्वरूप बारले नियमावली खारेज हुनुपर्ने तथा त्यसपछि मात्र न्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाउनुपर्ने सर्त राखेको थियो। त्यसपछि न्यायाधीश नियुक्ति गर्दा बारले परिषद्मै विरोध कार्यक्रमसमेत गरेको थियो।

यसैका लागि बारले दुई दिन परिषद्परिसरमा धर्नासमेत दिएको थियो भने निरन्तर विभिन्न मञ्चमा विरोध गर्दै आएको छ। यही प्रसंग कोट्याउँदै कार्यक्रममा परिषद् सदस्य भण्डारीले भने, 'बारले न्यायाधीश नियुक्त नगर भन्छ। अनि परिषद् सुतेर बस्ने हो त ? न्यायाधीश नियुक्ति नगर भनेको हो ? हामीले के गर्ने त ?' बारसमेत मिलेर नियुक्ति तथा छलफल गर्नुपर्ने उनको भनाइ थियो।

भण्डारीले बारको गतिविधिले आफू निकै दुःखी भएको बताए। 'परिषद्को इतिहासमा पहिलोपटक जिन्दावाद, मुर्दावादको नारा लाग्यो। म पनि बारकै हुँ, बारमै जाने हो। अहिले बारलाई यी दुई सदस्य (रामप्रसाद भण्डारी र रामप्रसाद श्रेष्ठ)देखि मात्र कन्सिरीका रौं तातेको छ,' उनले भने, 'हामी बार बिगार्न त्यहाँ थिएनौं। म सधैं बारसँगै छु।' भण्डारीले विवाद भए सर्वोच्चमा रिट दायर गर्न सकिने र प्रक्रियाबाटै समाधान गर्न सकिने विकल्प भए पनि आन्दोलनको बाटो रोज्नु उचित नभएको बताए।

प्रधानन्यायाधीशको नेतृत्वमा रहने पाँचसदस्यीय परिषद्मा वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल र कानुनमन्त्री अजयकुमार चौरसिया सदस्य छन्। दुई सदस्य रिक्त छन्। त्यसमध्ये एकजना सरकारले सिफारिस गर्ने र एकजनालाई बारले पठाउँछ। बारका तर्फबाट गएका सदस्य वरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठको कार्यकाल समाप्त भइसकेकाले उनको स्थानमा बारले कसैलाई पठाएको छैन।

■ कांग्रेस सदस्यता वितरण सुस्त

समिति बन्यो, तर औपचारिक बैठकसमेत बस्न सकेन



सामान्यतः ०८२ मंसिरमा नियमित महाधिवेशन हुनुपर्ने हो, तर सदस्यता वितरणको टुंगो अझै नलागेकाले अबको वर्ष दिनभित्रै कांग्रेस महाधिवेशन हुनेमा आशंका उब्जिएको छ। कांग्रेसले न सदस्यता नवीकरणलाई तीव्र बनाउन सकेको छ, न नयाँ सदस्यता वितरण नै। जसकारण ०८२ मंसिरभित्र हुनुपर्ने महाधिवेशनमा ढिलाइको सम्भावना बढाएको छ।

(विस्तृत पृष्ठ ३)

विद्यालय शिक्षामा सुधार गर्नुपर्ने विषय



अग्रलेख

● वीणा झा

विद्यालय समाजका लागि नयाँ पुस्ता निर्माण गर्ने थलो पनि हो, जहाँको सानो हेलचेक्र्याइँले समाजलाई लामो समय पिरोल्नेछ

(पृष्ठ ४)

हक्कानीको हत्या र तालिबानभित्रको आन्तरिक द्वन्द्व



सन् २०२१ अगस्टयता भएको सबैभन्दा शीर्ष सत्तारूढ नेताको हत्याले तालिबानभित्र ठुलो आन्तरिक विभाजन रहेको आशंकाजन्माएको छ

(विस्तृत पृष्ठ ५)

■ ओटिटीले घटायो दूरसञ्चार सेवाप्रदायकको अर्बौं आम्दानी

पाँच वर्षमा सवा १९ अर्बले खुम्चियो व्यवसाय

सिमकार्ड नेटवर्कको विकल्पमा भाइबर, ह्वाट्सएप, फेसबुक मेसन्जरजस्ता ओटिटी प्लाटफर्मको प्रयोग बढ्दै जाँदा अर्बौं लगानी गरेका दूरसञ्चार सेवाप्रदायकको आम्दानी खुम्चिएको छ भने मुलुकको राजस्व पनि घट्न थालेको छ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नीतिगत निर्णयको परिभाषा, बेनामे उजुरी र भ्रष्टाचार मुद्दाको हदम्यादमा प्रधानमन्त्री ओलीको 'अस्वाभाविक' चासो

प्रधानमन्त्रीले बालुवाटार बोलाए राज्य व्यवस्था समितिका सत्तापक्षीय सांसद

कमलराज भट्ट/नयाँ पत्रिका

सार्वभौम संसद्को अधिकारप्राप्त समितिले पर्याप्त छलफलबाट गरेका निर्णयमा प्रधानमन्त्री केपी ओलीले अस्वाभाविक चासो देखाएका छन्। मन्त्रिपरिषद्बाट व्यक्तिगत लाभका लागि भएका निर्णय अख्तियारले हेर्न पाउने गरी परिभाषा तय र बेनामे उजुरी दिन पाउने व्यवस्था यथावत् गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक तथा भ्रष्टाचार मुद्दामा पाँचवर्षे हदम्याद हटाउने भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयकप्रति चासो राख्दै ओलीले राज्य व्यवस्था तथा सुशासन समितिका सत्तापक्ष सांसदलाई बिहीबार बिहान आफ्नो निवासमा बोलाएका हुन्।



प्रधानमन्त्रीले संघीय निजामतीलगायतका विधेयकका सम्बन्धमा छलफल गर्न बालुवाटारस्थित निवासमा बोलाएको समिति सभापति रामहरि खतिवडाले

» पृष्ठ २ मा क्रमशः

■ उपसमिति संयोजक हृदयराम थानीले दिउँसो नै भनेका थिए- विभिन्न दबाब आएका छन्, सभापतिले खुट्टा नकमाई निर्णय पास गर्नुहोला

नभन्दै, केही घण्टामै बालुवाटारबाट सूचना आयो- भोलि बिहान १० बजे उपस्थित हुनुहोला



हृदयराम थानी संयोजक रहेको उपसमितिले बुधबार दुवै विधेयकको प्रतिवेदन समितिमा पेस गरेको छ। प्रतिवेदन पेस गर्ने क्रममै थानीले विभिन्न दबाब आएको भन्दै खुट्टा नकमाउन सभापति रामहरि खतिवडालाई अनुरोध गरेका थिए। दह्रो खुट्टा टेकेर उपसमितिको निर्णय पास गराउन उनको सुझाव थियो। थानीले समितिमै उच्च राजनीतिक नेतृत्वको दबाब रहेको संकेत गरेको केही घण्टा नबित्दै प्रधानमन्त्रीले समिति सभापति खतिवडासहित सत्तापक्ष सदस्यहरूलाई निवासमै बोलाउनुलाई शंकाको दृष्टिले हेरिएको छ।

सीमावर्ती अपराध नियन्त्रणको जिम्मेवारी सशस्त्र प्रहरीलाई



फाइल तस्बिर

नवराज मैनाली/नयाँ पत्रिका

सरकारले सीमावर्ती अपराध नियन्त्रणको जिम्मेवारी सशस्त्र प्रहरी बल (एपिएफ)लाई दिने भएको छ। सीमा सुरक्षामा केन्द्रित गरी खटाइएको अर्धसैन्य बल सशस्त्र प्रहरीलाई कानुनी रूपमै यस्तो अधिकार दिएर थप सशक्त बनाउन लागिएको हो।


हाल मन्त्रिपरिषद्मा रहेको सशस्त्र प्रहरीसम्बन्धी विधेयकमा यस्तो अधिकार दिने उल्लेख छ। विधेयक मन्त्रिपरिषद्को विधेयक समितिबाट समेत स्वीकृत भइसकेको छ। अहिले पनि सीमा क्षेत्रमा अपराधमा संलग्नलाई नियन्त्रणमा लिई सशस्त्रले नेपाल प्रहरी, राजस्व अनुसन्धान कार्यालयलगायत निकायलाई बुझाउँदै आएको छ। तर, कानुनी रूपमा उसलाई नियन्त्रणमा लिने, खानतलासी गर्नेजस्ता अधिकार नहुँदा समस्या भोग्दै आएको छ। अब भने पक्राउ पुर्जी दिएपै सीमा अपराधमा संलग्नलाई पक्राउ गर्ने तथा खानतलासी गर्ने अधिकार सरकारले सशस्त्रलाई दिन लागेको हो। यसले काम गर्न सहज हुने सशस्त्र प्रहरी अधिकारी बताउँछन्।

सीमा सुरक्षालाई बलियो बनाउने उद्देश्यले ऐनमा नै यो विषय समावेश गर्न लागिएको गृह मन्त्रालयका एक उच्च अधिकारीले बताए। खासगरी भारतसँग खुला सीमाका कारण सीमावर्ती अपराध अझै बढ्न सक्ने भएकाले सशस्त्रलाई कानुनी रूपमा पनि बलियो बनाएर खटाउनुपर्ने माग हुँदै आएको छ। नेपालको सीमामा खटिने भारतको सशस्त्र सीमा बल (एसएसबी)लाई पनि सीमा क्षेत्रका अपराध नियन्त्रणदेखि अनुसन्धानसम्मको जिम्मेवारी दिइएको छ। एसएसबीसँगको सहकार्यमै सशस्त्र प्रहरी सीमामा खटिँदै आएको छ, तर सीमावर्ती अपराध नियन्त्रणसम्बन्धी अधिकार उसलाई प्रस्ट रूपमा दिइएको थिएन।

खुला सीमामा भन्सार छलीका सामानदेखि लागुऔषध तथा हातहतियार तस्करीको नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको छ। सीमामा इन्टेलिजेन्समा आधारित अपराध नियन्त्रणको संयन्त्र अझै बन्न सकेको छैन। यसले राष्ट्रिय सुरक्षामै चुनौती बढीरहेको भन्दै सुरक्षाविद्हरूले चिन्ता व्यक्त गरिरहेका छन्।

२४ वर्षअघि स्थापना भएको सशस्त्र प्रहरीलाई हाल सरकारले सीमा सुरक्षामा 'डेडिकेटेड फोर्स'का

» पृष्ठ २ मा क्रमशः



● **रविराज थापा**
अवकाशप्राप्त एआइजी, सशस्त्र प्रहरी

सरकारले सशस्त्रलाई सीमा सुरक्षाको जिम्मेवारी दिएको छ। तर, सीमा सुरक्षाका लागि अधिकार, तालिम र स्रोतसाधन जसरी दिनुपर्ने हो, त्यो हुन सकेको छैन। कहिले सीमामा त कहिले भिड नियन्त्रणमा होइन, भारतसँगको सीमामा खटिने र चीनसँगको सीमामा खटिनेलाई त्यहीअनुसार तालिम र स्रोतसाधन दिएर परिचालन गरिए मात्र सीमा सुरक्षा बलियो हुन्छ।



● **राजेन्द्रसिंह भण्डारी**
अवकाशप्राप्त एआइजी, नेपाल प्रहरी

हरेक संगठनको कार्य प्रकृति फरक हुन्छ। कार्य प्रकृतिअनुसारको जिम्मेवारी हुन्छ। सीमा सुरक्षामा खटिएको फोर्स भएकाले सशस्त्र प्रहरीलाई सीमावर्ती अपराधको निगरानी गर्ने र सशंकितलाई नियन्त्रणको अधिकार दिनु ठिकै हो। तर, अर्धसैन्य संरचनाको फोर्सले नियन्त्रणमा लिने विषयले मानव अधिकारको विषय पनि उठ्न सक्छ। अन्तर्राष्ट्रियस्तरमा गलत सन्देश जान सक्छ। त्यसकारण पक्राउ र खानतलासीजस्ता शब्द ऐनमा राख्नुहुँदैन। नियन्त्रणमा लिएर अनुसन्धान गर्ने अधिकारीसमक्ष बुझाउने शब्द राख्न ठिक हुन्छ। कानुनी रूपमा अधिकार क्षेत्रको सीमांकन प्रस्ट गर्नुपर्छ, ताकि भविष्यमा समन्वयमा समस्या र अधिकार क्षेत्रमा अतिक्रमण हुने अवस्था नआओस् भन्नेमा ख्याल गर्नुपर्छ।



● **नारायण अधिकारी**, सुरक्षाविद्

सशस्त्रलाई सीमापार अपराध नियन्त्रणको अधिकार दिने प्रस्तावित ऐन सकारात्मक पहल हो। सीमा सुरक्षाको प्रमुख भूमिकामा रहेको सशस्त्रले यसबाट सीमापार अपराधको प्रभावकारी जानकारी र नियन्त्रणमा योगदान पुऱ्याउन सक्छ। यस क्षेत्रमा नेपाल प्रहरी अनुसन्धानको प्रमुख निकाय भएकाले सशस्त्र र नेपाल प्रहरीबिच समन्वय र सहकार्य अपरिहार्य छ। गृह मन्त्रालयले समन्वयकारी भूमिका निभाउँदै यी दुई निकायबिच स्पष्ट कार्यविभाजन र सहकार्य सुनिश्चित गर्नुपर्छ।

बढ्यो अपराधको ग्राफ

टेकराज थामी/नयाँ पत्रिका

गत वर्षको तुलनामा मुलुकमा अपराध बढेको छ। प्रहरीकै तथ्यांकअनुसार गत वर्षको तुलनामा पछिल्लो चार महिनामा अपराध दर झन्डै तीन प्रतिशतले बढेको छ। गत वर्ष र चालू आर्थिक वर्षको चार महिनामा प्रहरी कार्यालयमा दर्ता भएका मुद्दा संख्याको विश्लेषणका आधारमा यस्तो तथ्यांक देखिएको हो। पछिल्लो चार महिनायता गृह मन्त्रालयको जिम्मेवारी रमेश लेखकले सम्हालेका छन्।


नेपाल प्रहरीको तथ्यांकअनुसार चालू आर्थिक वर्षको चार महिनामा मुलुकभरका प्रहरी कार्यालयमा १९ हजार ४९८ मुद्दा दर्ता भएका छन्, जुन अघिल्लो आर्थिक वर्षको चार महिनामा दर्ता भएका मुद्दा संख्याभन्दा पाँच सयले धेरै हो। अर्थात् अघिल्लो आवको सुरुको चार महिनामा मुलुकभर १८ हजार ९९८ मुद्दा दर्ता भएका थिए। यो दर त्यसभन्दा अघिल्लो आवको चार महिनामा दर्ता भएकोभन्दा २.६३ प्रतिशतले धेरै हो।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एसएसपी विश्व अधिकारीले मुलुकभर

» पृष्ठ २ मा क्रमशः

■ पछिल्लो चार महिनामा अपराधमा झन्डै तीन प्रतिशतले वृद्धि, प्रत्येक दिन १६२ मुद्दा दर्ता

सबैभन्दा धेरै अपराध काठमाडौं उपत्यकामा





● **एसएसपी विश्व अधिकारी**, प्रवक्ता, नेपाल प्रहरी

मुलुकभर अपराध बढेकोजस्तो देखिन्छ। प्रहरी कार्यालयमा दर्ता भएका मुद्दा संख्या विश्लेषणले यही देखाउँछ। अघिल्लो आवको सुरुको चार महिनामा मुलुकभरका प्रहरी कार्यालयमा १८ हजार ९९८ मुद्दा दर्ता भएका थिए। यो संख्या बढेर अहिले १९ हजार ४९८ पुगेको छ। चालू आवको चार महिनाको मुद्दा दर्ता संख्या अघिल्ला वर्षको भन्दा पाँच सयले धेरै देखिन्छ।

अपराध बढ्यो कि अपराधपछि कानुनी उपचार खोज्ने प्रवृत्ति ?

प्रहरीको तथ्यांक विश्लेषण गर्दा सबैभन्दा धेरै बैंकिङ कसुरसँग सम्बन्धित अपराध बढेका छन्। नेपाल प्रहरीका पूर्वडिआइजी हेमन्त मल्ल यसो हुनुमा आर्थिक गतिविधिमा देखापरेको चरम शिथिलतालाई मुख्य कारण ठान्छन्। 'मुलुकमा आर्थिक गतिविधि धिमा छ। व्यापार-व्यवसाय चल्न सकेका छैनन्। यस्तो अवस्थामा न भुक्तानी दिन सकिन्छ, न लिन नै। नियत ठिक हुँदाहुँदै पनि कानुनविपरीतका काम हुन पुग्छन्,' उनले भने।

केही अवधि दबाबबाट उम्कन व्यक्तिले मौजुदा रकम नभएका बैंकका चेक प्रवाह गर्छ। सोही चेक 'बाउन्स' हुन्छ। त्यो मुद्दा बनेर प्रहरी कार्यालयमा दर्ता हुन्छ। प्रहरीको तथ्यांकअनुसार पछिल्लो चार महिनामा यस्ता मुद्दा मात्रै चार हजार ३५९ दर्ता भएका छन्। जुन कुल अपराध संख्याको २२.३५ प्रतिशत हो। नेपाल प्रहरीका प्रवक्ता एसएसपी विश्व अधिकारीले भने अपराधपछि प्रहरीमा उजुरी गर्ने चेतना बढेको र उजुरी लिन प्रहरीले पनि सक्रियता बढाएका कारण अपराधसँग सम्बन्धित मुद्दा दर्ता संख्या बढेको बताए। उनले भने, 'पहिला अपराधपछि उजुरी गर्नुपर्छ भन्ने चेतना थिएन। अहिले त्यो हटेको छ। अपराध सहेर बस्नुको सट्टा कानुनी उपचार खोज्ने प्रवृत्ति बढेका छन्। यसमा प्रहरीले पनि सहजीकरण गरेको छ। मुद्दा दर्ता संख्या बढ्नुको कारण यो हो भन्ने लाग्छ।'

नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लि.

(नेपाल राष्ट्र बैंकबाट ग बर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)

कालो सूचीमा राख्ने बारे ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०४)

यस संस्थाका तपसिलमा उल्लेखित ऋणीहरूबाट कर्जा चुक्ता गर्न आउने ३५ दिने लगायत धितो लिलामीको सूचना पटक पटक प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न कुनै तत्परता नदेखाईएकोले यो सूचना प्रकाशित मितिले ३५(पैतीस) दिन भित्र आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, थप ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऋणी तथा जमानतकर्तालाई समेत **कालोसूचीमा नाम सुचिकृतकालागि कर्जा सुरक्षण केन्द्रमा सिफारीस गर्नुका साथै** प्रचलित ऐन कानून तथा यस संस्थासंग भएगरेको लिखत, धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असूल उपर गरीने **व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ**। साथै, तपसिलमा रहेको धितोबाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली ऐन, २०५८ लगायत प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असूल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्वन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल :

कर्जावालाको नाम, थर र ठेगाना	कर्जा शिर्षक	सुरक्षणको विवरण	जमानतकर्ताको नाम, थर र ठेगाना
नामः हरी प्रसाद दाहाल **ठेगानाः** सर्लाही जिल्ला, भक्तिपुर-९ **बाबुः** शिव प्रसाद दाहाल **बाजेः** भिम प्रसाद दाहाल **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१८२४१७४२, २०५१।०९।०१, सर्लाही)	हायर पर्चेज कर्जा नं.-५६६२५३४	बा.५ च ३९७७, किया पिकान्टो	**नामः** तेज करण जैन **ठेगानाः** पर्सा जिल्ला, विरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं **बाबुः** शागर मल जैन **बाजेः** भवर लाल जैन **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा
नामः सुजना कक्षपती **ठेगानाः** काठमाडौं जिल्ला, का.म.न.पा.१६, बालाजु **बाबुः** पूर्णलाल कक्षपती **बाजेः** कोटी प्रसाद कक्षपती **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१२१८७, ..., काठमाडौं)	हायर पर्चेज कर्जा नं.-५००६१६४	बा.३ च ९९८२, पिजियो प्रा.कार	**नामः** तेज करण जैन **ठेगानाः** पर्सा जिल्ला, विरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं **बाबुः** शागर मल जैन **बाजेः** भवर लाल जैन **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा)
नामः गंगा राज लामा **ठेगानाः** रामेछाप जिल्ला, साविक खानेपानी-५ **बाबुः** धन बहादुर लामा **बाजेः** दल मान लामा **नागरिकता विवरणः** (ना.प्र.प.नं.-२२८९, २०४६।०३।११, रामेछाप)	हायर पर्चेज कर्जा नं.-५६९२८३४	बा.४ च ६४१७, प्रा.कार	**नामः** तेज करण जैन **ठेगानाः** पर्सा जिल्ला, विरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं **बाबुः** शागर मल जैन **बाजेः** भवर लाल जैन **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा)
नामः दामोदर विष्ट **ठेगानाः** काठमाडौ.जिल्ला, मुलपानी-४ **बाबुः** सानुकाजी विष्ट **बाजेः** मिन बहादुर विष्ट **नागरिकता विवरणः** (ना.प्र.प.नं.-५३२९, २०४३।०८।२३, काठमाडौं)	हायर पर्चेज कर्जा नं.-५६७६८३४	बा. ४ च १०९२, हण्डाई स्यान्ट्रो	**नामः** तेज करण जैन **ठेगानाः** पर्सा जिल्ला, विरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं **बाबुः** शागर मल जैन **बाजेः** भवर लाल जैन **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा)
नामः रविन्द्र दुवे **ठेगानाः** रुपन्देही जिल्ला, साविक बसन्तपुर-४ **बाबुः** जनार्दन दुवे **बाजेः** दुर्गाधर दुवे **नागरिकता विवरणः** (ना.प्र.प.नं.-११४९, २०४४।१२।२४, रुपन्देही)	हायर पर्चेज कर्जा नं.-००१०००००६३३४	बा.३ च ४९७३, प्रा.कार	**नामः** सन्तोष गदाल **ठेगानाः** रुपन्देही जिल्ला साविक बसन्पुर-४ **बाबुः** रामलाल गदाल **बाजेः** सुक मान गडाल **नागरिकता विवरणः** सन्तोष गदाल(ना.प्र.प.नं.-१८८८२, २०५८।०३।१९,रुपन्देही)
नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रार कार्यालयका दर्ता नं.२३७१४/०५९/६०) रहेको काठमाडौं जिल्ला धापासी गा.वि.स.-६ स्थित आर्या श्री इन्टरप्राईजेज् प्रा.लि. का अख्तियार प्राप्त संचालक अनिल कुमार तिमल्सिना (ना.प्र.प.नं.-४४२०, मितिः २०४१।०५।२०, काठमाडौं)	हायर पर्चेज कर्जा नं.-००१००००१२३३४	बा.३ च ६७६७, टाटा मोबाईल	**नामः** राधिका पन्त (घिमिरे) **ठेगानाः** काठमाडौं जिल्ला, साविक का.म.न.पा-१७, मालिगाँउ मार्ग **बाबुः** राम कृष्ण पन्त **बाजेः** लक्ष्मी प्रसाद पन्त **नागरिकता विवरणः** (ना.प्र.प.नं.-३१४१, २०४८।०६।२५, काठमाडौं)
नामः विनोद प्रसाद न्यौपाने **ठेगानाः** काठमाडौं जिल्ला, साविक तिनथाना-६ **बाबुः** केदार नाथ न्यौपाने **बाजेः** काशी नाथ न्यौपाने **नागरिकता विवरणः** (ना.प्र.प.नं.-२९१४७, २०४८।०८।१८, नुवाकोट)	हायर पर्चेज कर्जा नं.-५६७१४३४	बा. ३ च २४९७, टाटा	**नामः** सानु काजी महर्जन **ठेगानाः** काठमाडौं जिल्ला, साविक का.म.न.पा-१५, छाउनी **बाबुः** नाती महर्जन **बाजेः** नारायण महर्जन **नागरिकता विवरणः** (ना.प्र.प.नं.-२८४४/२५२०, २०३९।०६।०१, काठमाडौं)
नामः बच्चु तामाङ्ग **ठेगानाः** काभ्रे जिल्ला, साविक ठूलो पर्सेल-३ **बाबुः** कालु तामाङ्ग **बाजेः** हर्क सिंह तामाङ्ग **नागरिकता विवरणः** (ना.प्र.प.नं.- ठूलो ४२७, २०४५।०१।२८, काभ्रे)	हायर पर्चेज कर्जा नं.-५६६८७३४	बा. ३ च ४६६५, प्रा. टोयोटा कार	**नामः** मुक्तिनाथ गौतम **ठेगानाः** रामेछाप जिल्ला, साविक लखनपुर-२ **बाबुः** फौद प्रसाद गौतम **बाजेः** मनोरथ गौतम **नागरिकता विवरणः** (ना.प्र.प.नं.-७५९७, २०४५।०१।१५, रामेछाप)
नामः छत्र बहादुर रोक्का क्षेत्री **ठेगानाः** बाग्लुङ्ग जिल्ला, साविक पयौपाटा-९ घर भई हाल का.जि.का.म.न.पा. वडा नं.-१६ **बाबुः** ओम बहादुर रोक्का क्षेत्री **बाजेः** रत्न बहादुर रोक्का क्षेत्री **नागरिकता विवरणः** (ना.प्र.प.नं.-५५१६/१, २०४४।०४।१२, काठमाडौं)	हायर पर्चेज कर्जा नं.-५६२९७३४	बा.३ च ४८१३, हुण्डाई कार	**नामः** तेज करण जैन **ठेगानाः** पर्सा जिल्ला, विरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं **बाबुः** शागर मल जैन **बाजेः** भवर लाल जैन **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा)
नामः पासाङ्ग छिरिङ्ग शेर्पा **ठेगानाः** रामेछाप जिल्ला, साविक रामेछाप-७ **बाबुः** निमा नोर्बु शेर्पा **बाजेः** कुसुम शेर्पा **नागरिकता विवरणः** (ना.प्र.प.नं.-२६२८, २०४६।०५।२६, रामेछाप)	हायर पर्चेज कर्जा नं.-५६८३७३४	बा.१ ख ८३०६, टाटा भाडा ट्रक	**नामः** तेज करण जैन **ठेगानाः** पर्सा जिल्ला, विरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं **बाबुः** शागर मल जैन **बाजेः** भैरव लाल जैन **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा)
नामः लाल बहादुर सुनार **ठेगानाः** सर्लाही जिल्ला, साविक पथरकोट-१ **बाबुः** बिर बहादुर सुनार **बाजेः** सार्की लाल सुनार **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१९३०९२/१४७, २०६३।१०।०४, सर्लाही)	हायर पर्चेज कर्जा नं.-००१००००१००३४	बा.१ ज ६५५९, माइक्रो बस	**नामः** विनोद बहादुर कार्की **ठेगानाः** (ना.प्र.प.नं.-१९३०९२/१४७, २०६३।१०।०४, सर्लाही) **बाबुः** अनक बहादुर कार्की **बाजेः** दम्बर बहादुर कार्की **नागरिकता विवरणः** सर्लाही जिल्ला साविक पत्थरकोट-१
नामः राम कृष्ण पौडेल **ठेगानाः** नुवाकोट जिल्ला, विदुर-६ **बाबुः** गुण निधि पौडेल **बाजेः** माया नाथ पौडेल **नागरिकता विवरणः** (ना.प्र.प.नं.-३४८२७, २०५०।०४।२७, नुवाकोट)	हायर पर्चेज कर्जा नं.-५६७९०३४	बा.१ ज ६८०१, माईक्रोबस	**नामः** गुण बहादुर कँडेल **ठेगानाः** नुवाकोट जिल्ला, साविक नर्जा मण्डल-४ **बाबुः** बोध बहादुर कडेंल **बाजेः** टेक बहादुर कडेंल **नागरिकता विवरणः** (ना.प्र.प.नं.-६८५५, २०४५।०२।१५, नुवाकोट)
नामः संजय प्रसाद शाह **ठेगानाः** रौतहत जिल्ला, गौर-५ **बाबुः** राम आज्ञा शाह **बाजेः** श्री नारायण शाह **नागरिकता विवरणः** (ना.प्र.प.नं.-६२२, २०४७।०५।२१, रौतहट)	हायर पर्चेज कर्जा नं.-५६३१९३४	१. ना.१ च २७४१, टाटा पिकअप, २. बा.१ ज ४३०१, ट्याक्सी	**नामः** तेज करण जैन **ठेगानाः** पर्सा जिल्ला, विरगंज-१३ घर भई हाल टेकुरोड काठमाडौं **बाबुः** शागर मल जैन **बाजेः** भवर लाल जैन **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१६०३१९७५, २०४६।०३।२८, पर्सा)
नामः मोती लाल श्रेष्ठ **ठेगानाः** सर्लाही जिल्ला, साविक पत्थरकोट-३ **बाबुः** गोविन्द लाल श्रेष्ठ **बाजेः** नन्द लाल श्रेष्ठ **नागरिकता विवरणः** (ना.प्र.प.नं.-७११००३२६, २०५७।११।१७, सर्लाही)	हायर पर्चेज कर्जा नं.-००१००००१०१३४	बा.१ ज ६५५८, भाडा माइक्रो बस	**नामः** प्रेम कुमार अधिकारी **ठेगानाः** सर्लाही जिल्ला, साविक लालबन्दी-१ **बाबुः** गोपाल प्रसाद अधिकारी **बाजेः** धर्म नन्द अधिकारी **नागरिकता विवरणः** (ना.प्र.प.नं.-३०१/३३६७, २०४६।०३।०८, सर्लाही)
नामः मुक्तिनाथ गौतम **ठेगानाः** रामेछाप जिल्ला, साविक लखनपुर-२ **बाबुः** फोद प्रसाद गौतम **बाजेः** मनोरथ गौतम **नागरिकता विवरणः** (ना.प्र.प.नं.-७५९१, २०४५।०१।१५, रामेछाप)	हायर पर्चेज कर्जा नं.-००१०००००३०३४	१. बा.१ च ७०७७ कार, २. बा.१ ख ९१८१	**नामः** भुल माया गौतम **ठेगानाः** रामेछाप जिल्ला, साविक लखनपुर-२ **बाबुः** दल बहादुर खत्री **बाजेः** नर बहादर खत्री **नागरिकता विवरणः**
नामः श्रीराम रुपाखेती **ठेगानाः** धादिङ्ग जिल्ला, साविक गोगनपानी-८ **बाबुः** कुल प्रसाद रुपाखेती **बाजेः** नन्द किशोर रुपाखेती **नागरिकता विवरणः** (ना.प्र.प.नं.-७९८०, २०५२।०१।०३, धादिङ)	हायर पर्चेज कर्जा नं.-५६९८७३४	बा.१ ज ९११५	**नामः** विनोद प्रसाद न्यौपाने **ठेगानाः** काठमाडौं जिल्ला, साविक तिनथाना-६ **बाबुः** केदार नाथ न्यौपाने **बाजेः** विश्वनाथ न्यौपाने **नागरिकता विवरणः** (ना.प्र.प.नं.-२९१४७, २०४८।०८।१८, नुवाकोट)
नामः हिराकाजी बज्राचार्य **ठेगानाः** काठमाडौं जिल्ला, साविक का.म.न.पा-७, चावहिल **बाबुः** मन रत्न बज्राचार्य **बाजेः** धन रत्न बज्राचार्य **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१४९९/२२०८/४३७४/६५७२, २०३५।०६।०४, काठमाडौं)	हायर पर्चेज कर्जा नं.-५६९९६३४	बा.१ ज ८३७८, माईक्रोबस	**नामः** गुण बहादुर कडेल **ठेगानाः** नुवाकोट जिल्ला, नर्जामण्डल **बाबुः** बोध बहादुर कडेंल **बाजेः** टेक बहादुर कडेंल **नागरिकता विवरणः** (ना.प्र.प.नं.-६८५५, २०४५।०२।१५, नुवाकोट)
नामः शम्भु कुमार झा **ठेगानाः** सप्तरी जिल्ला, साविक भारदह-४ **बाबुः** दयानन्द झा **बाजेः** सूर्य नारायण झा **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१३००३१७९, २०४३।०३।२७, सप्तरी)	हायर पर्चेज कर्जा नं.-००१०००००२४३४	बा.३ च ९९६४, टाटा इण्डिका	**नामः** अरविन कुमार यादव **ठेगानाः** सप्तरी जिल्ला, देउरी भखवा-१ **बाबुः** बली प्रसाद यादव **बाजेः** रवी प्रसाद यादव **नागरिकता विवरणः** (ना.प्र.प.नं.-३४३०, २०४५।०१।२७, सप्तरी)
नामः जय राम अधिकारी **ठेगानाः** बारा जिल्ला, निजगढ-९ **बाबुः** खड्ग बहादुर अधिकारी **बाजेः** रेवती रमण अधिकारी **नागरिकता विवरणः** (ना.प्र.प.नं.-१०२२, २०५३।०७।०९, बारा)	हायर पर्चेज कर्जा नं.-५६९२९३४	बा.४ च ८२८२, मारुती प्रा.कार	**नामः** तारा बहादुर रिमाल **ठेगानाः** बारा जिल्ला, साविक निजगढ-१ **बाबुः** तेज नारायण रिमाल **बाजेः** मोती लाल रिमाल **नागरिकता विवरणः** (ना.प्र.प.नं.-८२, २०५२।१२।०१, बारा)

NSM
नेपाल शेयर मार्केट्स एण्ड फाईनान्स लि.
रामशाहपथ, काठमाडौं
फोन नं. ०१-५३५२३३२, ५३५२३३२

इजलासमा...

पृष्ठ १ बाट क्रमशः

घिमिरेमाथिको मुद्दाले न्याय क्षेत्रमा हुने नियुक्तिको चलखेल उजागर गरेकै वेला गण्डकी मुख्यमन्त्रीले दिएको अभिव्यक्ति झनै अर्थपूर्ण थियो। 'न्यायाधीशको अनुहार दलजस्तो देखिने' मुख्यमन्त्री पाण्डेको टिप्पणीले सार्वजनिक बहस खुला गरेको छ। २४ मंसिरमा बारको केन्द्रीय कार्यकारिणी बैठकमा पाण्डेले न्यायाधीशहरूमा पार्टीको अनुहार देखेको बताएका थिए।

'यो वर्ष पहिलो पटक अदालत जाने सौभाग्य मिल्यो। तल बसेर माथि बेन्चतिर हेर्दा कहीँ न कहीँ न्यायाधीशहरूमा झलझली पार्टीको अनुहार देखिने रहेछ। म आफैँ पनि राजनीतिकर्मी, तल बसेर माथितिर हेर्दा दल-दलजस्तो देखिने,' उनले भने, 'न्याय सम्पादनलाई कानुन र संविधानले निर्देश गर्छ। त्यसो हो भने एउटै प्रकृतिको मुद्दामा कोशीतिर एउटा न्याय, गण्डकीतिर अर्को न्याय र सुदूरपश्चिमतिर त्यो पनि हराउने न्याय हुन्छ ? न्याय सम्पादन स्वविवेकीय अधिकार होइन।'

३० बुँदे पोखरा घोषणापत्र जारी गर्दै २५ मंसिरमा नेपाल बार एसोसिएसनको कार्यकारिणी बैठक सकिएको थियो। उद्घाटनमा पाण्डेले न्यायाधीश नियुक्त हुनुअघि दलसँग आबद्धताका विषयले गर्दा न्यायाधीश नियुक्ति प्रक्रियामा सुधार गर्नुपर्ने बताएका थिए।

गण्डकीको सरकार गठनको विवादमा सर्वोच्च अदालतबाट भएका फरक-फरक फैसलाबारे उनको कठोर टिप्पणी थियो। 'न्याय सम्पादनलाई नेपालको कानुन र संविधानले निर्देश गर्छ। न्याय सम्पादन संविधान र कानुनले निर्देश गर्नुपर्ने हो भने एउटै प्रकृतिको मुद्दामा कोशीतिर एउटा न्याय, गण्डकीतिर अर्को न्याय र सुदूरपश्चिमतिर त्यो पनि हराउने न्याय हुन्छ ?' उनले प्रश्न उठाउँदै भनेका थिए, 'त्यसैले आज म प्रस्टताका साथ भन्छु, न्याय सम्पादन स्वविवेकीय अधिकार होइन। संविधान र कानुनले निर्देश गर्छ।'

गण्डकीमा सरकार गठनका क्रममा आएको विवाद सर्वोच्च प्रवेश गरेको थियो। यसमा सर्वोच्चबाट फैसला भएका छन्। अन्य प्रदेशको उस्तै प्रकृतिको विवादमा फरक फैसला आएको भन्दै उनले यी मुद्दाको सुनुवाइका क्रममा अदालत जाँदा न्यायाधीशमा पार्टीको अनुहार देखेको बताएका हुन्।

उनले प्रस्ट नभने पनि न्यायाधीश नियुक्तिमा हुने दलीय भागबन्डाले न्यायिक प्रक्रिया खलबलिएको जनाउ दिएका थिए। त्यसो त न्यायाधीश नियुक्तिमा दलीय भागबन्डा नौलो विषयचाहिँ होइन। बारले पटक-पटक विभिन्न फोरमबाट योग्यलाई मात्र न्याय सम्पादनको स्थानमा राख्न र राजनीतिक प्रभावका आधारमा नियुक्ति नगर्न सम्बद्ध निकायको ध्यानाकर्षण गराउँदै आएको छ। तर, राजनीतिक नेतृत्वले अरूका आवाज सुनेको छैन।

गत वर्ष असोजमा भएको न्यायपरिषद् नियमावली संशोधन खारेजीपछि मात्र न्यायाधीश नियुक्ति हुनुपर्ने माग बारले गरेको थियो। तर, सर्वोच्चका दुई न्यायाधीश नियुक्तिको सिफारिस परिषद्ले गरेपछि बार अध्यक्षले 'लेनदेन मिलाउन' न्यायाधीश नियुक्ति गरेको अभिव्यक्ति दिएका थिए। यसैकारण घिमिरेमाथि सर्वोच्चले अवहेलना मुद्दा चलाएको हो। सर्वोच्चमा ६ न्यायधीशको पद रिक्त भए भने प्रधानन्यायाधीशले अवकाश लिनुअगाडि दुईको नियुक्ति अगाडि बढाएका थिए।

बारले जारी गरेको पोखरा घोषणापत्रमा बार अध्यक्ष वरिष्ठ अधिवक्ता घिमिरेमाथिको मुद्दा खारेज हुनुपर्ने माग छ। यसमा गण्डकीका मुख्यमन्त्रीले बारको पक्षमा बोले। मुद्दा चल्नुलाई निरंकुश र स्वेच्छाचारी भनी टिप्पणी गरे। 'कतिसम्म बोल्न मिल्ने र कति नमिल्ने हो, म कानुनको विद्यार्थी होइन। तर, स्वेच्छाचारी शासन र निरंकुश शासनलाई हामीले बिदा गरिसकेको हो,' उनले बार अध्यक्षको प्रसंग कोट्याउँदै भने, 'त्यसैले कसैले अहिले आएर स्वेच्छाचारी र निरंकुश बन्छु भनेर कल्पना गर्छ भने त्यो असान्दर्भिक हुन्छ। चाहे त्यो बारको सन्दर्भमा होस् वा न्यायालयको सन्दर्भमा होस्।'

राजनीतिकर्मीले हेक्का राखेको भन्दै उनले अब बार र बेन्चले पनि हेक्का राख्नुपर्ने उनको भनाइ थियो। गण्डकीका मुख्यमन्त्री पाण्डेले बार-बेन्च सम्बन्ध सुमधुर बनाउनसमेत आग्रह गरे। 'कुनै टकराव छ भने बार र न्यायालयको नेतृत्वले निरूपण गर्नुपर्छ। ठुलो वा अहंको भावना लिएर हिँड्यो भने निश्चित गन्तव्यमा पुग्न सकिँदैन। न्याय सम्पादन गर्नेले अहमता त्याग्नुपर्छ,' उनले भने।

साझा सवालको अंक ४९७ मा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले न्यायाधीश नियुक्तिको विषयमा बोलेकी थिइन्। न्यायपरिषद्मा दलका प्रतिनिधि रहने गरेको र न्यायाधीश नियुक्तिको सूची उनीहरूसँग हुने गरेको उनको भनाइ थियो। तत्कालीन कानुनमन्त्रीबारे उनले भनेकी थिइन्, 'न्यायाधीश नियुक्तिका लागि दलहरूका लिस्ट बोक्ने उनीहरूकै प्रतिनिधि छन्। बरु, मैले यस विषयमा लेखक (रमेश)सँग झगडा नै गरेँ। उहाँ आउनुभयो र भन्नुभयो- हाम्रो पार्टी(कांग्रेस)का यति जना लिइदिनु भएन भने त हाम्रो पार्टीमा ठुलो बुमर्‍याङ आउँछ। मैले भनेँ, 'तपाईंको पार्टीको भर्तीकेन्द्र होइन अदालत। यो त सम्भव नहुने कुरा हो।' दलका प्रतिनिधि पुरै सूची बोकेर बसेका थिए, उनीहरूको कामै त्यही हो। बार पनि अपार छ, त्यहाँ राजनीतिबाहेक केही हुँदैन।'

न्यायाधीश नियुक्तिको सूची नै न्यायपरिषद् सदस्यसँग र कानुनमन्त्रीसँग हुने गरेको परिषद्की पूर्वअध्यक्ष कार्कीको अनुभव छ। आफ्ना मान्छे नियुक्ति हुने अवस्था नदेख्दा परिषद् बैठकमै नआउने घटना पनि उनी सुनाउँछिन्।

प्रधानन्यायाधीश दामोदरप्रसाद शर्माको पालामा तत्कालीन पुनरावेदन अदालतमा नियुक्त न्यायाधीशहरू एमाले मुख्यालय गएको विषय न्याय क्षेत्रमा तरंग ल्याउने घटना थियो। न्यायाधीशहरू शपथपछि कृतज्ञता व्यक्त गर्न पार्टी कार्यालय नै पुगेका थिए। जसमा मनोज शर्मा, नीलम पौडेल, यमुना भट्टराई, जगन्नाथ महतो, श्रवणकुमार गौतम, केशव जोशी, हरिप्रसाद भण्डारी, रमेश थापा, राजेश्वर तिवारी र रमेशराज भण्डारी थिए। यो विषय विवादमा आयो, तर न्यायपरिषद्ले कुनै कारबाही गर्न सकेन। न्यायाधीश शर्मा तत्कालीन प्रधानन्यायाधीश शर्माका आफ्नै भतिज हुन्। उनी पुनरावेदन अदालतका अतिरिक्त न्यायाधीश हुँदै चोलेन्द्रशमशेर जबराका पालामा सर्वोच्च ल्याइएका हुन्।

सर्वोच्चको न्यायाधीशमा कुमार रेग्मीको नियुक्ति हुँदा नेपाल बारबाट नै विरोध भएको थियो। उनी निकै जुनियर भएको तथा उनीसँग सर्वोच्चको न्यायाधीश बन्ने योग्यता नरहेको बारको भनाइ थियो। रेग्मी सक्रिय राजनीतिमा संलग्न भएकाले पनि उनलाई सर्वोच्चको न्यायाधीश बनाउँदा न्यायवृत्तको विरोध थियो। उनी कांग्रेसका १३औँ महाधिवेशनमा प्रतिनिधि थिए भने पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाका निकट मानिन्थे।

यसैगरी, भावी प्रधानन्यायाधीशको लाइनमा रहेकी सर्वोच्चको न्यायाधीश सपना प्रधान मल्लसँग त व्यवस्थापिकाको पनि अनुभव छ। उनी एमालेबाट समानुपातिकतर्फ सभासद् भइसकेकी हुन्। संविधान निर्माणमा सहभागी भइसकेकी उनलाई पनि प्रधानन्यायाधीश बनाउने गरी ल्याइएको भन्दै न्यायवृत्तले विरोध गरेको थियो। न्यायाधीश नियुक्तपूर्व उनी विभिन्न गैरसरकारी संस्थामा पनि आबद्ध थिइन्।

पूर्वमहान्यायाधिवक्ता हरि फुयाँल कानुनमन्त्री भानुभक्त ढकालको पालामा सर्वोच्च प्रवेश गरेका थिए। विद्यार्थीकालमा पनि फुयाँल एमालेनिकट विद्यार्थी संगठनमा आबद्ध थिए। एमालेकै पेसागत इलाका कमिटीको नेतृत्व गरेका थिए। उनी जिल्ला कमिटी सदस्यसमेत भएका थिए। उनी कानुन व्यवसायीको संस्था प्रगतिशील पेसागत कानुन व्यवसायीका संस्थापक महासचिव हुन्। उनी प्रधानमन्त्री केपी ओलीका विश्वासपात्रका रूपमा समेत चिनिन्थे। उनी भावी प्रधानन्यायाधीशको लाइनमा छन्।

ओलीनिकट नै मानिने र फुयाँलभैँ महान्यायाधिवक्ता भइसकेका अर्का न्यायाधीश न्यायालयको नेतृत्व गरेर हालै सेवानिवृत्त भएका छन्। सर्वोच्चका प्रधानन्यायाधीश भई सेवानिवृत्त भइसकेका हरिकृष्ण कार्की पनि महान्यायाधिवक्ता भइसकेका हुन् भने सो पदमा हुँदै उनी न्यायाधीशमा सिफारिस भएका थिए। यसबखत महान्यायाधिवक्ता पदलाई न्यायाधीश नियुक्तिको भऱ्याङजसरी प्रयोग गरिएको भनी बारसमेतले विरोध गरेको थियो।

हालका प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत सर्वोच्च बारका सचिव र अध्यक्ष भइसकेका हुन्। उनी डेमोक्रेटिक प्यानलबाट विजयी भएका थिए। पछिल्लोपटक नियुक्त भएका सुनिलकुमार पोखरेल र बालकृष्ण ढकाल क्रमशः कांग्रेस र एमालेनिकट कोटाबाट आएको आरोप छ। उच्चमा आई सर्वोच्च प्रवेश गरेकाहरूको पनि राजनीतिक पृष्ठभूमि हुने गरेको छ। यद्यपि, उच्चबाट आउँदा त्यसले भने खासै चर्चा पाउँदैन। उच्च हुँदै आएकाहरू पनि विगतमा कुनै न कुनै विचारधारासँग आबद्ध नै हुन्छन्।

सर्वोच्चकै एक पूर्वन्यायाधीशका भनाइमा दलीय झुकाव प्रत्येक नागरिकमा स्वाभाविक हो। तर, पदमा गइसकेपछि त्यो देखिनुहुँदैन। कानुन व्यवसायी मात्र नभई कर्मचारी पनि कुनै न कुनै हिसाबले राजनीतिक वा शक्तिकेन्द्रनिकट हुने र त्यसैका आधारमा न्यायाधीशमा नियुक्त हुने गरेको उनी बताउँछन्।

'कानुन व्यवसायीहरूको संगठन छ, कर्मचारीहरूको संगठन छ। यी सबै कतै न कतै कुनै न कुनै तरिकाले अमुक दलनिकट छन्,' ती पूर्वन्यायाधीशले भने, 'तर, आदेश वा फैसलामा त्यो प्रतिविम्बित हुनुभएन। अदालतलाई बजेट सरकारले दिने हो। कानुनमन्त्री न्यायाधीश नियुक्त सिफारिस गर्ने ठाउँमा प्रधानन्यायाधीश र वरिष्ठतम न्यायाधीशसँगै हुन्छन्। कोही न्यायधीशको निकटता वा आबद्धता स्वाभाविक भए पनि न्याय सम्पादनमा त्यो झल्को दिन हुँदैन र न्यायाधीशले पदीय मर्यादा बिर्सन हुँदैन।'

न्यायाधीश नियुक्तिको विषय हरिकृष्ण कार्की न्यायालय सुधारसम्बन्धी प्रतिवेदनमा पनि उल्लेख छ। नातावाद, कृपावाद, संरक्षणवाद, भागबन्डाका अधारमा नियुक्तिको सिफारिस गर्ने परिपाटीका कारण कुशल, इमानदार र पेसागत व्यक्तिको नियुक्ति नहुने गरेको प्रतिवेदनले औँल्याएको छ। 'राजनीतिक हस्तक्षेपका कारण सिफारिस हुने गरेका र आर्थिक चलखेलले समेत प्रश्रय पाउने गरेको भन्ने विषयले स्थान पाएको देखिन आएको छ,' प्रतिवेदनमा छ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको भनाइमा चर्चित र ठुला मुद्दामा कतिपय अवस्थामा न्यायाधीश प्रभावित भएका पनि हुन्छन्। तर, सर्वसाधारण र सर्वोच्चबाहेकका अदालतबाट भएका फैसलामा प्रभावित भए पनि देखिँदैन। राज्यका सबै अंगहरू दलीयकरणतर्फ गएको भन्दै उनले मुख्य दलहरू न्यायालय स्वतन्त्र राख्न दृढ नभएको बताउँछन्।

'राजनीतिक भागबन्डा राज्यका सबै अंगहरूमा छ। बौद्धिक संगठनहरूमा पनि छ। मुख्य तीन दलमै न्यायालयलाई स्वतन्त्र राख्नुपर्छ भन्ने नै छैन। निकटभन्दा पनि योग्य छान्नुपर्छ भन्ने छैन। समर्थकलाई न्यायाधीश बनाउने र उसबाट आफ्नो दलविरुद्ध अनि आफ्ना मान्छेविरुद्ध मुद्दा पर्दा सहयोग पाइन्छ भन्ने मानसिकता छ,' कार्की भन्छन्, 'निष्पक्ष र स्वतन्त्रलाई ल्यायो भने आफूले भनेअनुसार काम हुँदैन भन्ने डर छ। अदालत स्वतन्त्र भयो भने आफ्नै खुट्टामा बन्चरो हानेजस्तो हुन्छ। चर्चित र ठुला मुद्दामा दलनिकट न्यायाधीश प्रभावित भए भन्ने त देखिन्छ, सर्वसाधारणका मुद्दामा र जिल्ला अनि उच्चका मुद्दामा प्रभाव परेको हो-होइन त थाहा पनि हुँदैन।'

वरिष्ठ अधिवक्ता तथा सर्वोच्च अदालत बार एसोसिएसनका पूर्वसदस्य सुरेन्द्र महतोका अनुसार बारभित्रै पनि राजनीति छ। तर, सक्रिय राजनीतिमा रहेकाहरूलाई ल्याउँदा उनीहरूको राम्रै आदेश वा फैसलाले सशंकित बनाउने गरेको छ। उनी नियुक्ति प्रक्रियामा ध्यान दिनुपर्ने बताउँछन्। 'बार आफैँ पनि दलभन्दा बाहिर त होइन, दलनिकट कानुन व्यवसायी हुन्छन्। न्यायाधीश नियुक्तिमा विगतका केही दृष्टान्त हेर्ने हो भने न्यायालय दलीयकरणतिर गएजस्तो देखिन्छ। यसबाट केही के जेसमा प्रभावित भएर फैसला वा आदेश गरेका पनि देखिन्छ,' उनी भन्छन्, 'न्यायालय भनेको विश्वासमा टिकेको संस्था हो, यस्तोमा राम्रै वा स्वाभाविक फैसला भए पनि प्रभावित भएकोजस्तो देखिन सक्छ। न्यायाधीशहरूको योग्यतामा प्रश्न गरेको होइन। तर, दलमार्फत न्यायाधीश नियुक्तिको दबाब जानुहुँदैन। नेता वा दललाई भऱ्याङ बनाएर जानुभएन। दलको कार्यकर्ता, कोर टिममा बसेर काम गरेको, चुनाव लडेको र सक्रिय राजनीतिमा लागेको मान्छेलाई नियुक्त नगरेको वेश। यसमा नियुक्ति सिफारिस गर्ने संस्था सचेत हुनुपर्छ।'

यस्तै धारणा राख्छन् न्यायपरिषद्का निवर्तमान सदस्य वरिष्ठ अधिवक्ता रामप्रसाद श्रेष्ठ। उनको अनुभवमा परिषद् सदस्यका रूपमा कानुनमन्त्रीको पदले नै भागबन्डाको आशंका जगाउँछ। 'मैले पहिलादेखि नै भन्दै आएको के हो भने परिषद्मा कानुनमन्त्रीको आवश्यकता नै छैन। उनको भागबन्डा खोज्नेबाहेकको काम हुँदैन। राजनीतिक भागबन्डा हुनुहुँदैन भन्दै गर्दा राजनीतिलाई इग्नोर गर्न सकिँदैन। कांग्रेस, एमाले वा माओवादीको छ भन्दैमा राम्रा मान्छेलाई इग्नोर गर्नुहुँदैन,' उनले भने, 'पार्टीका मान्छेले भनेर मान्ने होइन, तर विवेक नपुऱ्याई नियुक्ति सिफारिस गर्नुहुँदैन।' कसैको दबाब वा प्रभाव नभई आफ्नो विवेक र निष्पक्ष भई नियुक्ति सिफारिस गरेको उनको दाबी छ।

पूर्वकानुनमन्त्री पदम गिरी परिषद्मा कानुनी क्षेत्रका जानकारहरूको बाहुल्य हुने भएकाले त्यहाँबाट गलत निर्णय नहुने दाबी गर्छन्। 'न्यायाधीश नियुक्ति गर्ने परिषद् एउटा महत्त्वपूर्ण निकाय भएकाले यसलाई स्वतन्त्र, मर्यादित र निष्पक्ष ढंगले काम गर्न दिनुपर्छ। नेतृत्व प्रधानन्यायाधीशको हुने भएकाले र वरिष्ठतम न्यायाधीश तथा कानुन वृत्तका सदस्यहरू पनि हुने भएकाले एक सदस्यकै कारण सरकारको स्वार्थअनुकूल निर्णय गर्छ भन्ने हुँदैन,' उनी भन्छन्, 'सरकार र बारबाट सदस्य पठाउँदा निष्पक्षता कायम गर्न सक्ने गरिमा राख्न सक्ने र जिम्मेवारीबोध भएका काम गर्न सक्ने पात्र पठाउनुपर्छ। नत्र परिषद्को नियुक्ति र अन्य कामकारबाहीमा गलत प्रभाव पर्न सक्ने हुन्छ। मेरो कार्यकालमा पनि परिषद् अध्यक्षको प्रस्तावमा स्वतन्त्र ढंगले नियुक्तिहरू निष्कर्षमा पुगेका थिए।'

अर्का पूर्वकानुनमन्त्री अजयशंकर नायक दलमा सक्रिय मान्छेलाई कहिल्यै न्यायाधीश नबनाइएको दाबी गर्छन्। 'राजनीतिक दल र ती दलका भ्रातृ संगठन तथा निकट पेसागत संघसंगठन भनेका फरक हुन्। दलमा सक्रिय मान्छेलाई कहिल्यै न्यायाधीश नियुक्ति गरिएको हुँदैन, त्यसैले दलीयकरण भन्नु उपयुक्त हुँदैन,' उनी भन्छन्, 'न्यायाधीश नियुक्ति गर्दा योग्यतम, राष्ट्र र नागरिकप्रति जवाफदेही अनि निष्पक्ष हेर्ने गरिन्छ। विचारधारा निकट हुनुभन्दा पनि पात्र कस्तो छनोट गरिन्छ भन्ने महत्त्वपूर्ण हो। न्याय सम्पादनमा राम्रो गर्ने मान्छे नियुक्त गर्ने हो, अयोग्य छनोट गर्नुचाहिँ गलत हो। लेनदेनका हिसाबले मान्छे आउनुभएन। दल भन्नेबित्तिकै बदनाम गरिहाल्ने र निराश भइहाल्ने भन्ने हुँदैन।'

कति न्यायाधीश रिक्त ?

मंसिर तेस्रो सातासम्मको अभिलेखअनुसार देशभरका जिल्ला अदालतहरूमा २८७ न्यायाधीश हुनुपर्नेमा पाँचजनाको नियुक्ति हुन सकेको छैन। यसैगरी, उच्चमा १६० न्यायाधीशको दरबन्दी रहेकोमा १८ पद रिक्त छन्। सर्वोच्चमा भने २१ मध्ये १७ न्यायाधीश मात्र कार्यरत छन्। त्यहाँ चारजनाको नियुक्ति हुन बाँकी नै छ।

बढ्यो...

पृष्ठ १ बाट क्रमशः

अपराधसँग सम्बन्धित मुद्दा दर्ता संख्या झन्डै तीन प्रतिशतले बढेको बताए। 'मुलुकभर अपराध बढेकोजस्तो देखिन्छ। प्रहरी कार्यालयमा दर्ता भएका मुद्दा संख्या विश्लेषणले यही देखाउँछ,' उनले भने।

प्रहरीको तथ्यांकअनुसार मुलुकभर प्रत्येक दिन १६२.४ मुद्दा प्रहरी कार्यालयमा दर्ता हुने गर्छन्। जसमध्ये सबैभन्दा धेरै बैंकिङ कसुरसँग सम्बन्धित छन्। तथ्यांकअनुसार चालू आवको चार महिनामा मुलुकभर बैंकिङ कसुरसँग सम्बन्धित मुद्दा मात्रै चार हजार ३५९ दर्ता भएका छन्। यो दर्ता भएको कुल अपराध संख्याको २२.३५ प्रतिशत हो। त्यस्तै, यस अवधिमा सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकतासँग सम्बन्धित मुद्दा तीन हजार १४४ वटा दर्ता भए। यो कुल संख्याको १६.१२ प्रतिशत हो। यस अवधिमा आत्महत्यासँग सम्बन्धित मुद्दा दुई हजार २३६ दर्ता भएका छन्। यो कुल संख्याको ११.४६ प्रतिशत हो। त्यसबाहेक लागुऔषधसँग सम्बन्धित मुद्दा एक हजार ६१९, चोरीका एक हजार २४२, करणीका ८२३, ठगी तथा आपराधिक लाभका ६१८, सवारी ज्यानका ५७० र ज्यान मार्ने उद्योगका ३८२ मुद्दा दर्ता भए।

सीमावर्ती...

पृष्ठ १ बाट क्रमशः

रूपमा अघि बढाएको छ। जिम्मेवारी ठुलो दिए पनि अधिकार र स्रोतसाधन नभएको गुनासो सशस्त्र प्रहरी अधिकारीले गर्दै आएका छन्। सशस्त्रका अवकाशप्राप्त एआइजी रविराज थापा लामो समयदेखि सीमा सुरक्षामा खटिएको सशस्त्रलाई अधिकार दिन भने ढिला भइसकेको बताउँछन्। इन्टेलिजेन्समा आधारित सीमा सुरक्षामा सशस्त्रलाई खटाउनुपर्ने उनको जोड छ। नेपाल प्रहरीका अवकाशप्राप्त एआइजी राजेन्द्रसिंह भण्डारी अर्धसैन्य संगठनलाई अपराध नियन्त्रणतर्फ थप अधिकार दिँदा प्रहरीसँगको समन्वय र मानव अधिकारको विषयलाई ख्याल गर्नुपर्ने बताउँछन्। यसरी थप अधिकार दिँदा प्रहरीलगायत निकायसँगको समन्वयलाई पनि ध्यान दिनुपर्नेमा पूर्वएआइजी भण्डारीको जोड छ। १० वर्षअघि सरकारले सशस्त्रलाई पक्राउ पुर्जी दिएरै नियन्त्रणमा लिने अधिकार दिएपछि दुई संगठनभित्र सम्बन्ध चिसिएको थियो। तर, अहिले सरकारले दुवै निकायसँग छलफल गरेर समन्वयमा समस्या नहुने गरी नयाँ ऐन अघि बढाएको गृह मन्त्रालयका अधिकारी बताउँछन्। सुरक्षाविद् नारायण अधिकारी कार्यविभाजन र सहकार्य सुनिश्चित गरेर सशस्त्रलाई अधिकार थप्नुपर्ने बताउँछन्।

नीतिगत...

पृष्ठ १ बाट क्रमशः

बताए। प्रधानमन्त्रीको सचिवालयले पनि राज्य व्यवस्था समितिका सत्तापक्ष (कांग्रेस-एमाले) सदस्यहरूलाई बिहान १० बजे आमन्त्रण गरिएको अनौपचारिक रूपमा पुष्टि गरेको छ। व्यक्तिगत लाभका लागि भएका निर्णय अख्तियारले हेर्न पाउने गरी परिभाषा तय, बेनामे उजुरी दिन पाउने व्यवस्था यथावत् र भ्रष्टाचार मुद्दामा पाँचवर्षे हदम्याद हटाउने समितिको निर्णयमा प्रधानमन्त्री असन्तुष्ट देखिएको समितिका एक सदस्यले बताए।

उपसमितिले बुधबार दुवै विधेयकको प्रतिवेदन समितिमा पेस गरेको छ। समितिले अनुमोदन गर्नुअघि प्रधानमन्त्रीले सत्तापक्ष सदस्यलाई निवासमा बोलाउनु अस्वाभाविक रहेको एक सदस्यले बताए। उपसमितिको प्रतिवेदन पेस गर्ने क्रममै संयोजक हृदयराम थानीले विभिन्न दबाब आएको भन्दै खुट्टा नकमाउन सभापति खतिवडालाई अनुरोध गरेका थिए। दह्रो खुट्टा टेकेर उपसमितिको निर्णय पास गराउने थानीले भनेका थिए। जवाफमा सभापति खतिवडाले दुवै विधेयकको प्रतिवेदन समितिमा राखेर छलफल गरेर अघि बढ्ने प्रतिबद्धता जनाएका थिए।

उपसमिति संयोजक थानीले समितिमै उच्च राजनीतिक नेतृत्वको दबाब रहेको संकेत गरेको केही घण्टा नबित्दै प्रधानमन्त्रीले समिति सभापति खतिवडासहित सत्तापक्ष सदस्यहरूलाई निवासमै बोलाउनुलाई शंकाको दृष्टिले हेरिएको छ।

कांग्रेस महामन्त्री गगन थापाले भ्रष्टाचार मुद्दामा पाँचवर्षे हदम्याद हटाउनुपर्ने धारणाा राखेपछि गृहमन्त्री रमेश लेखकले हदम्याद हटाउन समितिलाई अनुरोध गरेका थिए। त्यस्तै, नीतिगत निर्णयको दुरुपयोग भएको भन्दै परिभाषा तोक्नैपर्ने ताकेता पनि गृहमन्त्री लेखकले नै समितिमा गरेका थिए। ३० कात्तिकको समिति बैठकमा लेखकले राष्ट्रिय/अन्तर्राष्ट्रिय अभ्यास हेरेर, विज्ञका रायको आधारमा नीतिगत निर्णयको परिभाषा तोक्न भनेका थिए। सोही आधारमा उपसमितिले कानुनबमोजिम सामूहिक तथा आमनागरिकका लागि हुने निर्णयबाहेक निश्चित व्यक्ति र संस्थाको लाभमा हुने निर्णय भ्रष्टाचार हुने र अख्तियारको दायरामा आउने कानुनी व्यवस्था गरेको छ। तर, यसबारे प्रधानमन्त्री ओलीलाई थाहा नभएको स्रोतले बतायो।

श्री तान्द्यो नेवाः जातीय सांस्कृतिक पहिचान संग्रहालयको अनुरोध !

मखनटोल सिंह दुपाटस्थित **श्री तानादेवी (तारिणी भवानी) संरक्षण समितिको** संरक्षकत्वमा मन्दिर परिसरमा निर्माण भइरहेको संग्रहालयमा नेवार जातिको जन्मदेखि मृत्युसम्मका नेवारी सांस्कृतिक पहिचानहरूको सामग्री राखिने योजना रहेको हुँदा कुनै महानुभावहरूसँग त्यस्ता कुनै सामग्रीहरू भए संग्रहालयलाई प्रदान गर्नुहुन र सम्बन्धित विषयका विद्वानहरूसँग यससम्बन्धी सुझाव, सल्लाहका लागि समेत हार्दिक अनुरोध गर्दछौं।

सम्पर्क (कार्यालय)
फोन : ०१५९१४१२३
मोबाइलः ९८४३६७४९९१

विनित
भुवनलाल श्रेष्ठ
अध्यक्ष एवं संयोजक
श्री तान्द्यो नेवाः जातीय सांस्कृतिक पहिचान संग्रहालय

कांग्रेस सदस्यता वितरण सुस्त

समिति बन्यो, तर औपचारिक बैठकसमेत बस्न सकेन



● **मीन विश्वकर्मा**
प्रमुख, कांग्रेस प्रचार विभाग

सदस्यता वितरण र नवीकरणसम्बन्धी कामका लागि महामन्त्री संयोजकत्वको समितिले काम गरिरहेको छ। जति हुनुपर्ने हो त्यो गतिमा काम हुन सकेको छैन। ०८२ मंसिरभित्र महाधिवेशन हुन्छ कि हुँदैन भनेर आशंका गर्नुभन्दा समयमै गर्न सहयोगको वातावरण बनाउनुपर्छ। ०८१ भित्र सदस्यताको काम सकियो भने ०८२ मा महाधिवेशन गर्न सम्भव हुन्छ।



कहिले के भयो ?

- २ **साउन** ०७९ : सदस्यता व्यवस्थापन समिति संयोजकमा महामन्त्री गगन थापालाई जिम्मेवारी
- २ **साउन** ०८० : केन्द्रीय समिति बैठकमा अनलाइन सदस्यता वितरणको प्रस्ताव
- २१ **असार** ०८० : जिल्ला सभापतिहरूको भेला बोलाएर सदस्यता वितरण गर्न निर्देशन
- १४ **कात्तिक** ०८१ : सीता गुरुङ, योगेन्द्र चौधरी र प्रकाश रसाइली स्नेही सदस्य मनोनीत

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

सत्तारूढ कांग्रेसमा १५औँ महाधिवेशनको चर्चा-परिचर्चा सुरु भएको छ। सामान्यतः ०८२ मंसिरमा नियमित महाधिवेशन हुनुपर्ने हो, तर सदस्यता वितरणको टुंगो अझै नलागेकाले अबको वर्ष दिनभित्रै कांग्रेस महाधिवेशन हुनेमै आशंका उब्जिएको छ। कांग्रेसले न सदस्यता नवीकरणलाई तीव्र बनाउन सकेको छ, न नयाँ सदस्यता वितरण नै। जसकारण ०८२ मंसिरभित्र हुनुपर्ने महाधिवेशनमा ढिलाइको सम्भावना बढाएको छ। यसलाई लिएर संस्थापनइतर समूहले शंका-उपशंका गर्न थालिसकेको छ।

कांग्रेसमा सदस्यताको विषय टुंगो लगाउन २ साउन ०७९ मा महामन्त्री गगन थापालाई जिम्मेवारी दिइएको थियो। तर, लामो समयसम्म सदस्यहरू मनोनीत नहुँदा अपूर्ण समितिले सोचेअनुसार गतिविधि बढाउन सकेन। गत १४ कात्तिकमा सीता गुरुङ, योगेन्द्र चौधरी र प्रकाश रसाइली स्नेही सदस्य मनोनीत भए पनि डेढ महिनासम्म समितिको औपचारिक बैठकसमेत बस्न बसेको छैन। समिति सदस्य चौधरी हालसम्म सदस्यता वितरण र नवीकरणको काम उपलब्धिमूलक हुन नसकेको स्विकार्छन्। बिहीबार समितिको पहिलो औपचारिक बैठक बस्न लागेको र बैठकसँगै आवश्यक योजना तय गरेर अघि बढ्ने उनको भनाइ छ।

'समितिले पूर्णता पाएपछि तीन साताअघि एकपटक मात्रै अनौपचारिक बैठक बस्यो। अब बिहीबार पहिलो औपचारिक बैठक बस्दै छ। बैठकमा सदस्यता वितरणको समग्र अवस्थाबारे तथ्यांकसहित छलफल हुन्छ। सोहीअनुसार जिम्मेवारी बाँडफाँट गरेर अगाडि बढ्छौं,' उनले भने, 'नवीकरणका लागि केन्द्रले विधानको व्यवस्थाअनुसार जिल्ला कार्यसमितिलाई पठाएको छ। जिल्ला हुँदै तल्लो तहसम्म पुगेको छ। कतिपय विवादका कारण सदस्यता नवीकरण हुन सकेको स्थिति छैन। नवीकरण नहुँदा नयाँ क्रियाशील सदस्यता वितरण प्रायः ठप्प छ। डिजिटल साधारण सदस्यता वितरणको अभ्यास भइरहेको छ। यसलाई तल्लो तहसम्म कसरी सहज बनाउने भन्ने विषयमा प्राविधिकहरूसँग परामर्श गरेर अगाडि बढ्छौं।'

कांग्रेसको तथ्यांकअनुसार १४औँ महाधिवेशनमा आठ लाख ६९ हजार ५५१ क्रियाशील सदस्य छन्। साधारण सदस्यको एकीकृत विवरण कांग्रेससँग छैन। कांग्रेसले १४औँ महाधिवेशनपछि सदस्यता वितरणलाई समयानुकूल परिवर्तनको प्रयास अघि बढाएको थियो। कांग्रेस विधानमा क्रियाशील र साधारण सदस्य गरी दुई प्रकारका सदस्यता रहने व्यवस्था छ। महाधिवेशनपछि २-१० साउन ०८० मा बसेको केन्द्रीय कार्यसमिति बैठकमा अनलाइन सदस्यता वितरण गर्ने, डिजिटल अभिलेख राख्ने र एक वर्षमा सात लाख नयाँ सदस्य थप्ने योजना प्रस्ताव भयो। तर, डिजिटल सदस्यताको विषयमा पनि कांग्रेसमा पुराना र नयाँ पुस्ताबिच मतभेद छ। पुराना पुस्ताका नेताहरू कांग्रेसको सदस्यतालाई अनलाइनमार्फत वितरण गरेर सस्तो बनाउने नहुने भन्दै असन्तुष्ट छन्। नयाँ पुस्ता डिजिटलको पक्षमा छन्। यस कारण पनि अपेक्षाअनुसार परिणाम आउन नसकेको नेताहरूको भनाइ छ।

पछिल्लो समय सदस्यता वितरणमा भएका ढिलाइको विषय कांग्रेसको संस्थापन र इतर समूहबिच आरोप-प्रत्यारोप चल्न थालेको छ। सदस्यता वितरण ढिलाइलाई लिएर शेखर कोइराला समूहले आगामी महाधिवेशनको तयारीको एजेन्डाका रूपमा अगाडि बढाएको छ। कोइरालानिकट नेता गुरुराज घिमिरे सदस्यता वितरण र नवीकरणमा भएको ढिलाइले महाधिवेशन समयमै नहुने आशंकालाई मलजल गरिररहेको बताउँछन्। 'सदस्यता वितरणमा भएको ढिलाइलगायतले प्रारम्भिक गतिविधि अघि बढेको छैन। जसकारण महाधिवेशनका लागि सांगठनिक पूर्वाधार बन्ने अवस्था देखिँदैन। यसले महाधिवेशन ढिला हुने आधार तयार गरिरहेको आशंका छ,' उनले भने, 'सदस्यता वितरण कहिलेदेखि सुरु गर्ने भन्ने कार्यतालिका बनाएर काम सुरु हुनुपर्छ। त्यसकै लागि दबाबको अभियान थालेका छौं।'

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्मा महाधिवेशनको पूर्वसर्त मानिने सदस्यताको काम सुस्त बनेको स्विकार्छन्। त्यसको असर महाधिवेशनको तयारीमा पर्ने भएकाले पार्टीमा सबैको सहयोग आवश्यक रहेको उनको भनाइ छ। सदस्यता वितरण र नवीकरणमा पार्टीको अर्को समूहको असहयोग रहेको उनको आरोप छ। 'सदस्यता वितरण र नवीकरणसम्बन्धी कामका लागि महामन्त्री संयोजकत्वको समितिले काम गरिरहेको छ। जति हुनुपर्ने हो त्यो गतिमा काम हुन सकेको छैन। ०८२ मंसिरभित्र महाधिवेशन हुन्छ कि हुँदैन भनेर आशंका गर्नुभन्दा समयमै गर्न सहयोगको वातावरण बनाउनुपर्छ,' उनले भने, '०८१ भित्र सदस्यताको काम सकियो भने ०८२ मा महाधिवेशन गर्न सम्भव हुन्छ।'

कांग्रेसमा क्रियाशील सदस्यता विवाद सधैंजसो झमेलाको विषय बन्दै आएको छ। गत महाधिवेशनमा पनि लामो विवादका कारण केही स्थानको विवादलाई थाती राखेर महाधिवेशन गरिएको थियो। महामन्त्री गगन थापाको सांगठनिक कार्ययोजना र कार्यतालिकासम्बन्धी प्रस्तावअनुसार ०८१ असार मसान्तसम्म एकवर्षे 'घरघर जाऊँ पार्टी सदस्य बनाऔं' अभियान सञ्चालन गरेको थियो। अभियानअन्तर्गत पाँचदेखि सात लाख नयाँ पार्टी सदस्य बनाउने उद्देश्य राखिएको थियो। तर, व्यावहारिक रूपमा सफल हुन सकेन। कांग्रेसले क्रियाशील सदस्यताको विवरण सबै जिल्लामा पठाएर नवीकरणको प्रक्रिया थालिएको, तर कार्यशैलीमा सुस्त भएको महामन्त्री थापाले पेस गरेको प्रतिवेदनमै उल्लेख छ। महामन्त्री थापाको महासमितिबाट पारित प्रस्तावमा यसबिचको समीक्षा गर्दै निधारित लक्ष्यअनुसार सदस्यता वितरण र नवीकरणको काम हुन नसकेको उल्लेख गरिएको छ।

गत १६ भदौमा सम्पन्न केन्द्रीय समिति बैठकले सदस्यता नवीकरण तथा वितरणलगायतलाई प्राथमिकतामा राखेर सर्यादने सांगठनिक अभियान घोषणा गरेको थियो। विशेष सांगठनिक अभियानका रूपमा १ असोजदेखि १६ पुससम्म सञ्चालन हुने अभियानमा सांगठनिक गतिविधिलाई प्रभावकारी बनाउने, सदस्यता वितरण र नवीकरणलाई तीव्रता दिने, अभिलेखीकरण र अभियानलाई चुस्त र प्रभावकारी बनाउनेलगायत उद्देश्य छन्। लक्ष्यअनुसार सदस्यताको काम हुन नसकेपछि सदस्यता व्यवस्थापन केन्द्रीय समिति संयोजकसमेत रहेका महामन्त्री थापाले गत १६ भदौमा केन्द्रीय समितिबाट बैठकपछि जिल्ला कार्यसमितिलाई तत्काल रोकिएका काम अगाडि बढाउन र सक्रियता बढाउन निर्देशन दिएका थिए। अहिले सोहीअनुसार काम अघि बढेको नेताहरूको भनाइ छ।

एमालेले किन गर्दै छ मन्त्रीहरूको कामको समीक्षा ?

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेले आफ्नै पार्टी अध्यक्ष केपी ओली नेतृत्वको सरकारमा पार्टीका तर्फबाट सहभागी मन्त्रीहरूको कामको समीक्षा गर्ने भएको छ। ओलीको नेतृत्वमा सरकार बनेको पाँच महिनापछि एमालेले पार्टीले पठाएका मन्त्रीका कामको व्यवस्थित रूपमा समीक्षा गर्न लागेको हो।

मन्त्रिपरिषद् हेरफेरको चर्चा भैरहेका वेला एमालेले आफ्ना मन्त्रीहरूका कार्यसम्पादनको समीक्षा गर्न थालेको छ। मन्त्रीहरूले प्रधानमन्त्री ओलीको निर्देशन र अपेक्षाअनुसार काम गर्न नसकेको विषयमा पार्टीभित्रै चर्चा छ। यही वेला महासचिव शंकर पोखरेलले बुधबार मन्त्रीहरूको विभागीय जिम्मेवारीबारे समीक्षा गर्न निर्देशन दिएका हुन्।

सरकारमा एमालेबाट प्रधानमन्त्री ओलीसहित विष्णु पौडेल अर्थमन्त्री, पृथ्वीसुब्बा गुरुङ सञ्चारमन्त्री, बलराम अधिकारी भूमि व्यवस्था तथा सहकारीमन्त्री, दामोदर भण्डारी उद्योगमन्त्री, देवेन्द्र दाहाल भौतिक पूर्वाधारमन्त्री, विद्या भट्टराई शिक्षामन्त्री, मानवीर राई रक्षामन्त्री, राजकुमार गुप्ता संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री छन्।

> मन्त्रीहरूले गरेका काम, गर्न नसकेका काम र अब गर्नुपर्ने कामका सन्दर्भसहित उल्लेख गरेर १५ पुसभित्र समीक्षा र सुझावसहितको प्रतिवेदन बुझाउन केन्द्रीय विभागका प्रमुख र सचिवहरूलाई महासचिव शंकर पोखरेलको निर्देशन

महासचिव पोखरेलले मन्त्रीहरूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछि पार्टीले दिएका सुझावअनुसार गरेका काम, गर्न नसकेका काम र अब गर्नुपर्ने कामका सन्दर्भसहित उल्लेख गरेर १५ पुसभित्र समीक्षा र सुझावसहितको प्रतिवेदन बुझाउन केन्द्रीय विभागका प्रमुख र सचिवहरूलाई निर्देशन दिएका छन्। विभागीय प्रतिवेदनका आधारमा पुसभित्रै बस्ने केन्द्रीय कमिटी बैठकमा सरकारको कामका विषयमा छलफल गर्ने एमालेको तयारी छ।

अब बस्ने केन्द्रीय सचिवालय बैठकबाट पुस मसान्तभित्र एमालेले केन्द्रीय कमिटी बैठक बोलाउने गरी आन्तरिक गृहकार्य सुरु गरिरहेको छ। एमालेले दसौँ महाधिवेशनपछि ३२ वटा केन्द्रीय विभागमध्ये थुप्रै विभागलाई मन्त्रालय र संसदीय समितिको कामसँग मिल्ने गरी पुनर्संरचना गरेको थियो। त्यस्ता विभागलाई एमालेले प्रतिपक्षमा हुँदा पनि समानान्तर छाया सरकारकै रूपमा काम गर्ने गरी सक्रिय गराउने अभ्यास गर्दै आएको छ।

स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले केन्द्रीय विभागहरूले दिएको सुझावअनुसार अहिलेसम्म मन्त्रीहरूले काम गरेको-नगरेको विषयमा मूल्यांकन र लेखाजोखासहित प्रतिवेदन बुझाउन महासचिव पोखरेलले निर्देशन दिएको बताए।

बैठकमा विभागीय प्रमुख र सचिव रहेका सांसदहरूले सरकारमा सहभागी मन्त्रीहरूले प्रधानमन्त्रीको



● **राजेन्द्र गौतम**
प्रमुख, एमाले प्रचार विभाग

महासचिवले वार्षिक कार्ययोजनाअनुसार काम भए-भएनन्, विभागले दिएको सुझावअनुसार मन्त्रीहरूबाट काम-भएनन् भनेर मूल्यांकन र लेखाजोखा गर्न तथा मन्त्रालयका काम थप प्रभावकारी बनाउन १५ पुसभित्र सुझावसहितको प्रतिवेदन बुझाउन निर्देशन दिनुभएको छ।

स्प्रिटअनुसार जनताले राहत महसुस गर्ने गरी काम गर्न नसकेकाले गति नबढाए सरकारमाथि नै प्रश्न उठ्ने भन्दै आलोचना गरेका थिए। 'हामीले मिहिनेत गरेर मन्त्रीहरूलाई तत्काल गर्नुपर्ने, दीर्घकालीन हिसाबले गर्नुपर्ने कामका विषयमा प्रतिवेदन दियौं, सुझाव दियौं, तर जति फलोअप गरे पनि उहाँहरू सुन्दै सुन्नुहुन्न,' अनुभव सुनाउँदै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन विभाग प्रमुख भीम आचार्यको भनाइ थियो, 'मन्त्रीहरू टेलिफोनमा हुन्छ दाइ, हस् दाइ मात्रै भन्नुहुन्छ, व्यवहारमा फिटिक्कै केही पनि काम गर्नुहुन्न, यस्तो पाराले सरकारले कसरी राम्रो कामको अनुभूति दिन सक्छ, त्यसैले यस्तो शैली बदल्नुको विकल्प छैन।'

सामाजिक सेवा विभागका सचिव पुष्कर खातीले सरकारले अहिलेसम्म गरेका राम्रा कामका तथ्यपरक ढंगले स्वामित्व लिएर प्रचारको नीतिगत नेतृत्व लिन र सरकारविरुद्ध फैलाइएका अफवाह र भ्रमलाई तथ्यपरक ढंगले प्रतिवाद गर्नसमेत महासचिव पोखरेलले निर्देशन दिएको बताए। 'महासचिवले राम्रा कामको तथ्यपरक ढंगले नीतिगत स्वामित्व लिएर प्रचारको नेतृत्व गर्न र अफवाह तथा भ्रमहरूको पनि तथ्यपरक खण्डन र प्रतिवाद गर्न निर्देशन दिनुभएको छ,' खातीले भने।

बैठकमा केन्द्रीय विभागहरूले अहिलेसम्म गरेका कामकारबाही, पूर्ण हुन बाँकी विभागहरूको मनोनयनसहितका प्रस्ताव समेटेर विभागीय प्रमुखहरूलाई केन्द्रीय कमिटी बैठकमा प्रस्तुत हुने गरी प्रतिवेदन बुझाउन निर्देशन दिइएको छ। बैठकमा मन्त्रीहरूलाई भने सामेल गराइएको थिएन।

एमालेले आइतबार सम्पन्न केन्द्रीय संगठन विभागको राष्ट्रिय भेलामा पनि सरकारको कामसँग सम्बन्धित केही प्रश्न सोधेर कार्यकर्ता तहबाट सुझाव मागेको थियो। ११ वटा विषयसँग सम्बन्धित ४६ प्रश्न सोधेर एमालेले सरकारसँग सम्बन्धित केही प्रश्नको जवाफ आउने गरी सुझाव मागेको थियो। तीमध्ये केही प्रश्न मन्त्री, सांसद र स्थानीय तहका जनप्रतिनिधिका कामसँग पनि सम्बन्धित थिए।

संक्षेप

भारत र मलेसियाका राजदूत नियुक्त

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेलले भारत र मलेसियाका लागि राजदूत नियुक्त गरेका छन्। राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईका अनुसार शंकरप्रसाद शर्मालाई भारत र डा. नेत्रप्रसाद तिम्सिनालाई मलेसियाका लागि आवासीय राजदूत नियुक्त गरिएको हो। राष्ट्रपतिको कार्यालयले संविधानको धारा २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले राजदूत नियुक्त गरेको जानकारी दिएको छ।

वडाध्यक्ष सामुदायिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष बन्न नपाउने

काठमाडौं/ काठमाडौं महानगरपालिकाका सामुदायिक विद्यालयमा वडाध्यक्ष तथा वडाध्यक्षले सिफारिस गरेका व्यक्ति सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समिति अध्यक्ष बन्न नपाउने भएका छन्। पछिल्लोपटक काठमाडौं महानगरपालिकाले वडाध्यक्षलाई विद्यालय व्यवस्थापन बनाउने प्रस्ताव अघि सारेको थियो। महानगरपालिकाले कानुन नै संशोधन गरेर महानगरभित्र रहेका सामुदायिक विद्यालय विद्यालय व्यवस्थापन समिति अध्यक्ष वडाध्यक्षलाई नै बनाउने तयारी गरे पनि सर्वोच्च अदालतले अंकुश लगाइदिएको छ। गत १६ साउनमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसहित न्यायाधीशहरू सपना प्रधान मल्ल, प्रकाशमानसिंह राउत, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मीको संवैधानिक इजलासले यस्तो प्रावधान खारेज गरिदिने फैसला गरेको हालै सार्वजनिक पूर्णपाठमा उल्लेख छ। महानगरपालिकाले गरेको संशोधित शिक्षा ऐन पनि सर्वोच्चले खारेज गरिदिएको छ। वडाध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी सुम्पिन थालेपछि महानगरभित्रका १७ वटा सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षले सर्वोच्चमा रिट दायर गरेका थिए। अब सर्वोच्चले वडाध्यक्ष वा उसले तोकेको वडासदस्यलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षसमेत बनाउन नपाउने गरी फैसला गरेको छ। यसो गर्दा विद्यालयको शैक्षिक क्रियाकलाप बिग्रने अदालतको ठहर छ। भक्तपुर र ललितपुरका अधिकांश सामुदायिक विद्यालयको व्यवस्थापन समिति अध्यक्ष वडाध्यक्ष नै छन्।

विद्यार्थीबिच 'द कन्टेन्ट मास्टर्स' तथा डिजिटल मार्केटिङसम्बन्धी प्रतियोगिता



काठमाडौं/ विभिन्न विद्यालयका विद्यार्थीको सहभागितामा डिजिटल मार्केटिङसम्बन्धी 'द कन्टेन्ट मास्टर्स' प्रतियोगिता सम्पन्न भएको छ। सुजुकी मोटर्स, सुबिसु केबल नेट, द प्लाजा होटल र वेबस्टार युनिभर्सिटीको संयुक्त आयोजनामा अन्तरविद्यालय प्रतियोगिता सम्पन्न भएको हो। वर्तमान समय डिजिटल मार्केटिङको भएको र विद्यार्थीलाई यसबारे सिकाउने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको प्रतियोगिता व्यवस्थापक अनिल चौधरीले बताए। उनका अनुसार मार्केटिङ गर्दा केमा ध्यान दिने, कसरी गर्ने, स्क्रिप्ट लेखन, सम्पादनलगायत विषयमा व्यावहारिक ज्ञान दिन प्रतियोगिता आयोजना गरिएको हो। सुरुमा प्रतियोगितामा ६३ वटा टिमबाट ३७८ जना विद्यार्थी सहभागी थिए। यसबाट छान्दै चार उत्कृष्ट टिमलाई बुधबार पुरस्कृत गरिएको छ।

विद्यार्थीबिच तीनवटा संस्थाको विज्ञापन तथा प्रमोसनसँग सम्बन्धित कन्टेन्ट क्रिएसनसम्बन्धी प्रतिस्पर्धा भएको थियो। सुबिसु, द प्लाजा, वेबस्टार युनिभर्सिटी र सुजिकीका सम्बन्धमा विद्यार्थीले समूहगत रूपमा डिजिटल विज्ञापन तयार पारेका थिए। ६ वटा विद्यालयबाट प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा भएको थियो। तीनवटा संस्थाको उत्कृष्ट कन्टेन्ट बनाएपछि जेम्स स्कुल, काठमाडौं वर्ल्ड स्कुल, मल्पी स्कुल र काष्ठमण्डप स्कुल विजयी भएका छन्। प्रतियोगितामा कक्षा ११ र १२ मा विज्ञान र व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थी सहभागी थिए। वेबस्टार युनिभर्सिटीले विद्यार्थीलाई प्रतियोगितासम्बन्धी पूर्वतयारी तथा तालिम दिएको थियो।

लुम्बिनीमा आजदेखि बिजुली बस गुड्ने



शब्द/तस्बिर : **दिपेश पछाई**

एसियाली विकास बैंकको अनुदानमा ६ वर्षअघि लुम्बिनी विकास कोषलाई प्राप्त भए पनि थन्किएका पाँचवटा बिजुली (विद्युतीय) बस गुड्ने भएका छन्। लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्यारकाल लामाले बिहीबार दुईवटा बस परीक्षणका रूपमा सञ्चालनमा गरिने र १ जनवरीदेखि पाँचवटै बस पूर्ण रूपमा सञ्चालनमा ल्याइने बताए। बिहीबारदेखि एउटा बस बुटवल-गौतमबुद्ध विमानस्थल-लुम्बिनी रुट र अर्को बस नेपाल-भारत सीमानाका बेलहिया-विमानस्थल हुँदै लुम्बिनीसम्म सञ्चालन हुने लामाले बताए। भाडादर भने तोकिएको छैन। 'गाडीभित्र डोनेसन बक्स हुन्छ, यात्रुले स्वेच्छाले भाडा तिर्न सक्नुहुन्छ, नसक्नेले निःशुल्क चढ्न पाउनुहुन्छ,' लुम्बिनी विकास कोषका सदस्य श्याम रोकाले भने। गौतमबुद्ध विमानस्थल निर्माणका लागि ऋण सहयोग गरेको एडिबीले त्यहाँ अवतरण गर्ने पर्यटकलाई बुद्ध सर्किट घुमाउने प्रयोजनका लागि १२ करोडमा पाँच बस र १४ भ्यान (ट्याक्सी) ०७४ मा उपलब्ध गराएको थियो। यसअघि ०७९ असोजमा विश्व पर्यटन दिवसको अवसर पारेर तत्कालीन गृहमन्त्री बालकृष्ण खाणको ठाडो निर्देशनमा केही समय बस चलाइए पनि पछि बन्द गरिएको थियो। बस चलाउन मोडालिटी तय नभएको भन्दै थन्क्याइए पनि अहिले कोषले पनि मोडालिटीविनै चलाउन थालेको हो।

रवि लामिछानेप्रति राज्यले पक्षपात गऱ्यो : थापा

पोखरा/ राप्रपा नेपालका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री कमल थापाले प्रहरी हिरासतमा रहेका रास्वपा सभापति रवि लामिछानेप्रति राज्यले पक्षपात गरेको बताएका छन्। रविलाई बुधबार जिल्ला प्रहरी कार्यालयमा भेटेपछि थापाले पक्षपात ढंगबाट व्यक्तिविशेषमा केन्द्रित भएर अनुसन्धान लम्ब्याउँदै लैजानु र मानसिक तनाव दिने काम गर्नु उपयुक्त नरहेको बताए।



'जो व्यक्ति भए पनि अनुसन्धानको दायरामा आउँछ र त्यसको छिनोफानो हुन्छ भन्ने लागेको थियो। तर, हाल जुन प्रकारले अलि प्रक्षपात ढंगबाट व्यक्तिविशेषमा केन्द्रित भएर अनुसन्धान लम्ब्याउँदै लैजानु, मानसिक तनाव दिने काम गर्नु उपयुक्त भएन,' थापाले भने, 'अरू पनि विभिन्न मुद्दाका आरोपित छन्, सत्तारूढ दलका केही नेतालाई उन्मुक्ति दिएको भन्ने आशंका आइहरेका छन्, त्यसले सरकारप्रति मात्र होइन न्याय प्रणालीमाथि नै जनताको विश्वास घट्ने काम हुन्छ र भइरहेको छ। सबैलाई समान ढंगबाट छानबिन हुनुपर्छ र कानुनबमोजिम कारबाही हुनुपर्छ भन्ने मेरो मान्यता हो।'

थापाले अब रास्वपा सभापति लामिछानेले न्यायिक प्रक्रियामा सहयोग गर्नुपर्ने बताए। 'अनुसन्धानको नाममा रातारात लैजाने-ल्याउने, एक जिल्लापछि अर्को जिल्ला लगियो, यसले गर्दा आशंका गर्ने ठाउँ छ। लामिछानेजीप्रति पार्टीको सद् भाव छ,' उनले भने, 'निर्दोष हुनुहुन्छ भने सफाइ पाउनुपर्छ, अदालतले उहाँमाथि न्याय गर्छ भन्ने लाग्छ।'

बुधबार नै पार्टी सभापति रवि लामिछानेलाई भेटेका रास्वपा उपभापति डिपी अर्यालले न्यायालयप्रति आफूहरूको विश्वास रहेको बताए। 'राज्यले त्यसमा पनि दुई ठुला दलले प्रतिशोध साँधेको स्पष्ट छ। प्रहरीले तीन शीर्षकमा अनुसन्धान गरेको छ। प्रहरीको अनुसन्धान प्रतिवेदन नै अन्तिम होइन,' अर्यालले भने, 'अदालतमा कुन-कुन मुद्दा जान्छ। न्यायालयप्रति पार्टीको विश्वास छ। न्यायालयको निर्णय पर्खन्छौं।'

अर्यालले पार्टीमा कार्यवाहक नहुँदा कुनै समस्या नभएको बताए। 'पार्टी सभापतिले कार्यवाहकको आवश्यकता जहिले देख्नुहुन्छ, त्यतिबेला नै कार्यवाहक पाउँछौ, यसमा कुनै समस्या छैन, आउँदो ३० वर्षपछि मात्र पार्टीमा सभापतिको लडाइँ होला, ३० वर्षसम्म होलाजस्तो लाग्दैन,' उनले भने।

सकियो अन्तरव्यवस्थापिका मञ्चको सम्मेलन

सातबुँदे पोखरा घोषणापत्र जारी

कास्कीमा **रोहितराज पराजुली**



संघीयता कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण, संसदीय बजेट कार्यालय स्थापनाका लागि आवश्यक कार्य गर्नेलगायत सातबुँदे पोखरा घोषणापत्र जारी गर्दै अन्तरव्यवस्थापिका मञ्चको दुईदिने १०औँ सम्मेलन बुधबार सकिएको छ। सम्मेलनले जारी गरेको घोषणापत्रको पहिलो नम्बरमा संघीयता एवं संविधान कार्यान्वयनलाई तीव्रता दिन संघ, प्रदेश र स्थानीय तहको साझा सूचीअन्तर्गत निर्माण गरिने कानुनको सन्दर्भमा तीनवटै सभाको परस्परसम्बन्धी विकास गर्ने र बन्न बाँकी कानुनको अध्ययन र पहिचान गरी संघीय संसद्बाट कानुन निर्माण गर्न पहल गर्ने रहेको छ।

घोषणापत्रमा कानुनको कार्यान्वयन मापन एवं उत्तर विधायिकी परीक्षणको कार्य सरकारसँग समन्वय गरी संघ र प्रदेशमा सुरु गर्ने, यसका लागि सम्बन्धित सभाका नियमावलीमा व्यवस्था गर्ने, सरकारले सभामा पेस गर्ने नीति तथा कार्यक्रम, सिद्धान्त र प्राथमिकता, पूर्वबजेट छलफल एवं संसद्बाट अनुमोदित बजेट, बजेटको खर्चसमेतका सम्बन्धमा अध्ययन विश्लेषण गरी सांसदहरूलाई अनुसन्धानात्मक सेवा पुऱ्याउन संसदीय बजेट कार्यालयसम्बन्धी थप अध्ययन गरी स्थापना गर्ने कार्यका लागि सरकारसँग परामर्श गरी संघ र प्रदेश सभासँग सम्बन्धित ऐन तथा नियममा कानुनी प्रबन्ध गर्ने, यसको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने रहेको छ।

घोषणापत्रको चौथो नम्बरमा संसदीय अध्ययन, अनुसन्धान एवं प्रशिक्षण कार्यलाई व्यवस्थित गर्न संसदीय अनुसन्धान तथा प्रशिक्षण केन्द्र स्थापना गर्न पहल गरी जनप्रतिनिधि र कर्मचारीलाई निरन्तर प्रशिक्षणको व्यवस्थापन गर्ने, यसलाई विधायिकी प्रतिष्ठानका रूपमा विकास गर्न पहल गर्ने, संघ र प्रदेश सभामा संसदीय गतिविधिहरूको प्रसारण गर्न संसद्को आफ्नै च्यानल सञ्चालन गर्न पहल गर्ने, संसदीय खुलापनलाई प्रवर्द्धन गर्दै संसदीय गतिविधिलाई जनस्तरसम्म पुऱ्याउन आवश्यक संयन्त्रको विकास गर्ने र संसद् सदस्यहरूको नीतिगत बहसको डिजिटल प्लेटफर्म नीति प्रयोगशालाको सञ्चालन गर्ने, संसदीय विषयगत समितिको कामकारबाहीलाई प्रभावकारी बनाउने उद्देश्यले समन्वय र सहजीकरण गर्न सम्बन्धित नियमावलीमा उपसभामुखहरूको भूमिका स्पष्ट गर्न पहल गर्नेसँगै अन्तिम सात नम्बरमा आगामी ११औँ अन्तरव्यवस्थापिका सम्मेलन सुदूरपश्चिम प्रदेश सभाले व्यवस्थापन गर्नेछन्।

सम्मेलनमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल, उपसभामुख इन्दिरा राना, राष्ट्रिय सभाकी उपाध्यक्ष विमला घिमिरे, कर्णालीकी सभामुख नन्दा गुरुङ, कोशीका अम्बरबहादुर विष्ट, बागमतीका भुवनकुमार पाठक, गण्डकीका कृष्णप्रसाद धिताल, मधेशका रामचन्द्र मण्डल, लुम्बिनीका तुलाराम घर्तीमगर र सुदूरपश्चिमका भीमबहादुर भण्डारीको उपस्थिति थियो। प्रदेश सभाका उपसभामुखहरू कर्णालीकी यशोदा न्यौपाने, कोशीकी सिर्जना दनुवार, गण्डकीकी विनाकुमारी थापा, बागमतीकी अप्सरा चापागाईं, मधेशकी बबिताकुमारी राउत इशर, लुम्बिनीकी मेनुका खाण केसी र सुदूरपश्चिमकी कोइलीदेवी चौधरी पनि सहभागी थिए।

विद्यालय शिक्षामा सुधार गर्नुपर्ने विषय

विद्यालय समाजका लागि नयाँ पुस्ता निर्माण गर्ने थलो पनि हो, जहाँको सानो हेलचेक्याइँले समाजलाई लामो समय पिरोल्नेछ



● वीणा झा

अग्रलेख

मानव जीवनमा शिक्षाको महत्त्व कति छ भनिराख्नु परेन । चाहे औपचारिक शिक्षा होस् वा अनौपचारिक, दुवैले मानव मस्तिष्कलाई चलायमान बनाउँदै सोच्न सक्ने, तर्क गर्न सक्ने, निर्णय गर्न सक्नेलगायत जीवनमा आवश्यक विविध सीपको विकास गर्न सहयोग गर्छन् ।

औपचारिक शिक्षामा पनि विद्यालय तह र विश्वविद्यालय तहमा शिक्षकको भूमिका, सिकाइ विधि, सिकाइ मापक निर्धारण अनि परिणामको अपेक्षा फरक-फरक हुन्छन् । दृष्टान्तका लागि, काठमाडौंमा रहेको कुनै क्याम्पस तहको विषय कर्णालीमा रहेको क्याम्पसमा पनि हुबहु नै रहनुपर्छ । किनकि, उक्त सिकाइ उपलब्धिको परिकल्पना समान हुने गरी राखिएको हुन्छ । समान तथ्य र सिद्धान्तहरू सिकाउन खोजिएको हुन्छ । र, सिकाइलाई सम्बन्धित विश्वविद्यालयले समान मापक निर्धारण गरी सिकाइ उपलब्धिको मापन गर्ने गर्छ ।

तर, विद्यालय तहको शिक्षामा यो कुरा लागू गर्न सकिन्न । किनभने विद्यालय तहको शिक्षा भनेको सिक्ने प्रक्रियालाई सिकाउन सुरुवात गर्ने थलो हो, जसमा विद्यार्थीको समुदाय, सन्दर्भ र तिनका अभिभावकलाई समेत जोडेर सँगसँगै लानुपर्ने हुन्छ । विद्यालय तहको सिकाइको आधार राष्ट्रिय पाठ्यक्रमले दिएको हुन्छ । सिकाउने प्रक्रियामा दैनिक जीवनसँग जोडिएको अनुभूति हुनुपर्छ । अन्यथा बालबालिकाको सिकाइको जग कमजोर बन्नुका साथै तिनमा आत्मविश्वासको कमी, सिर्जनशीलताको अभाव अनि कल्पनाशक्तिमा ह्रास हुने अवस्था रहन्छ ।

विद्यालय अवस्थित रहेको भौगोलिक अवस्था, भौतिक तथा मानवीय स्रोतसाधनको अवस्था अनि त्यसमा अध्ययन गर्ने विद्यार्थी र अभिभावकका शैक्षिक, आर्थिक र सामाजिक अवस्थाले निकै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । ती सबैलाई केन्द्रमा राखी राष्ट्रिय पाठ्यक्रमको मूल मर्मअनुरूप सिक्ने-सिकाउने विषयवस्तु र विधिलाई आत्मसात् गर्दै सिकाउने हो भने सिकाइको जग बलियो बन्छ, अनि उक्त जगमा टेकेर उसले विश्वका विविध पक्ष र आवश्यकताअनुरूप सहजै सिक्न सक्ने क्षमताको विकास गर्छ ।

सामान्य रूपले निम्नलिखित तीनवटा विधि अपनाउने हो भने विद्यालय शिक्षाको सिकाइ प्रक्रियामा बालबालिकालाई सहजै जोड्न सकिन्छ :

पहिलो : विद्यालय तहको सुरुवाती कक्षादेखि नै उनीहरूलाई कथासँग जोड्न सकिन्छ । तल्लो कक्षामा सिर्फ मौखिक रूपमा बालबालिकालाई कथा बनाएर वाचन गर्न लगाउन सकिन्छ । त्यो कथा उसले सुनेको कथा हुन सक्छ । उसले आफैँ रचेको कथा हुन सक्छ वा उसले कुनै प्रस्तुति देखेर बुझेको कथा हुन सक्छ । उक्त कथावाचनपश्चात् त्यसमा गणित, विज्ञान र वातावरण (सामाजिक र प्राकृतिक दुवै) खोज्न लगाउन सकिन्छ, जसमा शिक्षकको सक्रिय भूमिका रहन्छ । यसो गर्दा एक विद्यार्थीको कथामा सबै मिलेर त्यसभित्र गणित, विज्ञान र वातावरण खोज्न थाल्दा एक त उक्त विद्यार्थीमा आत्मविश्वास बढ्ने, कल्पना शक्ति बढ्ने, आफ्नो वरिपरि समुदायलाई महसुस गर्ने क्षमताको विकास गर्न सकिन्छ । अर्कातिर गणित कहाँ-कसरी जीवनमा जोडिएको छ, विज्ञान कहाँनेर छ ? दैनिक जीवनमा अनि वातावरणमा त्यसको प्रभावलाई कसरी बुझ्ने भन्ने कुरा सिकाउनुका साथै भाषाको विकास पनि सहजै गर्न सकिन्छ ।

त्यसमाथि पनि नेपालका कक्षाकोठा, जहाँ एउटै कक्षाकोठामा अत्यधिक सांस्कृतिक विविधता भेटिने अवस्थाले गर्दा सिकाउने विषयवस्तु प्रचुर मात्रामा भेटिन्छ । विविध भाषा, सांस्कृतिक परम्परा अनि तिनलाई मनाउने बहुविध तरिकाहरूको प्रस्तुतिसमेतले सिकाइलाई थप रोमाञ्चकारी बनाउन सकिन्छ । कक्षाको तह बढ्दै जाँदा त्यही कथा शृंखलालाई थप विशिष्टीकृत गर्दै जान सकिन्छ । तिनका प्रस्तुति शैलीमा निखार, भाषाको विकास, सोच्ने सीपको साथै समाजभित्र सम्भावना देख्न सक्ने क्षमताको पनि विकास गराउन सकिन्छ । एकपटक दायित्वबोध गराउन सक्ने हो भने त्यसले उसको जीवनकालसम्म दिशानिर्देश गरिरहनेछ ।

कथाको वाचनबाट सुरु गरिएको सिकाइलाई कथा लेखन साथै सडकनाटकमार्फत समाजका विविध विषयवस्तुप्रति जागरुकता र जवाफदेहिता बढाउन सकिन्छ । तिनका कथालाई विद्यालयहरूले आ-आफ्नो स्रोत-साधनको उपलब्धताअनुरूप बाह्य वा भित्री रूपमा प्रकाशन र वितरण गर्न सक्छन्,



जसले गर्दा एक-अर्काको दृष्टिकोण बुझ्काउन र त्यसको सम्मान गर्नसमेत सिकाउन सकिन्छ, जुन आजको अपरिहार्य आवश्यकता पनि हो ।

दोस्रो : तिनका पाठ्यक्रममा रहेका सम्पूर्ण विषयवस्तुहरूमध्ये कुन-कुन विषय एक-आपसमा कहाँ-कहाँ जोडिन सक्छन् र तिनको सम्बन्ध व्यक्ति, समुदाय र समाजमा कहाँ-कहाँ, कसरी जोड्न सकिन्छ भन्ने पनि विश्लेषण गर्न लगाउनु जरुरी हुन्छ । तल्ला कक्षामा शिक्षक स्वयंले एउटा विषयभित्रका पाठ तथा एउटा विषय अर्को विषयसँग कसरी जोडिने रहेछ भनेर बुझ्काउन सक्नुपर्छ भने माथिल्ला कक्षामा स्वयं विद्यार्थीलाई नै यसो गर्न लगाउने र शिक्षक सहजकर्ताको भूमिकामा मात्रै बस्ने हो भने विद्यार्थीले सक्रिय भूमिका निभाउँदै उत्साहका साथ यो कार्य गर्न सक्छन् । यसलाई कक्षागत वार्षिक योजनामा समावेश गर्दा विद्यार्थीमा विषयवस्तुप्रतिको अपनत्व बढ्नुको साथै सिकाइप्रतिको रुचि जगाउन पनि काम लाग्न सक्छ ।

> विद्यालय अवस्थित रहेको भौगोलिक अवस्था, भौतिक तथा मानवीय स्रोतसाधनको अवस्था अनि त्यसमा अध्ययन गर्ने विद्यार्थी र अभिभावकका शैक्षिक, आर्थिक र सामाजिक अवस्थाले निकै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ

अझ यसलाई त शैक्षिक वर्षको अन्तमा जब वार्षिक परीक्षा सकिएको हुन्छ र नयाँ शैक्षिक सत्र सुरु भएको हुँदैन, त्यतिबेला गराउन सकिन्छ । यसले आगामी विषयवस्तुबारे जिज्ञासा र जानकारीसमेत बढाउन मद्दत गर्न सक्छ । बालबालिकामा ती विषयवस्तुबारे सोच्ने र खोज्ने सीपको पनि विकास गराउन मद्दत गर्छ । साथै, नयाँ शैक्षिक सत्रको सुरुवाती दिनमा यसकै प्रस्तुति गर्ने-गराउने हो भने यसले पूर्ण शैक्षिक सत्रको विषयवस्तुको एउटा चित्र मस्तिष्कमा कोर्न सकिन्छ, जसका आधारमा पाठ योजना बनाउँदा निकै प्रभावकारी बन्न सक्छ ।

तेस्रो : अर्को चाहिँ नक्कलबाट जोगिने विधि । नक्कलको कुरा गर्दा अक्सर विद्यार्थीको अनुहार याद आउने एउटा स्थापित सोच नै छ । यद्यपि वास्तवमा विद्यालयहरू आफैँ नै नक्कल गर्ने प्रवृत्तिको सिकार भएका हुन्छन् । उनीहरू देशभित्र वा विदेशमा अवस्थित विद्यालयमा कहाँ के अभ्यास हुँदै छ, त्यसको हुबहु नक्कल गर्दै आफ्नो विद्यालय सर्वोत्कृष्टतातर्फ उन्मुख रहेको भ्रममा लिप्त भेटिन्छन् ।

सहरकेन्द्रित होस् वा ग्रामीण भेग, नक्कलको प्रवृत्तिले अधिकांश विद्यालय ग्रसित भेटिन्छन् । यसले गुणात्मक शिक्षाको मर्मलाई नै घात गरिरहेको हुन्छ । उदाहरणका लागि, अमेरिकाको कुनै विद्यालयमा प्रयोग गरिने 'डु नाउ' विधि नेपालको विद्यालयको सन्दर्भमा उपयुक्त नहुन पनि सक्छ । त्यहाँका शिक्षक विद्यार्थीबिचको सम्बन्ध र नेपालको शिक्षक विद्यार्थीबिचको सम्बन्ध नै फरक रहने हुँदा समान औजारले काम गर्न सक्दैन । सिकाइ विधि र प्रक्रियामा विद्यालय कहाँ अवस्थित छ, विद्यार्थी तथा अभिभावकको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्था कस्तो छ, बालबालिका बस्ने घर, समुदाय र सांस्कृतिक वातावरण कस्तो छ ? भन्नेले निकै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

तसर्थ, कक्षाकोठा भनेको पूर्ण रूपमा शिक्षकको अधिकार क्षेत्र हो, जहाँ प्रवेश गर्न शिक्षकको अनुमति आवश्यक पर्छ । वास्तवमा कक्षाको सुरुवात कसरी गर्ने अर्थात् 'डु नाउ'लाई कुनै युनिभर्सल फर्मुलामा राख्न मिल्दैन । किनकि कक्षाकोठाको अवस्था कस्तो छ, त्यो त त्यहाँ प्रवेश गरेपछि मात्रै शिक्षकले महसुस गर्न सक्छ अनि सुरुवात कसरी गर्ने भन्ने कुरा तिनले त्यतिबेलै सोच्नुपर्ने हुन्छ । विद्यालय तहका कक्षामा पछिल्ला सिकाइसँग जोड्नुका साथै भावनात्मक विकास पनि गरिनुपर्ने हुँदा कुनै निश्चित खाकाभित्र ढालेर हरेक कक्षाका विद्यार्थीको सिकाइ सुरुवात सम्भव हुन सक्दैन ।

त्यसैले नक्कलबाट जोगिने विधि सिकाउँदै सिर्जनशील मौलिकताप्रति आकर्षित गर्न सकिन्छ । विद्यालय तहको शिक्षा भनेको सिक्ने प्रक्रिया सिकाउने क्षमताको विकास गराउने थलो हो भन्ने भुल्नु हुँदैन, जहाँ जीवनका लागि आवश्यक सीपहरूको पनि विकाससँगसँगै गर्दै लानुपर्ने हुन्छ । यसमा उसको परिधि, परिस्थितिको पहिचानसँगै समाज र सन्दर्भप्रतिको बुझाइ पनि निकै महत्त्वपूर्ण हुन्छ । अझ सरल रूपमा भन्दा निर्णय क्षमताको विकास यसरी गरिनुपर्छ । भोलिका दिनमा उसलाई कुनै निर्णय गर्न विद्यालय तहमा सिकेको परिस्थितिको पहिचान, आफ्नो परिधिको बुझाइ अनि सन्दर्भ र अवस्थालाई विश्लेषण गर्ने क्षमताले सघाओस्, न कि उसले कण्ठस्थ पारेको कुनै सिद्धान्तको आधारमा निर्णय लिनु परोस् ।

यसो भनिरहँदा कतिपय कुतर्क नआउलान् भन्न सकिन्न । कसैले भन्न सक्लान्- विज्ञान विषय पढाउँदा सिद्धान्त पढाउनुपर्दैन ? यसको सामान्य जवाफ हुन्छ- सिद्धान्त सिकाउन पहिला विद्यार्थीको दैनिकी तथा उसको वरपरको गतिविधिभित्र उक्त सिद्धान्त जोडिएको देखाउँदै उपयुक्त उदाहरणबाट सुरुवात गर्दै त्यो सिद्धान्तलाई बुझाउन सकिन्छ । समग्रमा, विद्यालय तहको शिक्षाप्रति सबै सरोकारवालाले सही चिन्तनका साथ सहयोग गर्न जरुरी छ । विद्यालय समाजका लागि नयाँ पुस्ता निर्माण गर्ने थलो पनि हो, जहाँको सानो हेलचेक्याइँले समाजलाई लामो समय पिरोल्नेछ ।

(झा समाजशास्त्री हुन्)

---

३ प्रश्न

पूर्वडिआइजी
हेमन्त मल्ल ठकुरीलाई



■ सहकारी ठगीमा प्रहरीका थरीथरी मापदण्ड किन देखिएको होला ?

पहिलो त सहकारीको बेथिति एकदमै व्यापक छ । प्रहरीले अन्य प्राथमिकताका अपराधलाई एकातिर पन्छाएर यसमा मात्रै फोकस गर्न सक्छ कि सक्दैन ? भन्ने सवाल पनि छ । मापदण्डमा किन यस्तो भइराखेको छ भने जुनमा स्वतन्त्र रूपमा अनुसन्धान गर्न पाइराखेको छ, त्यसमा निष्पक्षता र मापदण्डमा समानता नै छ र ती टुंगोमा पुगेको पनि देखिराखिएको छ । सहकारीमा जुन किसिमले अनुसन्धान हुनुपर्ने हो, त्यसरी भएको नदेखिनुको मूल कारण धेरैजसो राजनीतिक पार्टीसँग जोडिएका छन् । त्यसैले, धेरै तथ्य त बाहिर आइरहेकै छैनन् । पछिल्लो समय बरु केही सुस्त आएको, ढिलाइ भइरहेको हो कि जस्तो लाग्छ । सहकारी ऐनलाई दह्रो बनाएर कडा नियमन गर्न जमानादेखि नै खोजेको हो । तर, अहिलेसम्म पनि गर्न नसक्नुको कारण नै राजनीतिक व्यक्ति, शक्ति जोडिएकाले हो । मापदण्ड फरक-फरक देखिनुको कारण पनि यही हो ।

■ यसले प्रहरीको छविमा कस्तो असर पर्ला ?

प्रहरी सरकारको एउटा 'टुल' हो । प्रहरीले गरेको अनुसन्धानमा फरक-फरक मापदण्ड भइराखेका छन् भने पुलिसमाथि त शंका हुन्छ नै । यसले प्रहरी संगठनको छवि त धुमिल हुने नै भयो । तर, सबैभन्दा ठुलो दोष भने अन्ततः सरकारले नै खेप्नुपर्ने हुन्छ । नागरिक निकै सचेत भइसकेका छन् । सुमेरुमा सही ढंगको अनुसन्धान भएन भन्ने छ । ठुला व्यक्ति जोडिनेबित्तिकै अनुसन्धानमा अप्ठ्यारो परिहाल्छ, जसले प्रहरीले त राजनीतिक दबाबमा काम गर्दोरहेछ भनेर अविश्वास पैदा भयो ।

■ प्रहरी संगठनलाई सुझाव ?

पहिलो त प्रहरीले सहकारीको मुद्दा अन्य मुद्दाभन्दा फरक हो भन्ने बुझ्नुपर्छ । यसमा 'डकुमेन्ट' बोल्छ । गलत अनुसन्धान गरी तथ्य लुकाउन खोजिए त्यो कुनै समय सम्बन्धित प्रहरी अधिकारी आफ्नै लागि घातक हुन्छ । सरकार त भोलि अर्को आउँछ । यसैले, जवाफदेही हुने गरी अनुसन्धान गर्नुस् भन्ने मेरो सुझाव छ ।

प्रेरक प्रसंग

केही छैन भन्नु हुँदैन

धेरै पहिले एक सन्त आफ्ना शिष्यका साथमा कुनै गाउँमा भिक्षाटन गर्दै थिए । उनीहरू यो घरबाट त्यो घर, त्यो घरबाट ऊ घर गर्दै घरघर डुलेर भिक्षा मागिरहेका थिए । यसै क्रममा उनीहरू एउटा घरमा पुगे र भिक्षाका लागि याचना गरे । उनीहरूको आवाज सुनेर एक सानी बालिका बाहिर आइन् । बालिकाले सन्तासित भनिन्- माफ गर्नुहोला, हामीसित तपाईंहरूलाई दिनयोग्य केही पनि छैन ।



बालिकाको भनाइ सुनेपछि सन्तले भने- त्यसो नभन छोरी, हामीसित केही पनि छैन भन्नु हुँदैन । ठिकै छ, केही छैन त के भयो ? तिम्रो आँगनमा माटो त छ नि ! हो, त्यही एक मुठी माटो देऊ । बालिकाले तुरुन्तै आँगनको एक मुठी माटो उठाएर भिक्षापात्रमा हालिदिइन् । सन्त उनलाई आशीर्वाद दिएर बिदा भए । बाटामा उनका एक शिष्यले सोधे- गुरुदेव, हजुरले भिक्षामा किन यो माटो स्विकार्नुभयो ? यो त हामीलाई कुनै काम लाग्दैन ।

सन्तले शिष्यतिर हेर्दै भने- हो, तिमीले भनेजस्तै यो माटो हामीलाई कुनै काम लाग्दैन । तर हेर, ती बालिका आज निकै सानी छिन् । उनले आजैदेखि 'छैन' भन्न सिकिन् र कसैलाई कुनै कुरा दिनबाट पछि हट्न थालिन् भने उनले भविष्यमा पनि कसैलाई केही दिनेछैनन् । तर, आज हामीलाई यसरी थोरै माटो दान गरेपछि उनमा दानको भावना जाग्नेछ । र, भविष्यमा आफू समर्थ भएपछि पनि अरूलाई सहयोग गर्न, दान दिन पछि हट्नेछैनन् । आजको यस घटनाले उनमा अरूलाई केही न केही सहयोग गर्नुपर्छ भन्ने संस्कारको विकास हुनेछ । किनकि, व्यक्तिले संस्कार सिक्ने सही उमेर बाल्यावस्था नै त हो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कानुनको कपटपूर्ण उपयोग

कुनै पनि राज्यको सबलता उसको कानुनी प्रक्रियाको निष्पक्षता, न्यायिक स्वतन्त्रता र लोकतान्त्रिक मूल्यहरूको सम्मानमा निर्भर गर्छ । पछिल्लो समय रविविरुद्धको सहकारी ठगीसम्बन्धी मुद्दालाई जसरी अघि बढाइएको छ, त्यसले कानुनी राज्यको मर्मलाई कमजोर पार्दै राजनीतिक प्रतिशोधको तस्बिर स्पष्ट गरेको छ । कानुनले सहकारी ठगीजस्ता मुद्दालाई सहकारी ऐनको परिधिभित्र रहेर दायर गर्नुपर्ने व्यवस्था गरेको छ । तर, लामिछानेको केसमा स्पष्ट कानुनी प्रावधानलाई बेवास्ता गर्दै मुलुकी अपराध संहिताको सहारामा मुद्दा अघि बढाउनुले कानुनी निष्पक्षतामा गहिरो शंका उत्पन्न गराएको छ । यसले कानुनी प्रक्रिया स्वयंले आफ्नै नियमलाई कुल्चिएको संकेत गर्छ । जुनसुकै अपराध भए पनि हदम्याद, प्रक्रिया र न्यायिक सिद्धान्तलाई पालना गर्नुपर्छ ।

● **सन्तोष सिम्खडा**, हाल : जापान (टोकियो)

'ब्वाँसा'हरूबाट देश जोगाऔँ

मन्त्रीको कुर्सीमा 'बदनाम ठेकेदार' शीर्षकको समाचारले मन नै अमिलो भयो । लिएका ठेक्का समयै पूरा नगरी वर्षौं अलपत्र पार्ने, राज्यका स्रोत-साधनमाथि लुट मच्चाइरहेका कान्छाराम तामाङजस्ता 'कुपात्र'बाट शासित हुन परेकामा हिनताबोध जागेर आयो । यस्ता ब्वाँसाहरूबाट सिंहदरबारलाई मुक्त नबनाउँदासम्म यो मुलुक उकालो लाग्न सक्दैन । सबैलाई चेतना होस् ।

● **सुभाष खड्का**
बालकोट, भक्तपुर

देश नबन्नुको कारण

वर्तमान ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री बैंकिङ कारोबार कसुरमा ३८ पटक कालोसूचीमा परेका, अर्बौं अर्ब रुपैयाँका कैयौं ठेक्का हत्याएर अलपत्र पारेका व्यक्ति रहेछन् भन्ने सुन्दा, पढ्दा चकित भएँ । यो समाचार पढेपछि नेपाल किन तन्नम हुँदै गइरहेको छ भन्ने कुरा छर्लङ्ग भयो । सरकार कसले चलाउँदो रहेछ भन्ने पनि छर्लङ्ग भयो ।

● **रामजी प्रसाई**
कपन, काठमाडौं

यसर्थ एमालेलाई सहरी मत कम !

उपचुनावको परिणाम आफ्नो पक्षमा नआएको निष्कर्षपछि एमालेको नेतृत्व तिलमिलाउन पुगेको छ । सत्ताको नेतृत्व लिएको एमालेलाई विपक्षी कित्तामा पुगेको माओवादीसमेतले चुनौती दिएको छ । गतिलो मताधार भएको सहरी क्षेत्रमै एमाले पराजित भएपछि पार्टी अध्यक्ष केपी ओलीलगायत एमालेका शीर्ष नेता स्तब्ध भएका छन् । एमालेले आफूले जितेका देशैभरिका स्थानीय तहका जनप्रतिनिधिलाई काठमाडौं बोलाएर उनीहरूको राय लिनुका साथै ६ बुँदे निर्देशनसमेत जारी गरेको छ, जसमा पार्टी नेतृत्वको आलोचना नगर्नेदेखि, सहरी मतदातासँग धेरैभन्दा धेरै घुलमिल गर्नसमेत भनिएको छ ।

ओलीले एमाले नेतृत्व पंक्तिलाई चिनियाँ कम्युनिस्ट पार्टीका नौ करोड सदस्य कसैले पनि नेतृत्वको आलोचना गर्दैनन्, बरु प्रतिरक्षा गर्छन् । अनुशासनमा बसेका छन् । तर, नेपालमा नेतृत्वको आलोचना गर्ने, अनुशासनमा नबस्ने प्रवृत्ति बढेर गएको छ । यो ठिक होइन भनेर घुमाउरो पारामा आफूले बोलेको अक्षरश पालना गर्न र नगरेमा त्यो सत्य नहुने सन्देश दिएर पठाएका छन् । यो भनाइले के ओली एमालेलाई पनि चिनियाँ कम्युनिस्ट पार्टीझैं बनाउन चाहन्छन् ? भन्ने प्रश्न उठाएको छ । उनी नेपालमा पनि चीनमा झैं एउटा मात्र पार्टी रहोस् र नेतृत्वले जे बोले पनि जे गरे पनि कसैले कुनै आलोचना नगरोस् भन्ने चाहन्छन् हो ? ओलीले स्पष्ट पार्नु जरुरी छ । अन्यथा उनले देश र पार्टीभित्र लोकतन्त्र होइन, अधिनायकवाद लाद्न चाहँदा रहेछन् भन्ने सन्देश जानेछ, जुन लोकतन्त्रका लागि शुभ संकेत होइन । उनमा पार्टीभित्रका आफ्ना आलोचकलाई पाखा लगाउने प्रवृत्ति त पहिले पनि देखिएकै हो, अहिले त पार्टीइतरका आलोचकलाई पनि तारो बनाइरहेका छन् । आन्तरिक लोकतन्त्र नहुँदा नै एमालेप्रति सहरी मतदाता विकर्षित भएका हुन् । एमालेले यसतर्फ विचार गरोस् ।

● **गोपाल देवकोट**, जोरपाटी, काठमाडौं

अपराधले दण्डित गरिरहेको छ ल्याटिन अमेरिकी अर्थतन्त्रलाई

उच्च अपराधका कारण ल्याटिन अमेरिका तथा क्यारेबियन क्षेत्रले हरेक वर्ष जिडिपीको ३.५ प्रतिशत अर्थात् एक खर्ब ९२ अर्ब डलर गुमाइरहेको छ



देश/विदेश

● नाथाली अल्भाराडो ● एना मारिया इबानेज

ल्याटिन अमेरिका र क्यारेबियन (एलएसी) क्षेत्रमा दशकौंदेखि हिंसात्मक अपराधले जनजीवन र जीविकोपार्जनमा ठुलो असर पार्दै आएको छ । युद्धग्रस्त क्षेत्रलाई छाड्ने हो भने यो क्षेत्र नै विश्वको सबैभन्दा हिंस्रक क्षेत्र हो । यो क्षेत्र हत्या दर, सशस्त्र डकैती तथा अन्य हिंसात्मक अपराधमा अग्रणी छ । र, यसका आर्थिक दुष्परिणाम पनि उत्तिकै विनाशकारी छन् । अपराधले कसरी विकासमा 'कर'को रूपमा (जुन यो क्षेत्रले अब धान्न सक्दैन) काम गर्छ भन्ने बुझ्नु यहाँका सरकारका लागि नीति प्रतिक्रियामा मद्दतगार हुन सक्छ । यो क्षेत्रका २२ देशमाथिको हाम्रो हालैको अध्ययनले यो क्षेत्रको आपराधिक हिंसाको मूल्य निकालेको छ, जसअनुसार यो क्षेत्रले हरेक वर्ष जिडिपीको ३.४ प्रतिशत अर्थात् एक खर्ब ९२ अर्ब डलर अपराधको मूल्यका रूपमा गुमाउँछ । यो राशी भनेको यो क्षेत्रले शिक्षामा गर्ने खर्चको ७८ प्रतिशतबराबर र सामाजिक सहायता कार्यक्रममा गर्ने खर्चभन्दा दोब्बर हो । अपराधको यो लागतले आर्थिक वृद्धि एवं विकासमा गुमेका अवसरको प्रतिनिधित्व गर्छ । खराब त के भने यो आँकडा सन् २०१७ देखि एक समान छ र यसले अपराध संकटको दिगो प्रकृतिलाई पनि उजागर गर्छ । हत्याजन्य अपराधले यो क्षेत्रमा जिडिपीको ०.४५ प्रतिशत क्षति पुऱ्याउँछ, अझ क्यारेबियन क्षेत्रमा त यसको मूल्य ०.७१ प्रतिशतभन्दा माथि छ । पुलिस, अदालत र जेलजस्ता कानुन व्यवस्थाका संयन्त्रले अर्को १.०८ प्रतिशत जिडिपी खपत गरिदिन्छ । कारागारहरूको निर्माण तथा मर्मतसम्भारको प्रत्यक्ष लागतबाहेक कैदी-थुनुवामार्फत गुम्ने उत्पादकत्वको चक्रीय असर त पुस्तौंसम्म विस्तारित हुन्छ । सबभन्दा चिन्ताजनकचाहिँ व्यवसायको लागत हो, उनीहरूले सुरक्षाका उपायहरूमा जिडिपीको १.६ प्रतिशत खर्च गर्छन् ।

यद्यपि, यी आँकडाले यो क्षेत्रमा अपराधको वास्तविक लागतलाई मुस्किलले उजागर गर्छन् । उच्च हिंसादरका कारण विदेशी लगानीकर्ताले विशेषगरी वित्त तथा कृषिजस्ता महत्त्वपूर्ण क्षेत्रमा लगानीबाट परहेज राख्छन् । महिलाहरू कार्यबलबाट बाहिरिएर विद्यमान लैंगिक असमानता चर्किंदै गएको छ । अपराध हुने क्षेत्रका विद्यालयमा विद्यार्थीको उपस्थिति पातलिँदो छ भने शिक्षामा गुणस्तर कायम राख्न शैक्षिक संस्थाहरू संघर्षरत रहँदा शैक्षिक परिणाम प्रभावित भएका छन् । अर्थतन्त्रको अदृश्य पूर्वाधारका रूपमा रहने 'विश्वासको संकट' नागरिकबिच मात्र होइन, संस्थाहरूबिच पनि गहिरिँदै गएको छ । प्राकृतिक स्रोतसाधनको दोहन र आपराधिक समूहबाट पारिस्थितिकीय प्रणालीको क्षयीकरणका कारण वातावरणले पनि मूल्य चुकाउनुपरेको छ । यो संकटबाट पार पाउनु यहाँका अर्थतन्त्रका लागि वरदान साबित हुनेछ । हाम्रो अध्ययनले अपराधको दरलाई युरोपका ६ मुलुक चेक गणराज्य, आयरल्यान्ड, नेदरल्यान्ड्स, पोल्यान्ड, पोर्चुगल र स्विडेनको औसतमा झार्ने हो भने यो क्षेत्रले जिडिपीको लगभग एक प्रतिशत अर्थात् ५७ अर्ब डलर जोगाउन सक्छ । यी स्रोतलाई सबल समुदाय निर्माण तथा दिगो विकासलाई बढावा दिने कार्यक्रमतर्फ निर्देशित गर्न सकिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको एक अध्ययनले यी देशमा हत्याको दरलाई विश्वव्यापी औसतमा घटाउँदा वार्षिक आर्थिक वृद्धिलाई ०.५ प्रतिशत बिन्दुले बढाउन सकिन्छ । यो भनेको सन् २०१७ देखि २०१९ को बिचको यस क्षेत्रको वृद्धिको लगभग एकतिहाइ हुन आउँछ ।

इन्टर-अमेरिकन डेभलपमेन्ट बैंक (आइडिबी)ले



प्रतिअपराध स्थापित हस्तक्षेपहरूको डाटाबेस संकलित गरेको छ । यसका निष्कर्षले हिंसा कम गर्न बहुआयामिक दृष्टिकोण आवश्यक हुने देखाएको छ । यो क्षेत्रका नीति-निर्माताले सुरक्षा खर्चको दक्षता र न्याय प्रणालीको प्रभावकारिता र निष्पक्षतामा सुधार गर्न संस्थागत सुधार लागू गर्नुपर्छ । अपराधका मूल कारणलाई सम्बोधन गर्ने र समुदायमा रोजगारी सिर्जना गर्ने लक्षित सामाजिक कार्यक्रम पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । उदाहरणका लागि, ब्राजिलले डाटा-सञ्चालित, नतिजामा आधारित 'सुरक्षा रणनीति' लागू गरेपछि हत्या १७ प्रतिशतसम्म घटेको थियो । यसले के देखाउँछ भने प्रमाणमा आधारित सुधार अपनाउने राजनीतिक इच्छाशक्ति भएमा परिवर्तन सम्भव छ । तर, आजका चुनौतीहरूले क्षेत्रीय रूपमा समन्वित प्रतिक्रियाको माग गर्छन् । आपराधिक सञ्जाल थप अन्तरदेशीय र अन्तरआबद्धित हुँदै र पत्ता लगाउन थप जटिल र कठिन हुँदै गएका छन् । जबकि तिनलाई सामना गर्ने प्रयास समन्वित हुन सकिरहेका छैनन् । क्षेत्रीय सहयोगमा सुधार गर्न आइडिबीले सुरक्षा, न्याय तथा विकासका लागि अलायन्स गर्न १८ देशसँग सहकार्य गरेको छ । यो अलायन्सले सरकारलाई नतिजामा आधारित प्रतिअपराध नीतिहरूको विकास र तिनको कार्यान्वयनमा समन्वय गर्न सक्षम बनाउनेछ । विश्व बैंक, इन्टरपोल र अर्गनाइजेसन अफ अमेरिकन स्टेट्स (ओएएस) लगायत ११ संस्था यो पहलमा सामेल छन् ।

यो क्षेत्रका देशसँग असाधारण सम्भावना छ । उनीहरू जैविक विविधता र खनिजमा धनी छन् । उनीहरूसँग विश्व अर्थव्यवस्थाको हरित ऊर्जातर्फको संक्रमणलाई शक्ति प्रदान गर्ने र विश्वलाई खुवाउने क्षमता छ । हिंसाले यो क्षेत्रको विकासमा बाधा पुऱ्याएको भए पनि हिंसाले उनीहरूको भविष्य परिभाषित गर्न भने आवश्यक छैन । सार्वजनिक संस्थालाई बलियो बनाउने र प्रतिअपराधका नतिजामूलक नीति लागू गर्ने सहयोगी प्रयासलाई प्रोत्साहित गरेर यी देशले हिंसामा होइन कि जीवनस्तरमा वृद्धिका समाचार शीर्षक दिने कुरा सुनिश्चित गर्न सक्छौं ।

(अल्भाराडो 'इन्टर-अमेरिकन डेभलपमेन्ट बैंक'मा 'सिटिजन सेक्युरिटी एन्ड जस्टिस' विभागकी प्रमुख र इबानेज 'सेक्टर्स एन्ड नलेज' विभागकी उपाध्यक्ष हुन् ।)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

हक्कानीको हत्या र तालिबानभित्रको आन्तरिक द्वन्द्व

सन् २०२१ अगस्टयता भएको सबैभन्दा शीर्ष सत्तारूढ नेताको हत्याले तालिबानभित्र ठुलो आन्तरिक विभाजन रहेको आशंकालाई जन्माएको छ



● रुचि कुमार

स्वतन्त्र पत्रकार रुचि कुमार भारत र अफगानिस्तानका द्वन्द्व, राजनीति र विकासका मुद्दाबारे कलम चलाउँछिन्

डिसेम्बर ११ मा काबुलमा भएको बम विस्फोटमा मारिने पाँचजनामध्ये एक तालिबान सरकारका मन्त्रीसमेत थिए । मृतक शरणार्थीमन्त्री खलिल उर रहमान हक्कानी अफगानिस्तानभित्र प्रभावशाली रहेको 'हक्कानी सञ्जाल'का शीर्ष नेता थिए । तालिबानको सबैभन्दा नजिकको सहयोगी सञ्जालले सन् २०२१ मा तालिबानलाई काबुल कब्जा गर्न सघाएको थियो । त्यसयता दुई समूह संयुक्त रूपमा सत्ता चलाइरहेका छन् ।

खलिल हक्कानीको हत्यालगत्तै त्यसको जिम्मा इस्लामिक स्टेट (आइएस)को खोरासन प्रोभिन्स शाखा (आइएसकेपी)ले लिएको थियो । खलिल तीन वर्षअघि अमेरिका समर्थित असरफ घानीको सरकार अपदस्थ भएर तालिबान नेतृत्वको सरकार गठन भएयता मारिने सबैभन्दा ठुला सत्तारुढ नेता हुन् । यस हत्याले तालिबान र उसका सहयोगीबिचको आन्तरिक तनाव, अफगानिस्तानभित्र 'आइएसकेपी'को प्रभाव र अझ बृहत्तर रूपमा समग्र अफगानिस्तानको सुरक्षाबारे प्रश्न उठाएको विश्लेषक बताउँछन् ।

कसले मार्‍यो हक्कानीलाई ?

हक्कानी सञ्जालका सबैभन्दा शीर्ष नेता सिरजुद्दिन हक्कानीका काका हुन्, खलिल उर रहमान हक्कानी । तालिबान नेतृत्वको सरकारमा दोस्रो शीर्ष मन्त्री मानिने सिरजुद्दिन हाल देशभरको सुरक्षा व्यवस्था हेर्ने गृह मन्त्रालय सम्हालिरहेका छन् । तालिबानले देशभर नियन्त्रण कायम गरेपछि खलिललाई राजधानी काबुलको सुरक्षाको जिम्मेवारी दिइएको थियो । पछि सरकार गठन हुँदा उनी शरणार्थीमन्त्री बने । विगतमा खलिलले हक्कानी सञ्जालले सञ्चालन गर्ने कारबाहीको नेतृत्व गर्ने गरेका थिए । साथमा उनलाई अलकायदाको सेनालाई सघाउने जिम्मेवारी पनि दिइएको थियो । उनी आफ्नो सञ्जालको कोष संकलन प्रयासमा महत्त्वपूर्ण कडीसमेत थिए ।

सन् २०११ मा अमेरिकी अर्थ मन्त्रालयले उनलाई 'आतंकवादी'को सूचीमा राख्यो । उनलाई पत्रेर वा मारेर ल्याउन सघाउनेलाई ५० लाख डलरको पुरस्कार घोषणा गरिएको थियो । 'उनी अत्यन्त महत्त्वपूर्ण थिए,' जेनेभामा मुख्यालय रहेको सेन्टर अन आर्म्ड ग्रुप्सका सह-निर्देशक एस्ले ज्याक्सनले भनिन् । ज्याक्सनका अनुसार हक्कानी सञ्जाल निर्माणमा ठुलो भूमिका निभाएका खलिलको तालिबान सरकारभित्र बलियो प्रभाव थियो । 'उनी आफ्ना काम गर्न स्वतन्त्र थिए, जसलाई तिनले पूर्ण उपभोग गरे । उनले आफूले चाहेजसरी काम गरे,' ज्याक्सनले भने ।

सन् २०२१ मा मन्त्री पदमा हक्कानीको चयन हुँदा पश्चिमी अधिकारीमाझ चिन्ता छाएको 'इन्टरनेसनल क्राइसिस ग्रुप'का वरिष्ठ सल्लाहकार ग्राएम स्मिथ बताउँछन् । 'युद्धका दिनका कठोर कमान्डरका रूपमा मात्र पश्चिमी अधिकारीले उनलाई चिनेका थिए । शरणार्थी मन्त्रीले धेरै अवस्थामा एनजिओसँग काम गर्नुपर्ने भएकाले यस मन्त्रालयको नेतृत्व नरम व्यक्तित्व भएको मानिसले गरोस् भन्ने तिनको चाहना थियो,' स्मिथले भने ।

तर, मन्त्रीका रूपमा हक्कानीले व्यावहारिक नेताको पहिचान बनाए । 'पर्दापछाडि उनी युवती र महिलाहरूले माध्यमिक विद्यालय र विश्वविद्यालय पढ्न पाउनुपर्ने पक्षमा लबिङ गरिरहेका थिए,' स्मिथले सम्झिए । तालिबानले महिला स्वतन्त्रतामा थुप्रै नियन्त्रण लागू गरेको भए पनि महिलाको उच्च शिक्षामाथि प्रतिबन्ध लगाउने विषयमा सरकारभित्र पक्ष-विपक्ष देखिएको थियो । मुख्यतः हक्कानी सञ्जालका नेताहरू महिलाको उच्च शिक्षमाथिको पूर्ण प्रतिबन्धको विरोधमा उत्रिएको विश्लेषकहरू बताउँछन् । 'उनी हक्कानी सञ्जालभित्र एक शक्तिशाली व्यक्तित्व थिए । सञ्जालले मन्त्री पदका एक सदस्य गुमाएकाले उसको शक्ति घट्नेछ,' ज्याक्सनले भनिन् ।



> यदि आइएसकेपी हक्कानीको हत्याका लागि साँच्चै जिम्मेवार भए, यसले ऊ अफगानिस्तानमा बलियो शक्ति रहेको संकेत गर्छ । तालिबानले त्यस समूहमाथि विगतमा ठुलो सैन्य अभियान चलाउँदा पनि समूह अझै शक्तिशाली देखिन्छ ।

तालिबान नेतृत्वभित्रै विभाजन

खलिल हक्कानीमाथिको आक्रमणको जिम्मेवारी तत्कालै आइएसकेपीले लियो । तथापि, आक्रमणको निसानाको हैसियत र आक्रमणको प्रकृतिले हत्या कतै तालिबान सरकारभित्रको आन्तरिक तनावले निम्त्याएको त होइन भन्ने आशंका जन्मायो । तालिबान र हक्कानी सञ्जालका शीर्ष सदस्यमाथिको आक्रमणका लागि धेरै लामो योजना तथा घुसपैठको आवश्यकता पर्छ । 'खलिल हक्कानी सजिलै मार्न सकिने व्यक्ति थिएनन् । उनी आफैं पनि सधैं हातहतियार लिएर हिँड्थे भने उनका वरिवरि बलियो सुरक्षा उपस्थिति रहन्थ्यो । साथै उनले कुनै अपरिचित व्यक्तिलाई आफू नजिक आउन दिने सम्भावना अत्यन्त न्यून थियो,' ज्याक्सनले बताइन् ।

इन्टरनेसनल क्राइसिस ग्रुपका विश्लेषक इब्राहिम बहिसले आक्रमणका तालिबानभित्रको आन्तरिक द्वन्द्व हत्याको कारण हो भन्ने आशंका बढाएको मान्छन् । हक्कानी सञ्जालका सदस्यले तालिबानका सर्वोच्च नेता हैबतुल्ला अखुन्डादाले लिएका केही निर्णयप्रति खुलेर विरोध जनाएका थिए । हक्कानीहरू दक्षिणपूर्वी भेगका आफ्ना प्रभाव क्षेत्रमा बलपूर्वक लागू गरिएका केही फर्मान जारी गर्रिंदा पनि विरोधमा उत्रिएका थिए ।

तालिबानले भने आफूहरूबिच विवाद रहेको हल्लालाई खण्डन गरेको छ । उपप्रधानमन्त्रीसमेत रहेका अब्दुल घानी बरादरलगायत कैयौं शीर्ष तालिबान नेता खलिल उर रहमान हक्कानीको अन्तिम संस्कारमा सहभागी भए । बरादरले त्यहाँ आन्दोलनका नेताबिच कायम 'प्रेम र मित्रता'को चर्चा गरे । उनले समर्थकलाई सरकारभित्र ठुलो विवाद रहेको हल्लाको पछि नलाग्न आग्रह गरेको खबर बाहिरिएको छ । केही मतभिन्नताका बाबजुद तालिबान सरकारका गुटबिचको विवाद तिनका बिच खुला द्वन्द्व निम्त्याउने स्तरको नरहेको सुरक्षा विश्लेषक बताउँछन् ।

'कुनै पनि सरकारभित्र विवाद हुनु सामान्य हो । तालिबान नेताबिच राजनीतिक असमझदारी छ भन्ने विषय पहिलेदेखि बाहिरिइसकेकाले नयाँ होइन,' स्मिथले भने । गत तीन वर्षको अवधिमा सत्तारुढ समूहका गुटबिच कुनै हिंसात्मक द्वन्द्व भएको छैन । यसले पनि उनीहरूबिच ठुलो विवाद रहेकोमा सेन्टर अन आर्म्ड ग्रुप्सकी सह-निर्देशक ज्याक्सन आशंका जताउँछिन् ।

आइएसकेपीको प्रभाव

यदि आइएसकेपी हक्कानीको हत्याका लागि साँच्चै जिम्मेवार भए, यसले ऊ अफगानिस्तानमा बलियो शक्ति रहेको संकेत गर्छ । तालिबानले त्यस समूहमाथि विगतमा ठुलो सैन्य अभियान चलाएको थियो । यसका बाबजुद ऊ अफगानिस्तानको मुख्य सुरक्षा चुनौती रहिरहेको देखिन्छ । 'यो अफगानिस्तानमा लामो समयपछि भएको शीर्ष नेतृत्वको हत्या हो । यदि खलिल हक्कानीजस्ता उच्चपदस्थ नेता मारिन सक्छन् भने समग्र सुरक्षामा गम्भीर समस्या रहेछ भन्ने संकेत गर्छ,' ज्याक्सनले भनिन् ।

गत जुलाईमा प्रकाशित संयुक्त राष्ट्रसंघीय निगरानीको एक रिपोर्टअनुसार अफगानिस्तानमा आइएसकेपीले केही नेता र भूमि गुमाएको भए पनि लडाकु भने बढाएको थियो । तिनको लडाकुको संख्या चार हजारबाट बढेर ६ हजार पुगेको रिपोर्टले उल्लेख गरेको छ । हक्कानीजस्ता शीर्ष नेताको हत्या गर्न सफल भएको मान्ने हो भने पनि समूहले गर्ने आक्रमणको संख्या भने पछिल्ला तीन वर्षमा घटिरहेको तथ्यांकले देखाउँछ ।

'सन् २०२१ अगस्टमा सत्ता कब्जा गरेपछिका सुरुवाती महिनामा तालिबानले आइएकेपीविरुद्ध ठुलो संघर्ष गर्नुपरेको थियो । पछि तालिबानले आइएसकेपीका शीर्ष नेताकेन्द्रित हत्या अभियान चलायो । त्यसयता हिंसाको स्तर घटिरहेको छ । आइएसकेपी तालिबानको शक्तिशाली सुरक्षा संयन्त्रसँग अस्तित्वका लागि संघर्ष गरिरहेको सन्दर्भमा पछिल्लो हत्यालाई हेरिनुपर्छ,' स्मिथले भने । विश्लेषक बहिस पनि आइएसकेपीले खुला आक्रमण गर्न नसकेपछि रणनीतिक निसानामाथि आक्रमण बढाएको स्विकार्छन् ।

'तिनले अहिले या त दूतावास, होटेल वा पर्यटकजस्ता विदेशी चासोका केन्द्रलाई निसाना बनाइरहेका छन् या शीर्ष तालिबान नेतृत्व पछाडि गएका छन्,' बहिसले भने । अफगानिस्तानभित्र कमजोर भएको भए पनि आइएसकेपीको अन्तर्राष्ट्रिय प्रभाव र आक्रमण क्षमता भने बढेको बहिस बताउँछन् । यो तथ्य समूहले गत जुनमा रुसभित्र आक्रमण गरेर उजागर गरिसकेको छ । जुलाईको संयुक्त राष्ट्र संघको रिपोर्टले पनि आइएसकेपीले आफ्नो 'आर्थिक तथा सामरिक क्षमता बढाएको र भर्ती प्रयासलाई तीव्र बनाएको' उल्लेख गरेको थियो । आइएसकेपीले तालिबान लडाकुसमेत भर्ती गरिरहेको रिपोर्ट आएका छन् । बहिस तालिबानको सुरक्षा व्यवस्थामा देखिएको चुकै कारण पछिल्लो आक्रमण सम्भव भएको मान्छन् । 'आइएसकेपी अफगानिस्तानबाट समूल नष्ट हुनेछ भन्ने विचार असम्भव देखिन्छ । तालिबानले उनीहरूबाट लामो चुनौती सामना गर्नुपर्ने देखिन्छ,' उनले भने ।

-अल जजिराबाट

इतिहासमा आज



सन् १९४६ : भियतनामलाइ फ्रान्सको उपनिवेशबाट मुक्त गर्ने उद्देश्यले हो ची मिन्ह नेतृत्वको रहेको भियत मिन्हले युद्धको घोषणा गऱ्यो ।

सन् १९३२ : बिबिसीले 'एम्पायर सर्विस'नाममा विदेशमा समेत आफ्ना प्रसारण सुरु गऱ्यो ।

सन् १९६७ : दुई दिनअघि समसद्री तटमा पौडी खेल्ने क्रममा हराएका अस्ट्रेलियाका प्रधानमन्त्री ह्यारोल्ड होल्ट मृत घोषण भए । दुई वर्षअघि प्रधानमन्त्री चुनिएका होल्टको शव कहिल्यै फेला परेन ।

सन् १९८४ : बेलायत र चीनबिच सन् १९९७ मा बेलायतले हङकङ चीनलाई फिर्ता गने प्रतिबद्धतामा सहमतिमा हस्ताक्षर भयो ।

सन् १९८६ : आन्द्र सखारोभ र उनकी श्रीमती ऐना बानरलाई सोभियत बन्द नगर गोर्कीको आन्तरिक निर्वाचसनबाट मुक्त गरे ।

सन् १९९८ : राष्ट्रपति बिल क्लिन्टनविरुद्ध ल्याइएको महाभियोग मुद्दालाई सिनेटमा पठाइयो ।

सन् २०१२ : पार्क गेयुन-हे दक्षिण कोरियाकी प्रथम महिला राष्ट्रपति चुनिइन् ।

युक्रेन युद्धमा पहिलोपटक उत्तर कोरियाली सैनिक मारिएको दाबी

किभ/ युक्रेनको सैन्य गुप्तचर तथा अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन)ले रुसको कुर्स्क क्षेत्रमा रुसी सेनासँगसँगै लडिरहेका उत्तर कोरियाली सेना पहिलोपटक मारिएको दाबी गरेका छन् । युक्रेनको सैन्य गुप्तचर एजेन्सी 'जियुआर'ले सोमबार उत्तर कोरियाली सेनाको एकाइमा क्षति पुगेको बताएको छ । प्लेखोभो, भोरोब्जा र माटिनोभ्का गाउँनजिकको कुर्स्क क्षेत्रमा तैनाथ उत्तर कोरियाली सेनामा 'ठुलो क्षति' पुगेको छ । त्यहाँ 'कम्तीमा ३० सेना' मारिएका या घाइते भएका छन् । 'कुरिलोभ्का गाउँमा समेत कम्तीमा तीनजना उत्तर कोरियाली सैनिक बेपत्ता भएका छन्,' जियुआरले सोमबार आफ्नो टेलिग्राम च्यानलमा पोस्ट गरेको एक विज्ञप्तिमा भनिएको छ ।

पेन्टागनका प्रवक्ता मेजर जनरल प्याट राइडरले वासिंटन डिसीमा पत्रकारसँग कुरा गर्दै युक्रेनी सेनाको दाबीमा सत्यता रहेको बताए । अमेरिकाले उत्तर कोरियाली सेना कुर्स्क क्षेत्रको लर्डामा 'मारिएको वा घाइते भएको' 'संकेत' फेला पारेको उनले बताए । दक्षिण कोरियाली, अमेरिकी र युक्रेनी गुप्तचरका अनुसार करिब ११ हजार उत्तर कोरियाली सैनिकलाई युक्रेन युद्धमा लड्न रुसमा पठाइएको छ । रुस पठाइएका अधिकांश उत्तर कोरियाली सेना कुर्स्क क्षेत्रमा तैनाथ छन्, जुन आंशिक रूपमा युक्रेनी नियन्त्रणमा छ ।

Coca-Cola

बोटलर्स नेपाल लिमिटेडका शेयरधनी महानुभावहरूलाई छयालीसौँ वार्षिक साधारण सभाको सूचना

मिति २०८१/०८/०५ गते, बुधबार (तदनुसार २० नोभेम्बर, २०२४) बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको छयालीसौँ वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति, समय र स्थान

- मिति : २०८१, पुस २६ गते (तदनुसार १० जनवरी २०२५)
- समय : दिउँसो ४ बजे ।
- स्थान : होटल ज्याडिसन, लाजिम्पाट, काठमाण्डौं ।

(सभा ठीक तोकिएको समयमा संचालन हुने भएकोले उपस्थिति पुस्तिका ३:३० बजे देखि खुला राखिने छ ।)

छलफलका विषय सूची

१. **सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

ख) प्रबन्ध संचालकको पारिश्रमिक वृद्धि पारित गर्ने ।

२. **विशेष प्रस्ताव**

क) एकिकृत वित्तिय विवरण, सम्वत् २०८१ असार ३१ गते सम्मको वासलात, आ. व २०८०/८१ को आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरिक्षकको प्रतिवेदन स्वीकृत गर्ने ।

ख) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने । *(श्री पि.के.एफ टि.आर उपाध्याय एण्ड को (फर्म रजिष्ट्रेशन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर) लाई आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न रु.६,००,००० (छ लाख मात्र) पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ती गर्ने प्रस्ताव गरिएको)।*

३. **विविधः** XXX

द्रष्टव्यः छयालीसौँ वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८१/०९/१९ (तदनुसार ३ जनवरी, २०२५) गते कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१८(तदनुसार २ जनवरी, २०२५) गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडबाट प्राप्त हुने शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ ।

संचालक समितिको आदेशानुसार

.....
प्रतीमा बर्मा
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ । कुनै कारणवश कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौंमा सम्पर्क गर्नुहुन सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन र प्रोक्सी फारम कम्पनीको वेवसाईट www.bnl.com.np बाट समेत अध्ययन गर्न सकिने छ ।

२. सभामा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र/BOID (हितग्राही खाता नम्बर) अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ । कुनै शेयरधनी माहानुभावहरुले कुनै कारणवश सो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुने अनुरोध गरिएको छ ।

३. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेलमा अनुरोध गर्नु पर्नेछ ।

४. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत नेहा प्रजापती neha.prajapati@nabilinvest.com.np वा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ ।

५. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ । कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ ।

६. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ ।

७. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ ।

८. अन्य कुनै जानकारीको लागि कृपया कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौंमा अथवा फोन नं. ४३५२२९४वा ४३५२९८८ ext. २१६ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, फोन नं. ४५११६०४ ext. ११७ वा १४५ मा सम्पर्क गर्नु होला ।

Coca-Cola

बोटलर्स नेपाल (तराई) लिमिटेडका शेयरधनी महानुभावहरूलाई अठतिसौँ वार्षिक साधारण सभाको सूचना

मिति २०८१ साल मंसिर ०५ गते, बुधबार (तदनुसार नोभेम्बर २०, २०२४) बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीकौं अठतिसौँ वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान तथा समयमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्बन्धित सबै शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मिति, समय र स्थान

- मिति : २०८१, पुष २६ गते (तदनुसार जनवरी १०, २०२४)
- समय : दिउँसो १२:०० बजे ।
- स्थान : होटल ज्याडिसन, लाजिम्पाट, काठमाण्डौं ।

(सभा ठीक तोकिएको समयमा संचालन हुने भएकोले उपस्थिति पुस्तिका ११:०० बजे देखि खुला राखिने छ ।)

छलफलका विषय सूची

१. **सामान्य प्रस्ताव**

क) आर्थिक वर्ष २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

ख) सम्वत् २०८१ असार ३१ गतेसम्मको वासलात, आय विवरण, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको लेखापरीक्षण भएको वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन स्वीकृत गर्ने ।

ग) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक स्वीकृत गर्ने । *(श्री पि.के.एफ टि.आर उपाध्याय एण्ड को (फर्म रजिष्ट्रेशन नं. ०६) (सुमित्रा रिजाल, पार्टनर) लाई आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्न रु.६,५०,०००/- (छ लाख पचास हजार मात्र)पारिश्रमिक सहित लेखापरीक्षक नियुक्ती गर्ने प्रस्ताव गरिएको)।*

घ) कम्पनीको नगद लाभांश वितरण गर्ने बारे *(संचालक समितिले प्रति शेयर रु.५०/- (पचास मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव गरिएको)* ।

२. **विशेष प्रस्तावः** XXX

३. **विविधः** XXX

द्रष्टव्यः अठतिसौँ वार्षिक साधारण सभालाई ध्यानमा राखि मिति २०८१/०९/१९ (तदनुसार ३ जनवरी, २०२५) गते कम्पनीको शेयर दाखिल खारेज दर्ता बन्द रहने जानकारी समेत यसै सूचनाद्वारा शेयरधनी महानुभावहरुमा सूचित गरिन्छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१८(तदनुसार २ जनवरी, २०२५) गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेडबाट प्राप्त हुने शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुलाई साधारण सभामा सहभागी गराइनेछ ।

संचालक समितिको आदेशानुसार

.....
प्रतीमा बर्मा
कम्पनी सचिव

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको वार्षिक प्रतिवेदन, प्रतिनिधि (प्रोक्सी) फारम तथा वार्षिक साधारण सभासँग सम्बन्धित अन्य कागजातहरु कम्पनीको अभिलेखमा रहेको शेयरधनी महानुभावहरुको ठेगानामा हुलाकबाट छुट्टै प्रेषित गरिनेछ । कुनै कारणवश कुनै शेयरधनी महानुभावले वार्षिक प्रतिवेदन प्राप्त नगरेको खण्डमा कम्पनीको रजिष्टर्ड कार्यालय, बालाजु औद्योगिक क्षेत्र, बालाजु, काठमाडौंमा सम्पर्क गर्नुहुन सक्नुहुनेछ वा उक्त वार्षिक प्रतिवेदन कम्पनीको वेवसाईट www.bnl.com.np बाट अध्ययन गर्न सकिने छ ।

२. सभामा भाग लिन चाहने महानुभावहरुले प्रवेश पत्र वा शेयर प्रमाणपत्र/BOID (हितग्राही खाता नम्बर) अनिवार्य रुपले लिई आउनु हुन अनुरोध गरिन्छ । कुनै शेयरधनी माहानुभावहरुले कुनै कारणवश सो सूचना नपाउनु भएमा यसैलाई सूचना सरह मानी आफ्नो कुनै एक परिचयपत्र र शेयरको सक्कल प्रमाण पत्र साथमा लिई सभामा भाग लिन आउनु हुने अनुरोध गरिएको छ ।

३. सभामा कुनै प्रश्न/सल्लाह/सुझाव राख्न चाहनुहुने शेयरधनी महानुभावले सभा सुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै investorrelations@coca-cola.com.np मा इमेल मा अनुरोध गर्नु पर्नेछ ।

४. कुनै अर्को शेयरधनीको प्रतिनिधि (प्रोक्सी) को रुपमा भाग लिन र मतदान गर्न चाहने शेयरधनीले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै प्रोक्सी फारम इमेल मार्फत नेहा प्रजापती neha.prajapati@nabilinvest.com.np वा नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल (कम्पनीको शेयर रजिष्ट्रार) मा पेश गर्नु पर्नेछ ।

५. सभामा उपस्थित हुनको लागि कुनै एक शेयरधनीको तर्फबाट एक भन्दा बढी व्यक्तिहरुको नाममा प्रोक्सी नियुक्त भएमा सबैभन्दा पछिल्लो मितिमा नियुक्त गरिएको प्रोक्सीले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ । कुनै शेयरधनीले एकै मितिमा एक भन्दा बढी प्रोक्सी नियुक्त गरेमा सबै भन्दा पहिले प्रोक्सी कम्पनीको कार्यालयमा दर्ता गर्ने व्यक्तिले सभामा उपस्थित हुन र मतदान गर्न पाउने छ ।

६. नाबालक तथा मानसिक सन्तुलन ठीक नभएका शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले सभामा भाग लिन र मतदान गर्न वा प्रोक्सी नियुक्त गर्न सक्नेछ ।

७. संयुक्त रुपमा धारण गरेको शेयरको हकमा शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति वा सर्व सम्मतिबाट प्रतिनिधि नियुक्त भएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउने छ ।

८. अन्य कुनै जानकारीको लागि कृपया कम्पनीको रजिष्टर्ड कार्यालय बालाजु, काठमाडौंमा अथवा फोन नं. ४३५२२९४ वा ४३५२९८८ ext. २१६ वा हाम्रो शेयर रजिष्ट्रार कार्यालय, नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायण चौर नक्साल, फोन नं. ४५११६०४ ext. ११७ वा १४५ मा सम्पर्क गर्नु होला ।

पाँच महिनामा पौने २१ अर्ब एफडिआई स्वीकृत

नयाँ पत्रिका

चालू आर्थिक वर्षको पहिलो पाँच महिना (साउन-मंसिर)मा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता सामान्य बढेको छ। उद्योग विभागले पाँच महिनामा २० अर्ब ७८ करोड रुपैयाँ एफडिआई स्वीकृत गरेको छ।

गत आवको पहिलो पाँच महिनामा २० अर्ब ६१ करोड रुपैयाँ एफडिआई स्वीकृत भएको थियो। यस वर्ष प्रत्यक्ष वैदेशिक लगानी उल्लेख्य बढ्न नसके पनि विदेशी लगानी रहने उद्योगहरूको संख्या भने बढेका छन्। गत आवको पहिलो पाँच महिनामा एक सय ९९ परियोजनाको लगानी स्वीकृत भएकोमा यस वर्षको सोही अवधिमा ३१९ परियोजनाको लगानी स्वीकृत भएको छ। उद्योग विभागका अनुसार अघिल्लो मंसिरमा २१ उद्योगमार्फत प्रस्तावित दुई अर्ब २६ करोड रुपैयाँ विदेशी लगानी स्वीकृत भएकोमा यो मंसिरमा ५६ उद्योगमार्फत प्रस्तावित दुई अर्ब ११ करोड रुपैयाँ विदेशी लगानी स्वीकृत भएको छ।

पाँच महिनाको अवधिमा एक सय ३८ उद्योगले अटोमेटिक रुटबाट दुई अर्ब १३ करोड रुपैयाँ लगानीको प्रस्ताव गरेका छन्। एक सय ८१ परियोजनाले नियमित प्रक्रियाबाटै १८ अर्ब ६५ करोड रुपैयाँ लगानीको प्रस्ताव गरेका छन्। सुरुवातदेखि मंसिर मसान्तसम्म उद्योग विभागमार्फत कुल ६ हजार सात सय १८ उद्योगले पाँच खर्ब ४० अर्ब ५४ करोड लगानीको प्रस्ताव गरेका छन्। जसमध्ये १० अर्ब २५ करोड अटोमेटिक रुटबाट र पाँच खर्ब ३० अर्ब २९ करोड नियमित रुटबाट प्रस्ताव आएको उद्योग विभागले जनाएको छ।



पाँच महिनामा स्वीकृत एफडिआई

उद्योगको प्रकृति	संख्या	प्रतिबद्धता (रुपैयाँमा)
उत्पादनमूलक	२२	१ अर्ब ८१ करोड
ऊर्जा	००	००
कृषि तथा वन	५	६७ करोड
पर्यटन	१४५	१२ अर्ब ७६ करोड
खनिज	००	००
सेवामूलक	४०	४ अर्ब ८३ करोड
पूर्वाधारमूलक	१	२ करोड
सूचना प्रविधिमूलक	१०६	६८ करोड
कुल	३१९	२० अर्ब ७८ करोड

स्रोतः उद्योग विभाग

पाँच महिनामा विदेशी लगानीको प्रस्ताव गरिएका तीन सय १९ उद्योगमध्ये तीन सय १२ साना, चार मझौला र तीन ठुला स्केलका हुन्। उद्योग विभागले पाँच महिनाको अवधिमा बिजनेस भिसातर्फ १२ सय लगानीकर्ता, एक सय ४१ सय कम्पनीका प्रतिनिधि र तीन सय ६० वटा डिपेन्डेन्ट विदेशी नागरिकको भिसा प्रस्ताव गरेको छ। मंसिर महिनामा मात्रै तीन सय ८४ लगानीकर्ता, ३४ प्रतिनिधि र ९५ डिपेन्डेन्टको बिजनेस भिसा प्रस्ताव गरेको छ।

■ ओटिटीले घटायो दूरसञ्चार सेवाप्रदायकको अर्बौं आम्दानी

पाँच वर्षमा सवा १९ अर्बले खुम्चियो व्यवसाय

■ ओटिटी प्लाटफर्मको नियमन र राजस्व उठाउन सरकारी निकाय उदासीन देखिन्छ

पवन तिमिल्सिना/नयाँ पत्रिका

दूरसञ्चार सेवाको व्यवसाय खोसिरहेको एप्लिकेसन ओभर दी टप सर्भिसेज (ओटिटी) प्लाटफर्मको नियमन र राजस्व उठाउन सरकारी निकाय उदासिन देखिएको छ। सीमकार्ड नेटवर्कको विकल्पमा भाइबर, ह्वाट्सएप, फेसबुक मेसन्जरजस्ता ओटिटी प्लाटफर्मको प्रयोग बढ्दै जाँदा अर्बौं लगानी गरेका दूरसञ्चार सेवाप्रदायकको आम्दानी खुम्चिएको छ भने मुलुकको राजस्व पनि घट्न थालेको छ।

महालेखा परीक्षकको कार्यालयको ५७औं प्रतिवेदन (०७७)ले टेलिफोन सेवाको महत्त्वपूर्ण हिस्सा इन्टरनेट प्रयोग गरी ओटिटीमार्फत सञ्चालन भइरहेका सेवाप्रदायकलाई दर्ता गराई राजस्व असुल्नुपर्ने निष्कर्ष निकालेको छ। 'ती एप्लिकेसनमार्फत सेवा दिने निकाय दर्ता नभएका, कतिपयले क्रेडिट कार्डलगायत पेमेन्ट गेटवेमार्फत स्वदेश-विदेशबाट भुक्तानी भई नेपालमा सेवा उपभोग गरिरहेका र ती निकाय दर्ता नभएका कारण प्राप्त हुनुपर्ने राजस्व गुमेको,' प्रतिवेदनमा उल्लेख छ।

आयकर ऐन, ०५८ अनुसार तार, रेडियो अप्टिकल फाइबर्स वा भू-उपग्रहजस्ता सञ्चारमाध्यमबाट सूचना सम्प्रेषण गर्ने व्यवसाय सञ्चालन गर्ने व्यक्तिले नेपालमा स्थापित संयन्त्रबाट खबर वा सूचना सम्प्रेषण गरी प्राप्त गरेको भुक्तानी नेपालमा स्रोत भएको मानिने व्यवस्था छ। नेपालको कराधार क्षेत्रभित्र पर्ने भएकाले सेवा प्रदान गर्नुपूर्व दर्ता हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ। महालेखाले औंल्याएको चार वर्ष पुगिसक्यो, तर सरकार र नेपाल दूरसञ्चार प्राधिकरणले सञ्चारमा आधारित ओटिटी सञ्चालन गर्ने कम्पनीहरूलाई नियमन गर्न तदारुकता देखाएको छैन।

नेपाल दूरसञ्चार प्राधिकरणको वार्षिक प्रतिवेदन ०८०/८१ अनुसार पछिल्लो पाँच वर्षमा (आव ०७५/७६ देखि ०७९/८० सम्म) नेपालका दूरसञ्चार सेवाप्रदायकको वार्षिक आम्दानी १९ अर्ब २८ करोडमा खुम्चिएको छ। आव ०७५/७६ मा दूरसञ्चार सेवाप्रदायकले ९२ अर्ब १२ करोड आम्दानी गरेका थिए। आव ०७६/७७ मा यस्तो आम्दानी ८१ अर्ब २० करोड, ०७७/७८ मा ७५ अर्ब ७१ करोड पुग्यो। ०७८/७९ मा यो आम्दानी थोरै बढेर ७७ अर्ब ५ करोड पुगेको थियो। अझै आम्दानी थप खुम्चिएर ०७९/८० मा ७२ अर्ब ८४ करोड पुगेको छ।

ओटिटीको बढ्दो प्रयोगले इन्टरनेट सेवाप्रदायक कम्पनीहरूलाई भने फाइदा पुगेको तथ्यांकले देखाउँछ। ओटिटी दर्ता नहुने भएकाले कति आम्दानी गर्छन् भन्ने यकिन तथ्यांक प्राप्त गर्न सकिँदैन। पछिल्लो पाँच वर्षमा इन्टरनेट सेवाप्रदायक कम्पनीहरूको आम्दानी दोब्बर बढेको छ।

आव ०७५/७६ मा इन्टरनेट सेवाप्रदायकले १० अर्ब ८४ करोड आम्दानी गरेका थिए। यस्तो आम्दानी ०७९/८० मा २१ अर्ब ३९ करोड पुगेको छ। सेवाप्रदायकले आव ०७६/७७ मा ११ अर्ब ३६ करोड, ०७७/७८ मा १५ अर्ब ४८ करोड पुग्यो। ०७८/७९ मा २१ अर्ब ३६ करोड यस्तो आम्दानी गरेको तथ्यांक छ।

पाँच वर्षयता प्राधिकरणले सेवाप्रदायकबाट उठाउनुपर्ने रोयल्टीको रकम पनि घट्दो क्रममा रहेको तथ्यांकले देखाउँछ। आव ०७५/७६ मा तीन अर्ब ९४ करोड रुपैयाँ रोयल्टी उठेकोमा ०७६/७७ मा तीन अर्ब ५३ करोड उठेको थियो। त्यस्तै, ०७७/७८ मा तीन अर्ब ५० करोड, ०७८/७९ मा तीन अर्ब ४५ करोड रुपैयाँ उठेको थियो। आव ०७९/८० मा यस्तो रोयल्टी तीन अर्ब ४० करोडमा सीमित देखिन्छ।

■ दूरसञ्चार सेवाप्रदायकको आम्दानी

०७५/७६	९२ अर्ब १२ करोड ३७ लाख ८४ हजार
०७६/७७	८१ अर्ब २० करोड ३६ लाख ९१ हजार
०७७/७८	७५ अर्ब ७१ करोड २९ लाख २२ हजार
०७८/७९	७७ अर्ब ५ करोड ८० लाख ५८ हजार
०७९/८०	७२ अर्ब ८४ करोड ३४ लाख ७५ हजार

स्रोत : वार्षिक प्रतिवेदन ०८०/८१, नेपाल दूरसञ्चार प्राधिकरण

■ इन्टरनेट कम्पनीलाई सरकारी सहुलियत

ओटिटीमार्फत भ्वाइस कल र मेसेजिङ सेवाको बढ्दो प्रयोगले इन्टरनेट सेवाप्रदायकको आम्दानी बढ्दै गएको छ। यस्ता कम्पनीलाई नियामकीय व्यवस्था पनि लचिलो बनाइएको छ। तर, ओटिटीकै कारण आम्दानी गुमाइरहेको दूरसञ्चार सेवाप्रदायकलाई दर्ता र नवीकरण शुल्कमा इन्टरनेट सेवा प्रदायकलाई भन्दा बढी शुल्क लिने विभेदकारी नीतिले आफूहरू अन्यायमा परेको दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूको गुनासो छ। दूरसञ्चार नियमावलीअनुसार अहिले इन्टरनेट सेवा कम्पनीहरूले अनुमतिपत्र लिन र नवीकरण गर्न एक लाख रुपैयाँ र नवीकरण गर्दा दुई लाख ७० हजार तिरे पुग्छ। तर, दूरसञ्चार सेवाप्रदायकले एकपटकमा २० अर्ब तिर्नुपर्ने हुन्छ। उस्तै, प्रकृतिको व्यवसायबाट आम्दानी गर्ने बजारका खेलाडीलाई व्यवस्था विभेदकारी नीति लिएको टेलिकम सञ्चालकको भनाइ छ।

■ ओटिटी नियमन प्रसारणमा मात्रै

ओटिटी सञ्चार सेवा र प्रसारण सेवामा वर्गीकृत गरिएका छन्। यद्यपि, दूरसञ्चार क्षेत्रको आम्दानी प्रभावित पार्ने सञ्चार सेवा प्रदान गर्ने ओटिटीलाई छाडेर नेपालमा श्रव्य-दृश्य सामग्री प्रसारण र मिडिया स्ट्रिमिङलाई मात्रै नियमन गर्न खोजिएको देखिन्छ। नेपालमा नेटफ्लिक्स, अमेजन प्राइमजस्ता विदेशी ओटिटी प्लेफर्महरूले प्रसारण सेवा दिइरहेका छन्।

सूचना तथा प्रसारण विभागको प्रसारण शाखाका निर्देशक सुबोध नेपालका अनुसार अहिलेसम्म ओटिटीलाई नियमन गर्ने विषयमा जति पनि कानुन बनेका छन्, ती सबै ओटिटीको प्रसारण सेवालाई मात्रै केन्द्रमा राखी तयार पारिएका छन्। उनी भन्छन्, 'हामीले ओटिटीको प्रसारण सेवालाई नियमन गर्न कानुनी व्यवस्था गरिसकेका छौं। अब मात्रै डाउनलिंक शुल्क निर्धारण गर्न बाँकी रहेका पूर्ण रूपमा कार्यान्वयनमा आउन बाँकी छ,' उनले भने, 'सञ्चार सेवाको क्षेत्र नेपाल दूरसञ्चार प्राधिकरणले हेर्ने हो। तर, उसले अहिलेसम्म सञ्चार सेवाप्रदायक ओटिटीलाई नियमन वा दर्ता गर्ने कुनै कानुनी व्यवस्था गरेको देखिँदैन।'

प्राधिकरणका सहप्रवक्ता एवं उपनिर्देशक प्रदीप पौडेलले भने संसारभर नै अहिले ओटिटीलाई नियमन गर्ने वा नगर्ने भन्नेमा अन्योलमा रहेका वेलामा नेपालमा यसको नियमन सहज नभएको बताउँछन्। उनी भन्छन्, 'विश्वका शक्तिशाली राष्ट्रहरूले पनि ओटिटीलाई नियमन गर्न नसकेर हार खाएको अवस्था छ। नेपालमा पछिल्लो समय यस विषयमा छलफलसमेत हुन छाडिसकेको छ।'

एनसेलका प्रमुख नियामकीय अधिकृत विशालमणि उपाध्याय भन्छन्-



एनसेलले पछिल्लो ६ वर्षमा १८ अर्ब आम्दानी गुमाएको छ। ओटिटीको प्रयोगबाट इन्टरनेट सेवाप्रदायक कम्पनीको आम्दानी बढे पनि हामी दूरसञ्चार सेवाप्रदायकले आफ्नो आम्दानी गुमाएका छौं। यसमा राज्यका निकायले गम्भीर हुनुपर्ने देखिन्छ।

दूरसञ्चार प्राधिकरणका उपनिर्देशक प्रदीप पौडेल भन्छन्-



संसारभर नै अहिले ओटिटीलाई नियमन गर्ने वा नगर्ने भन्नेमा अन्योलमा रहेका वेलामा नेपालमा यसको नियमन सहज छैन। विश्वका शक्तिशाली राष्ट्रहरूले पनि ओटिटीलाई नियमन गर्न सकेका छैनन्। नेपालमा यस विषयमा छलफलसमेत हुन छाडिसकेको छ।

सूचना तथा प्रसारण विभागका निर्देशक सुबोध नेपाल भन्छन्-



हामीले ओटिटीको प्रसारण सेवालाई नियमन गर्न कानुनी व्यवस्था गरिसकेका छौं। सञ्चार सेवाको क्षेत्र नेपाल दूरसञ्चार प्राधिकरणले हेर्ने हो। तर, उसले अहिलेसम्म सञ्चार सेवाप्रदायक ओटिटीलाई नियमन वा दर्ता गर्ने कुनै कानुनी व्यवस्था गरेको देखिँदैन।

■ एनसेल र नेपाल टेलिकमको खस्किँदो व्यवसाय

दूरसञ्चार सेवाप्रदायक दुई ठुला कम्पनीको वासलातअनुसार पछिल्लो पाँच वर्षमा आम्दानी खस्किँदै गएको छ। सरकारी स्वामित्वको नेपाल टेलिकमले आफ्नो आम्दानी जिएसएम सेवाबापत उठाउने भए पनि बैंक तथा वित्तीय संस्थामा राखेको निक्षेपबाट ब्याज र अन्य स्रोतबाट आम्दानी गर्छ। ग्राहकलाई टेलिकम सेवा दिएबापत नेपाल टेलिकमले आर्थिक वर्ष ०७९/८० मा ३६ अर्ब २७ करोड आम्दानी गरेको थियो। आर्थिक वर्ष ०८०/८१ को वित्तीय प्रतिवेदन भने आइनसकेको टेलिकमले जनाएको छ। पाँच वर्षअघि आव ०७५/७६ मा यस्तो आम्दानी ३६ अर्ब ७९ करोड रुपैयाँ थियो।

त्यस्तै, टेलिकमले आर्थिक वर्ष ०७५/७६ मा आयकरबापत पाँच अर्ब १८ करोड तिरेको थियो। तर, आर्थिक वर्ष ०७९/८० मा आइपुग्दा तीन अर्ब ९२ करोड मात्रै तिरेको छ।

त्यस्तै, एनसेलले आर्थिक ०७६/७७ मा ४६ अर्ब ७६ करोड आम्दानी गरेकोमा ०८०/८१ मा ३३ अर्ब ९२ करोड मात्रै आम्दानी गरेको छ। राज्यलाई पाँच वर्षअघि ३१ अर्ब ८८ करोडको राजस्व तिरेको एनसेलले आव ०८०/८१ मा २० अर्ब ३० करोडमा सीमित देखिन्छ।

एनसेलले पछिल्लो ६ वर्षमा १८ अर्ब आम्दानी गुमाएको दाबी गरेको छ। मोबाइल नेटवर्कमा ७० प्रतिशतभन्दा भ्वाइस ट्राफिक ओटिटीले ओगटेको एनसेलका प्रमुख नियामकीय अधिकृत विशालमणि उपाध्यायले जानकारी दिए। उनले भने, 'ओटिटीको प्रयोगबाट इन्टरनेट सेवाप्रदायकको आम्दानी बढे पनि हामी दूरसञ्चार सेवाप्रदायकले आफ्नो आम्दानी गुमाएका छौं। यसमा राज्यका निकायले गम्भीर हुनुपर्ने देखिन्छ।'

आगामी दिन सहज देखिँदै छन् : गभर्नर अधिकारी

बैंकर्स संघको अध्यक्षमा कोइराला

नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले पछिल्लो समय आर्थिक गतिविधि बढ्दै गइरहेकाले आगामी दिन बैंकिङ क्षेत्रको अवस्था सहज बन्ने बताएका छन्। नेपाल बैंकर्स संघको ३८औं वार्षिक साधारणसभामा बोल्दै उनले बैंकहरूलाई साँवाब्याज उठाउन सकस पर्दै गए पनि विगतमा जसरी लगानीयोग्य पुँजी (तरलता) जुटाउन समस्या नभएको बताए। उनले भने, 'ऋणको साँवाब्याज उठाउन नसकिएको वेलामा पनि तरलताको समस्या छैन। रेमिट्यान्सलाई धन्यवाद छ। बाह्य क्षेत्र सुविधाजनक स्थितिमा छ। दुःख मान्नुपर्ने कारण छैन। बैंकरहरूलाई लोन रिकभरी मात्रै अहिलेको ठुलो समस्या हो।'

कार्यक्रममा अन्तर्राष्ट्रिय वित्त निगम दक्षिण एसियाका लागि क्षेत्रीय अर्थशास्त्री कमलिका दासले दक्षिण एसियाली राष्ट्रको आर्थिक वृद्धि अन्य देशभन्दा तुलनात्मक रूपमा राम्रो देखिएको बताए। यो क्षेत्रमा प्रवाह हुने रेमिट्यान्सले निजी उपभोग बढाएको र अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुऱ्याएको बताए।

संघको वार्षिक साधारणसभाको अवसरमा राजन सिंह भण्डारीलाई सम्मानपत्र प्रदान गरिएको छ। कार्यक्रममा संघका निवर्तमान अध्यक्ष सुनील केसीले नेपालको बैंकिङ क्षेत्र दक्षिण एसियामै उत्कृष्ट रहेको बताउँदै त्यसका लागि केन्द्रीय बैंकले पुऱ्याएको भूमिकाका लागि आभार व्यक्त गरे। कार्यक्रममा नेपाल बैंकर संघका नवनिर्वाचित अध्यक्ष सन्तोष कोइरालाले बैंकिङ क्षेत्रको समस्या समाधान गर्न सक्दो पहल गर्ने प्रतिबद्धता जनाए।



काठमाडौं/ नेपाल बैंकर्स संघको अध्यक्षमा माछापुच्छे बैंकका प्रमुख कार्यकारी अधिकृत सन्तोष कोइराला निर्वाचित भएका छन्। संघको ३८औं वार्षिक साधारणसभाले अध्यक्ष, उपाध्यक्ष तथा कार्यकारिणी समितिका तीनजना सदस्य निर्वाचित गरेको हो।

अध्यक्षमा निर्विरोध निर्वाचित कोइराला यसअघि संघको उपाध्यक्ष थिए। साथै, उपाध्यक्ष पदमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी निर्विरोध भएका छन्। कार्यकारिणी समितिका तीनजना सदस्यहरूमा एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ, कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनाल र नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत तिलकराज पाण्डेयलाई निर्विरोध निर्वाचित गरेको छ।

साधारणसभाको निर्णयपश्चात् संघको कार्यकारिणी समितिमा प्रभु बैंकका अशोक शेरचन, सानिमा बैंकका निश्चलराज पाण्डे, प्राइम कमर्सियल बैंकका सञ्जीव मानन्धर, सिद्धार्थ बैंकका सुन्दरप्रसाद कँडेल पनि सदस्य छन्। साथै, निवर्तमान अध्यक्ष सुनील केसी कार्यसमितिको पदेन सदस्यको रूपमा रहनेछन्। पूर्वअध्यक्षहरू अशोकशमशेर जबरा र ज्ञानेन्द्रप्रसाद ढुंगाना कार्यसमितिको सल्लाहकारको रुपमा रहनेछन्।

कर्जा चूका गर्न आउने ७ दिने अत्यन्त जरूरी सूचना

गोर्खा जिल्ला गुम्दा वडा न. ५ बस्ने जित बहादुर गुरुङको छोरी राम प्रसाद राईको श्रीमति तपाई रान कुमारी गुरुङले २०७७/०६/२६ मा यस संस्थाबाट कर्जा लिनु भएकोमा तपाईले यस संस्था संग लिखित कबुल गर्नु भएको कर्जाको किस्ता र ब्याज नबुझाउनु भएको र हाल कर्जाको भाखा अवधि समेत समाप्त भई सक्दा पनि तपाई संस्थामा सम्पर्क मा नआएको तपाईलाई बिभिन्न माध्यम बाट सम्पर्क गर्दा तपाईलाई पत्र बुझाउदा पनि सम्पर्कमा नआउनु भएको हुदा मिति २०८१/५/२ गते सम्पर्क गर्न आउने ३५ दिने सूचना प्रकाशित गरिदा समेत तपाई सम्पर्कमा नआउनु भएको हुदा ७ दिन भित्र कर्जाको सावा, ब्याज र हर्जना रकम समेत बुझाउन हुन सुचित गरीन्छ।

अन्यथा सहकारी ऐन २०७४ बिनियमावलि २०७५ र तपाईले सस्थासंग गर्नु भएको कर्जा सम्बन्धि लिखत अनुसार कानूनी प्रकृया अपनाईने व्यहोरा जानकारी गराईन्छ।

उन्नती बचत तथा ऋण सहकारी संस्था लि.
ललितपुर महानगरपालिका वडा न.-१५, सातदोबाटा
सम्पर्क.न. : ५८११५३२५५/ ०१-५२०१०५६

अनलाईन सेक्यूरिटिज लिमिटेडको १७ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/०४

यस कम्पनीको मिति २०८१ मंसिर १४ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस अनलाईन सेक्यूरिटिज लिमिटेडको १७ औं वार्षिक साधारण सभा देहाय बमोजिम हुने भएको ले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क. **सभा हुने स्थान, मिति र समय :**
स्थान : पुतलीसडक स्थित कम्पनीको कार्यालय
मिति : २०८१ पुस १२ गते शुक्रवार
समय : दिनको ३:०० बजे

ख. **छलफलका विषयहरु:**
१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू ले प्रस्तुत गर्नुहुने आ.व. २०८०/८१ को कम्पनीको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखा परिक्षकको आ.व. २०८०/८१ को लेखापरिक्षण प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
३. आ.व. २०८०/८१ को लागी लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा।

ग. **विशेष प्रस्ताव**
१. रणनैतिक साझेदार खोज्ने तथा समान प्रकृतिका संस्था खोजी गरी गाभ्ने वा गाभिने कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा।

घ. **विविध**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

अशोक विनायक बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न. पा ३७ असन, भोटाहिटी, काठमाडौं

२७ औं वार्षिक साधारण सभा बस्ने सम्बन्धि सूचना

यस संस्थाको संचालक समितिको मिति **२०८१/०८/२४** को निर्णयानुसार संस्थाको २७ औं वार्षिक साधारण सभा तपसिल बमोजिमको प्रस्ताव उपर छलफल गरी निर्णय गर्न निम्न लिखित मिति, स्थान र समयमा हुने भएकाले सम्पुर्ण शेयर सदस्य महानुभावहरूलाई अनिवार्य उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ।

छलफलका विषयहरु
क) सचालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारित गर्ने बारे।
ख) लेखा समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि पारीत गर्ने बारे।
ग) आ.व. २०८०।८१ को लेखा परिक्षण प्रतिवेदन पारित गर्ने बारे।
घ) आ.व. २०८१।८२ को वार्षिक योजना, कार्यक्रम तथा बजेट माथि छलफल गरि पारित गर्ने बारे।
ङ) आ.व. २०८१।८२ को लागि लेखा परिक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने बारे।
च) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने बारे।
छ) रिक्त रहेको संचालक समितिको पदपुर्ति सम्बन्धमा।
ज) संस्था एकिकरण सम्बन्धी छलफल गर्ने सम्बन्धमा।
झ) व्याजदर अनुमोदन तथा संसोधन गर्ने सम्बन्धमा।
ञ) छाता संगठनको प्रतिनिधी तोक्ने सम्बन्धमा।
ट) वाह्य दायित्व स्विकार गर्ने सम्बन्धमा।
ठ) छाता संगठनको प्रतिनिधी तोक्ने सम्बन्धमा।
ड) लाभांश तथा सरक्षित पुजिकोष वितरण सम्बन्धमा।
ढ) यस संस्थाले धितो लिलाम सकार गरी आएको सम्पति लिलाम गरि बिक्री वितरण गर्ने सम्बन्धमा।
ण) विविध।

कार्यक्रम :
मिति : २०८१ पौष २० गते शनिवार
स्थान : संस्थाको आफ्नै कार्यालय भवन।
समय : बिहान १० बजे।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-४१११७७७/७८/८८, फ्याक्स: +९७७-१-४१११९८०
टोल फ्री नं.:१६४०-०१-७७७७७१ (NTC) ९८५०-०१-७७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३६६८८ मा SMS पठाउनुहोस्
सिराहा शाखा, सिराहा नगरपालिका, सिराहा
सम्पर्क फोन: +९७७-०३३-५०११५१

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री भक्त बहादुर राजबंशीको नाति, बुद्धि बहादुर राजबंशीको छोरा, कोशी प्रदेश उदयपुर जिल्ला, कठारी नगरपालिका वडा नं. ०४ हाल कठारी - ०८ बस्ने ३६ वर्षको श्री श्याम गोपाल राजवंशीको मिति २०७३/०८/१९ (ई.सं. ०४/१२/२०१६) मा मृत्यु भएकोले स्व. श्याम गोपाल राजवंशीको पत्नी हाल ललितपुर-१७, ललितपुर बस्ने श्री ममता जोशीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको सिराहा शाखा, सिराहा नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ।

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

Government of Nepal (GoN)
Ministry of Home Affairs
Nepal Police Head Quarters
Crime Investigation Department
Naxal, Kathmandu

Re-Invitation for Sealed Quotation

Date of publication: 19 December, 2024 (2081/09/04)

Nepal Police Headquarters Crime Investigation Department Naxal, Kathmandu, invites sealed Quotations form eligible bidders for the procurement of following items.

S.N	Contract ID No.	Name of Goods	Bid Security Amount (NRs.)	Bid Document Fee (NRs.)
1.	*Re-NPHQ/CID/G/SQ/ 2081-082/02*	*Supply & Delivery of Refrigerator & Portable Cooling Box*	*40,000.00*	*1,000.00*

All eligible and interested bidders for more detail, bidders may visit and download the Sealed Quotation Documents from e-GP system http://www.bolpatra.gov.np/egp

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
गाईघाट-दिक्तेल सडक योजना, उदयपुर

निर्माण कार्य सम्पन्न गर्ने बारे अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१।०९।०४)

यस योजना कार्यालयबाट निर्माणाधिन बेल्टार-सिवाई सडक खण्डमा पर्ने त्रियुगा नदि पुल (ठे.नं.८/६५०/०६६/६७) को कार्य सम्पन्न गर्न यस कार्यालय तर्फबाट पटक पटक लिखित एवं मौखिक जानकारी गराउँदा समेत निर्माण कार्य सम्पन्न गर्ने, गराउने सम्बन्धमा निर्माण व्यवसायी **श्री महालक्ष्मी/लोकप्रिय जे.भि., कलंकी, काठमाण्डौ**को तर्फबाट कुनै प्रयास नगरेको/तदारुकता नदेखाएको, General Condition of Contract GCC को ५८.२ (a), ५८.२ (e), ५८.२ (g) उल्लंघन गरेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(२क) बमोजिम ठेक्का अन्त्य हुन र ६३ (ग) बमोजिम सम्झौता अनुरुपको दायित्व सारभुत रुपमा पालना नगरेकोले तिन बर्ष सम्म कालो सुचीमा राख्न किन नपर्ने ? सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र निर्माण स्थलमा सम्बन्धित निर्माण व्यवसायी परिचालित हुन जानकारी गराईन्छ अन्यथा ठेक्का तोडने प्रकिया अघि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

योजना प्रमुख

भोलिदेखि स्वास्थ्यसम्बन्धी दुई अन्तर्राष्ट्रिय प्रदर्शनी हुँदै

काठमाडौं/ भृकुटीमण्डपमा स्वास्थ्यसम्बन्धी दुई प्रदर्शनी हुने भएका छन् । 'नेपाल फर्मा एन्ड हेल्थ अन्तर्राष्ट्रिय प्रदर्शनी' तथा 'नेपाल हस्पिटल, सर्जिकल तथा अन्तर्राष्ट्रिय प्रदर्शनी' हुने भएका हुन् । मिडिया स्पेस सोलुसन्स (एमएसएस), फ्युचरेक्स ट्रेड फेयर्स एन्ड इभेन्ट्स प्रालि तथा एक्जिबसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालि (इटिएसआइपिएल)को आयोजना हुन गइरहेको प्रदर्शनी ५ देखि ७ पुससम्म चल्नेछ ।

उक्त प्रर्दशनीमा स्वदेशी तथा विदेशी गरी सयभन्दा बढी कम्पनीका स्टल रहनेछन् । नेपालका विभिन्न फर्मा र हेल्थकेयर उद्योगलाई जोड्न, सम्बन्ध निर्माण गर्न र व्यापार अवसर बढाउन यी प्रदर्शनीले भूमिका निर्वाह गर्ने आयोजकले जनाएको छ । नेपालले औषधि तथा स्वास्थ्य उद्योगको विकासमा गति लिएको र यी क्षेत्रबाट विशेष गरी देशको विस्तारित अर्थतन्त्रमा प्रत्यक्ष फाइदा हुन्छ भनी बताइएको छ । साथै, स्वास्थ्य सेवामा सरकारी लगानी बढ्नुका साथै नेपालको औषधि तथा स्वास्थ्य सेवा उद्योगले दिगो विकास पनि ल्याउन सक्ने सम्भावना रहेको आयोजको भनाइ छ ।

नेपाल फर्मा र हेल्थ प्रदर्शनीले स्थानीय औषधि, चिकित्सा र स्वास्थ्य सेवा उद्योगका लागि सञ्जालको काम पनि गरी औषधोपचारको क्षेत्रमा नयाँ आविष्कारदेखि नयाँ औषधिको विकाससम्मको विश्वव्यापी नवीनता प्रविष्ट गराउने माध्यम पनि बन्नेछ । यसप्रकारका सहकार्यले नेपालमा गुणस्तरीय औषधि र स्वास्थ्य उद्योगको विकासलाई सक्षम बनाउन व्यापक स्थान प्रदान गर्ने उद्देश्यलाई सकार्दै मानिसहरूको स्वास्थ्य सेवा आवश्यकतामा प्रतिस्पर्धात्मक रूपमा योगदान पुऱ्याउने अपेक्षा लिइएको छ ।

यो प्रदर्शनीले विभिन्न देशका कम्पनी र ब्रान्डसहित बिजिनेस लिडर, डाक्टर, वैज्ञानिक, रोग विशेषज्ञ, अनुसन्धानकर्ता, सरकारी अधिकारी, नीति-निर्माता र उद्योग पेसेवरलाई एकसाथ समेट्नेछ । यो एक्सपोले नयाँ आविष्कार र नयाँ बजारको खोजी गर्दै नेपालको चिकित्सा र प्रयोगशाला उद्योगलाई आवश्यक उचाइमा लिएर जाने आयोजकको विश्वास छ ।

सन नेपालको व्यतीत बिमालेखमा छुट

काठमाडौं/ सन नेपाल लाइफ इन्स्योरेन्सले व्यतीत बिमालेख नवीकरणमा ७५ प्रतिशत ब्याज छुट दिने भएको छ । बिमितले १ देखि २६ पुससम्म पुनर्जागरण गर्दा ७५ प्रतिशतसम्म ब्याज छुट पाउने भएका हुन् ।

छुट अभियानअन्तर्गत आर्थिक समस्याका कारण बिमालेख सक्रिय राख्न नसकेका ग्राहकलाई पुनः बिमाको दायरामा ल्याई उनीहरूको परिवारको आर्थिक भविष्य सुनिश्चित गर्ने उद्देश्य रहेको कम्पनीको भनाइ छ ।

प्याकप्रिन्ट र प्लास्टटेक प्रदर्शनी हुँदै

काठमाडौं/ मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिको आयोजनामा पाँचौं नेपाल प्रिन्टप्याक अन्तर्राष्ट्रिय प्रदर्शनी तथा नेपाल प्लास्टटेक अन्तर्राष्ट्रिय प्रदर्शनी हुने भएको छ । प्रदर्शनी ५ देखि ७ पुससम्म चल्नेछ ।

आयोजकका अनुसार उक्त प्रर्दशनीमा स्वदेशी तथा विदेशी कम्पनीका सयभन्दा बढी स्टल रहनेछन् । यो प्रदर्शनीले नेपालभरका प्लास्टिक, पेपर, प्रिन्टिङ, प्याकेजिङ र प्रोसेसिङसँग सरोकार राख्ने व्यापार-व्यवसायलाई एकै ठाउँमा ल्याउने बताइएको छ । प्रदर्शनीमा देशभरिबाट बढीभन्दा बढी उद्यमी, अनुसन्धानकर्ता, संघ-संस्थाका प्रतिनिधि सहभागी हुनेछन् ।

उक्त प्रदर्शनीमार्फत विभिन्न विधामा सञ्चालन भएका उद्योग र व्यापार-व्यवसायलाई निर्यातका नयाँ अवसर, नवीनतम प्रविधिसँग साक्षात्कार गराउनुका साथै विभिन्न उद्योगबिच प्रविधि साटासाट र सहकार्य गर्न प्रोत्साहित गर्ने आयोजकले विश्वास लिएका छन् । प्रदर्शनीमा सहआयोजकका रूपमा नेपाल मुद्रण उद्योग महासंघ तथा सहयोगी संस्थाको रूपमा नेपाल कोरोगेटेड बक्स उत्पादक संघ रहेका छन् । उक्त प्रदर्शनीमा यस प्लास्टिक प्रोसेसिङ मेसिनरीका उत्पादक, स्क्रिन प्रिन्टिङ, इन्डक्सन मोल्डिङ मसिन, प्रिन्टिङ मसिन, टेप, प्लास्टिक हिटर उत्पादकलगायतका संस्थाको सहभागिता रहनेछ ।

एनएमबि बैंकको वित्तीय साक्षरता कार्यक्रम

काठमाडौं/ एनएमबि बैंकले पोखरामा डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना गरेको छ ।

बैंकले अमेरिकाको एजेन्सी फर इन्टरनेसनल डेभलपमेन्ट (युएसएआइडी)सँगको सहकार्यमा साना तथा मझौला उद्यम तथा लघु, साना तथा मझौला उद्यम वृद्धि गर्न उक्त कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रम एनएमबि क्युआर लोन तथा पर्यटन उद्यमीलाई डिजिटल भुक्तानी प्रणालीको भूमिका, व्यवसाय वृद्धि र दिगोपन बढाउन उपलब्ध विभिन्न सेवा तथा मार्केटिङ प्रविधिबारे जानकारी गराउनमा कार्यक्रम केन्द्रित रहेको थियो । सो कार्यक्रममा विभिन्न उद्योगहरूबाट ८० भन्दा बढी उद्यमीहरू सहभागी भएका थिए ।

बैंकले देशभरका दुई सय एक शाखा, एक सय ८७ एटिएम र ११ एक्सटेन्सन काउन्टरमार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

आइएमई पेमार्फत आयल्स शुल्क तिर्दा छुट

काठमाडौं/ आइएमई पेमार्फत आयल्स (आइइएलटिएस) टेस्टको शुल्क भुक्तानी गर्दा दुई हजार रुपैयाँ छुट पाइने भएको छ । यसअघि डिजिटल वालेट आइएमई पेमार्फत आयल्सको शुल्क तिर्दा एक हजार छुट पाइने गरेकामा सो सुविधालाइ परिमार्जन गर्दै कम्पनीले दुई हजार छुट पाइने व्यवस्था गरेको हो ।

यो सुविधा ५ पुसदेखि लागू हुनेछ । यसअघिको छुट सुविधा भने यथावत् रहने कम्पनीले जनाएको छ ।

प्रयोगकर्ताले एपमार्फत आफ् नो आइइएलटिएस परीक्षा शुल्क सहजै भुक्तानी गर्न सक्नेछन् । प्रयोगकर्ताले आइइएलटिएसको एकेडेमिक टेस्ट र जेनेरल ट्रेनिङ टेस्ट, लाइफ स्किल्स ए-वान, ए-टु र बी-वानको भुक्तानी पनि एपमार्फत नै गर्न सक्नेछन् ।

मोटरसाइकल हरायो

मिति २०८०/७/२३ गते तिलगंगा आँखा अस्पतालको बिपरित दिशा मा पशुपति गेटमा पार्किङ गरी राखेको अवस्थामा सुन्तला रङको २०० सि.सि. को KTM DUKE मोटरसाइकल बेलुकी १८:०० बजेको समय हराएको हुँदा देख्नु हुने माहानुभावले नजिक को प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु भएमा उचित पुरस्कार दिइने छ ।

नाम: मनोज श्रेष्ठ
मो.सा.नं.: बा.प्र.०२-०५२ प १८०१
चेसिस नं.: MD2JPCXDXRN013035
इन्जिन नं.: R-936-28612
सम्पर्क न.: 9841155291

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१९९९७७/७८/८८, फ्याक्सः +९७७-१-५१९९९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) ९८९०-७१-७७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३७७८८ मा SMS पठाउनुहोस्
मिथिला शाखा, मिथिला नगरपालिका, धनुषा
सम्पर्क फोन: +९७७-४९-५२१८३७

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना

लिखितम् श्री बुद्धि कर्ण बलमपाकीको नाति, पदम बहादुर बलमपाकीको छोरा, मधेश प्रदेश धनुषा जिल्ला, चन्द्रभूमि गा.वि.स. वडा नं. २ हाल धनुषाधाम - ०६ बस्ने ६८ वर्षको श्री ठिका बहादुर बलमपाकीको मिति २०८१/०४/२७ (ई.सं. ११/०८/२०२४) मा मृत्यु भएकोले स्व. ठिका बहादुर बलमपाकीकी पत्नी हाल धनुषाधाम - ०८ बस्ने श्रीमती गोविन्द माया कुमारीले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाउँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निज बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको मिथिला शाखा, मिथिला नगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

२७ बैंक पनि, साथी पनि राम्रो पनि, झन्झ पनि

महालक्ष्मी नगरपालिका
७ नं. वडा कार्यालय
चाङ्गाथली, ललितपुर
बागमती प्रदेश

प्रमाणित सम्बन्धमा



यो जो संग सम्बन्धित छ ।

प्रस्तुत विषयमा ललितपुर जिल्ला महालक्ष्मी न.पा.-०७, स्थायी ठेगाना भएको भारतीय सेनामा (Indra Bahadur Gurung 9404187 NK, 5/11GR) का इन्द्र बहादुर गुरुङको श्रीमती लिला माया गुरुङ नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ३२६२/७०८५)मा नाम थर उल्लेख भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा नाम थर Santa Maya Gurung उल्लेख भै नाम फरक भएतापनि दुई नामथर भएको व्यक्ति एउटै भएको भनी महालक्ष्मी न.पा. ७ नं वडा कार्यालयको च.नं. २३१ मिति २०८१/०५/२६ को पत्रबाट सिफारिस भै आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिन्छ ।

बाबुराम महर्जन
वडा अध्यक्ष

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५३६०६२५/५३५८८६०, फ्याक्सः +९७७-१-५१९१९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-५३६०६२५/५३५८८६० (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**ऋणी फर्म: सन्दिप पोल्ट्री फर्म**, प्रोप्राईटर तथा जमानीकर्ता: पुजन थापा दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, धादिङमा प्रा.फ.द.प्र.प.नं. ४३१९/०७२/०७३, दर्ता मिति: २०७२/०८/२७, ठेगाना: जिल्ला धादिङ, थाके गा.वि.स. वडा नं. ०३ **धितोको विवरण** १) तेज बहादुरको नाति, अमर बहादुरको छोरा, धादिङ जिल्ला, थाके गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ६ बस्ने पदम बहादुर थापाको नाममा मालपोत कार्यालय धादिङको लगतमा दर्ता कायम रहेको धादिङ जिल्ला, थाके गा.वि.स. वडा नं. १ रु (हाल थाके गा.पा. वडा नं. ६) स्थित कित्ता नं. २६७ को क्षेत्रफल १-१४-०-२ (रोपनी) को घरजग्गा र सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) सन्दिप पोल्ट्री फर्मको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२)	**ऋणी: जिवन राजभण्डारी** स्थायी ठेगाना: काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वडा नं. ३, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. २९, सामाखुशी, बाबु: शिव कुमार राजभण्डारी, बाजे : सुर्य कुमार राजभण्डारी **धितोको विवरण** सवारी मोडल: RENAULT KWID | च्यासिस नं.: MEEBBA007G8391152 | ईन्जिन नं.: E092043 | दर्ता नं.: बा १६ च ५६६
३)	**ऋणी कम्पनी: नेटवर्क एसोसिएट्स प्रा.लि.**, अध्यक्ष तथा जमानीकर्ता: सुरेश भण्डारी, संचालक तथा जमानीकर्ता: अनिता पोखरेल दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.नं. १६८८४/०५८/०५९, दर्ता मिति: २०५८/०६/२३, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३२ **धितोको विवरण** १) सवारी मोडल: Jeep Compass | च्यासिस नं.: MCANJRCY6JFA31789*5J | ईन्जिन नं.: 4015393 | सवारी दर्ता नं.: बा २१ च २२६० २) नेटवर्क एसोसिएट्स प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
४)	**ऋणी: राम हरि अधिकारी** स्थायी ठेगाना: नुवाकोट जिल्ला, थप्रेक गा.वि.स. वडा नं. ९, हालको ठेगाना: काठमाडौं जिल्ला, टोखा न.पा. वडा नं. ९ बाबु: कुमार अधिकारी, बाजे: चित्र बहादुर अधिकारी **धितोको विवरण** सवारी मोडल: Ssangyoug Tivoni AT | च्यासिस नं.: KPT30B1VSJP227056 | ईन्जिन नं.: 17391002131042 | दर्ता नं.: प्रदेश ३-०१ ०२३ च-६०००

नोट: ऋणी तथा प्रोप्राईटर/अध्यक्ष बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नाम ऋणी तथा प्रोप्राईटर/अध्यक्षको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको मोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि Google Map

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांकेकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हामी सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पुर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय
सिलवन्दी दरभाउपत्र आव्हानको लागि पून सूचना प्रकाशन गरिएको
(दोश्रो पटक सूचना प्रकाशित मिति : २०८१/०९/०४)

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्का मार्फत गराउने कार्यको लागि इच्छुक निर्माण व्यवसायीहरुबाट रितपूर्वक विधुतीय सिलवन्दी दरभाउपत्र (E-Bidding) आह्वानको लागि मिति २०८१/०८/१७ मा नयाँ पत्रिका दैनिकमा सूचना प्रकाशन गरिएकोमा आवश्यक संख्यामा सिलवन्दी दरभाउ पत्र पेश हुन नआएको हुंदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (३क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क. सं.	ठेक्का नं.	कामको विवरण र स्थान	बोलपत्रको जमानत रकम (रु)	बोलपत्र दस्तुर (रु)	ल.ई. रकम रु. (मु.अ.क.बाहेक)	कैफियत
१	SNNP/WORKS/SQ/01/2081-82	पर्यटक पदमार्ग निर्माण , पानीमुहान क्षेत्र बुढानीलकण्ठ, काठमाण्डौ	३०,०००।००	१०००/-	१०,२५,५५१।१७	

नोट : थप विवरण www.bolpatra.gov.np वा सम्पर्क नं ०१-४३७०३५५ मा सम्पर्क गर्न सकिनेछ ।

धनगढी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

ढुंगा गिट्टी, बालुवा, भरान र ग्राभेलको बिक्रीकर संकलनका लागि विद्युतीय बोलपत्र वा HARD COPY आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८१/५/४
ठेक्का नं. R6/DSMC/081/082

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) बमोजिम धनगढी उपमहानगरपालिका क्षेत्र भित्र भएर बग्ने मोहना, खुटीया र शिवगंगा नदी/खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनले तोकेको १३ वटा घाट स्थलहरूबाट धनगढी उपमहानगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १५ अनुसूची १३ बमोजिम ढुंगा, गिट्टी, बालुवा, भरान र ग्राभेलको संकलन र उत्खननमा बिक्रिकर (रोयल्टी) संकलन गर्नका लागि इच्छुक फर्म वा कम्पनीहरूको जानकारीको लागि सूचना बमोजिम शर्तको अधिनमा रही विद्युतीय बोलपत्र वा HARD COPY आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना विस्तृत विवरण धनगढी उ.म.न.पा.को वेभसाइट www.dhangadhimun.gov.np वा www.bolpatra.gov.np/egp बाट हेर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघिय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं
सडक डिभिजन चरिकोट

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८१/०९/०८

यस कार्यालयको मिति २०८१/०७/०५ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०६-०८१/८२ अनुसार तपसिल बमोजिमको निर्माण व्यवसायीको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

तपसिल

सि. नं.	ठेक्का नं	स्वीकृतिका लागि छनौट भएका बोलपत्र दाताको नाम	कबोल अंक (मु.अ.कर र पी.एस सहित)
1	RDCHT/33701138/081/82-23	G.S.C. Shree Krishna/Jay Gorakh Durge J/V, Sindhuli	32008808.8
2	RDCHT/33701169/081/82-24	Abiral Construction Suppliers and Engineering Consultancy P.L., Ramechhap	5380240.03
3	RDCHT/337310113/081/82-25	Gaduwari Nirman Sewa, Ramechhap	7779042.47
4	RDCHT/337310113/081/82-26	Ronisha Nirman Suppliers Pvt. Ltd. Dolakha	3249368.80
5	RDCHT/33701138/081/82-27	Luminious/Ronisha J/V, Ramechhap	17707168.2
6	RDCHT/337310113/081/82-28	Nayayug/Kapil/Jugal J/V, Kathmandu	63462277.9
7	RDCHT/33701169/081/82-29	Fucche Construction and Suppliers Pvt. Ltd. Sindhupalchok	6055777.11

डिभिजन प्रमुख

Request for Proposals

(First Published Date: 19 December, 2024)

Nabil Bank Ltd. invites sealed proposals from interested Insurance companies for insurance of:
1. Gold & precious metals worth NPR. 500 Million held as collateral for gold loan purpose.
2. Critical Illness and Term Life Insurance of Customer

The total number of branches, which shall be included for the insurance:
a) Koteshwor Branch
b) Mangal Bazar Branch
c) Phidim Branch
d) Nepalgunj Bhanubhakta Chowk
e) Kalimati Branch
f) Khichapokhari Branch
g) Kumaripati Branch
h) Suryabinakak Branch
i) Bhairahawa Branch
j) Butwal Yogikuti
k) Chipledhunga
l) Dharan Bargachi

For Critical Illness the following illness must be included.
a. Major Cancers
b. Stroke
c. First Heart Attack
d. Serious Coronary Artery
e. Heart Valve Surgery
f. Primary Pulmonary Hypertension
g. End Stage Lung Disease
h. End Stage Liver Failure
i. Fulminant Hepatitis
j. Kidney Failure
k. Coma
l. Aplastic Anemia
m. Major Organ/ Bone Marrow Transplantation

1. The Coverage must be of NPR. 300,000 for CI and NPR. 75,000 for TL
2. The tentative number of customers shall be 162,387
3. The number of branches for Gold & precious metals may increase in the future as per the bank's internal policy.
4. Bidders must submit following documents:
   a) PAN/VAT Certificate- Notarized Copy
   b) Firm/Company Registration (renewed)- Notarized Copy
   c) Audited Balance Sheet of Last Two years
   d) Copy of Tax clearance (updated)- Notarized Copy
   e) List of Prime Customers
   f) Company profile with brief introduction of promoters and key management team
   g) Self- declaration not being black listed or under any legal prosecution.
5. The hard copy of Proposal/ Bid document along with copy of other supporting documents must be submitted in a sealed envelope to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than 4:00 PM, 2 January 2025 (18 Poush, 2081). Bid documents received after thisdeadline shall not be accepted.
6. The bids shall be opened on **3 January, 2025 (19 Poush, 2081) at 11 AM** at Nabil Bank Ltd. Ghantaghar Building, Kathmandu in absence/ presence of the bidder's representative. Non- attendance of any or all of the bidder's representatives shall not hinder opening of the bids.
7. In case the last day of bid submission or bid opening date falls on a government holiday, then next working day shall be applicable for the same.
8. The Bank reserves the ultimate rights to accept/ reject any proposals and shall not be required to disclose any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu, Contact No: - 01-5971871

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

नयाँ पत्रिका

सुदूरपश्चिम रोयल्स एनपिएलको फाइनलमा

जनकपुर बोल्ट्स र कर्णाली याक्सबिचको विजेताविरुद्ध सुदूरपश्चिम शनिबार उपाधिका लागि भिड्ने

आजको खेल दिउँसो १२:०० बजे

जनकपुर **बोल्ट्स** vs कर्णाली **याक्स**

रमेश सुवेदी/नयाँ पत्रिका

समूह चरणदेखि उत्कृष्ट प्रदर्शन गरेको सुदूरपश्चिम रोयल्स पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को फाइनलमा पुगेको छ। सुदूरपश्चिमले अंक तालिकाको दोस्रो स्थानमा रहेको जनकपुर बोल्ट्सलाई बिहीबार प्लेअफमा आठ विकेटले हराउँदै अन्तिम दुईमा स्थान सुरक्षित गरेको हो। लिग चरणमा पनि सुदूरपश्चिमले जनकपुरमाथि ७२ रनको जित निकालेको थियो। प्लेअफमा सुदूरपश्चिमसँग पराजित भए पनि जनकपुरलाई फाइनल पुग्ने अर्को अवसर छ।

जनकपुरले इलिमेनेटरमा विजयी भएको कर्णाली याक्सविरुद्ध बिहीबार प्रतिस्पर्धा गर्दै छ। अंक तालिकामा चौथो स्थानको कर्णाली बुधबार तेस्रो स्थानको चितवन राइनोजलाई २१ रनले निराश पार्दै दोस्रो प्लेअफमा प्रवेश गरेको हो। कर्णाली र सुदूरपश्चिमबिचको विजेताविरुद्ध सुदूरपश्चिमले शनिबार उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ। कर्णालीले समूह चरणमा चितवनलाई ६ विकेटले हराएको थियो।

सुदूरपश्चिमको जितमा दुई बलियो साझेदारी

समूह चरणमा उतारचढाव नतिजाका साथ दोस्रो स्थान रक्षा गरेको जनकपुरले सुदूरपश्चिमविरुद्ध ब्याटिङ पिचमा उत्कृष्ट प्रदर्शन गर्न सकेन। प्लेअफको दबाब झेलेको जनकपुरले पहिलो ब्याटिङ गरी २० ओभरमा नौ विकेट गुमाएर १३९ रनको मध्यम योगफल खडा गऱ्यो। ब्याटिङमा एकनासको प्रदर्शन गरिरहेको सुदूरपश्चिमका ब्याट्सम्यानले १४० रन लक्ष्य पछ्याउँदा धैर्य देखाए। ओपनर सैफ जैब र म्यान अफ दी म्याच विनोद भण्डारीले आक्रामक रूपमा ब्याटिङ गरी जनकपुरका बलरमाथि दबाब दिए। सुदूरपश्चिमविरुद्ध पहिलो ओभरमै स्पिनर ललित राजवंशीले बलिङ गरेका थिए। जैबले पहिलो ओभरमै छक्का प्रहार गरी जनकपुरलाई दबाबमा राखे। जैब र विनोदले पहिलो विकेटका लागि ७.३ ओभरमा ५६ रनको साझेदारी गरेका थिए। जैबले २१ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ३२ रनको योगदान दिए। महत्त्वपूर्ण खेलमा चम्केका विनोदले ब्रान्डन म्याकमुलेनसँग दोस्रो विकेटका लागि ५९ रनको साझेदारी गर्दै सुदूरपश्चिमलाई फाइनलनजिक पुऱ्याए।



जनकपुरविरुद्ध विकेट लिएपछि सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरी। तस्बिर : **दिपेन्द्र ढुंगाना**/ नयाँ पत्रिका

ललितको बलमा जेम्स निसिमबाट क्याच आउट हुनुअघि म्याकमुलेनले १९ बलमा समान एक छक्का र चौका प्रहार गर्दै २५ रनको योगदान दिए। विनोदले कप्तान दीपेन्द्रसिंह ऐरीसँग तेस्रो विकेटका लागि नटआउट २६ रनको साझेदारी गरे। एनपिएलमै पहिलो अर्धशतकीय इनिङ्स खेलेका विनोदले ५५ बलमा समान तीन चौका र छक्का ठोक्दै ५८ रन बनाए। दीपेन्द्रसिंहले १६ बलमा समान एक छक्का र चौकाको सहयोगमा २० रन जोडे।

बलिङमा चम्केका दीपेन्द्रसिंह

कप्तान दीपेन्द्रसिंहले जनकपुरविरुद्ध तीन विकेट लिए। उनको इकोनोमी ७.२५ रनरेट भए पनि टोलीलाई आवश्यक परेका वेला ब्रेक दिलाएका थिए। उनले जनकपुरका भरपर्दा ओपनर लाहिरू मिलान्थालाई एलबिडब्लू धरापमा राख्दै सुदूरपश्चिमलाई पहिलो सफलता दिलाएका थिए। लाहिरूले १४ बलमा १२ रन जोडे। दीपेन्द्रसिंहले अनिल यादव र मोहमद मोसिनको विकेट लिँदै जनकपुरलाई १७.६ ओभरमा १२४-६ को अवस्थामा राखे। जनकपुरको ब्याटिङमा जेम्स निसिमले २३ बलमा समान तीन चौका र छक्काको सहयोगमा सर्वाधिक ४५ रनको योगदान दिए।

कर्णालीले इलिमिनेटरमा चितवनलाई हरायो

भारतीय खेलाडी जयकिसन कोल्सावाला र विलियम बासिस्टोको अर्धशतकको सहयोगमा कर्णालीले इलिमिनेटरमा चितवनलाई २१ रनले हराउँदै दोस्रो क्वालिफायरमा स्थान सुरक्षित गरेको हो। बुधबार त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको कर्णालीले २० ओभरमा ६ विकेट गुमाउँदै १७५ रनको बलियो योगफल बनायो। प्रत्युत्तरमा चितवनले ९ विकेट गुमाउँदा १५४ रन बनायो। हारसँगै चितवनको एनपिएलको यात्रा सकियो। चितवनका लागि इंल्यान्डका रवि बोपराले सर्वाधिक ५३ रन बनाए। उनले ३४ बलमा तीन चौका र चार छक्का प्रहार गरेका हुन्। बोपराको यो एनपिएलमा तेस्रो अर्धशतक हो। कर्णालीका लागि आफ्नो पहिलो खेल खेलिरहेका कोल्सावालाले ५३ रनको योगदान दिए। उनले ३९ बलमा ६ चौका र दुई छक्का प्रहार गरे।



सुदूरपश्चिम हाबी भयो

आशिफ शेख, कप्तान, जनकपुर

सुरुमा राम्रो भएको थियो। मिडल अर्डर चल्न नसक्दा सुदूरपश्चिमविरुद्ध राम्रो लक्ष्य दिन सकेनौं। स्कोर बोर्डमा ३० देखि ४० रन कम बनायौं। ब्याटिङमा जिमी निसमबाहेक कसैले राम्रोसँग इनिङ्स बढाउन सकेनन्। पछिल्ला खेलमा जस्तै ब्याटिङ र बलिङमा सुधार गर्नुपर्छ। सुदूरपश्चिमले कम गल्ती गर्दा हाबी भएको हो। कर्णालीसँगको दोस्रो क्वालिफायरमा पनि कम गल्ती गरेर खेले जित सम्भव छ। कर्णालीसँग पिचको अवस्थाअनुरूप खेल्नुपर्छ।



विदेशीसँग सिक्न पाएँ

शरद भेसवाकर, खेलाडी, चितवन

एनपिएलमा विदेशी खेलाडीमध्ये रवि बोपारा र सोहेल तनभिरजस्ता अनुभवी क्रिकेटरसँग खेल्न पाउँदा धेरै सिक्ने अवसर पाएँ। यी दुवै खेलाडीसँग आठ सयदेखि एक हजारसम्म खेलको अनुभव छ। दोस्रो क्वालिफायरमा पुग्ने धेरै प्रयास गरेका थियौं, तर सबै प्रयास असफल हुँदा यात्रा यहींसम्म मात्र भयो। ब्रायन लाराजस्ता क्रिकेटर नेपाल आउनु र उनीहरूले नेपालको क्रिकेट प्रमोट गर्नु राम्रो र सुखद पक्ष हो।

प्लेअफलाई नयाँ खेल सोचेर खेल्यौं

सोमपाल कामी, कर्णाली, कप्तान

लिगको प्रदर्शन र नतिजा भुलेर प्लेअफलाई नयाँ प्रतियोगिताका रूपमा लियौं। जे-जस्तो प्रदर्शन भए पनि प्लेअफमा नयाँ खेल र फरक रणनीति बनाएर खेल्यौं। सुरुमा टस जित्दा ब्याटिङ गर्ने योजना थियो। अघिल्लो खेलमा ब्याटिङमा राम्रो सुरुवात गर्न नै विकल्पका रूपमा जयकिसन कोल्सावालालाई ल्याएका हौं। अगाडिदेखि नै नेपाली क्रिकेटबारे जानकार कोल्सावालासँग कुराकानी पनि भइरहेको थियो। कोल्सावालाले दिइएको जिम्मेवारी पूरा गरेजस्तो लाग्छ। १६० रनको लक्ष्य दिँदा जित्ने सम्भावना थियो। लिगमा कर्णाली प्लेअफसम्म पुग्छ वा पुग्दैन कि भन्ने चिन्ता थियो।



जनकपुरले दबाबमा खेल्यो

विनोद भण्डारी, ओपनर, सुदूरपश्चिम

जनकपुरविरुद्ध ५० रनभन्दा पनि फाइनलमा पुगेका छौं। अर्धशतकीय इनिङ्सभन्दा पनि उपाधिनजिक पुग्दा खुसी छु। फिल्डिङ गरिरहेको वेलामै पिच राम्रो भएको जानकारी भइरहेको थियो। जनकपुरले दबाबमा खेल्यो। हामीले मैदानभित्र वा बाहिर रहँदा खेलमै ध्यान राखेका हुन्छौं। सुदूरपश्चिमको खेलमा यति धेरै समर्थक आउँछन् भन्ने सोचेकै थिइनँ।

गोर्खालाई हराउँदै चर्च ब्वाइज सेमिफाइनलमा



झापामा **चिरञ्जीवी घिमिरे**

सहिद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेड पहिलो झापा कपको सेमिफाइनलमा प्रवेश गरेको छ। मोफसलको गोर्खा ब्वाइज रुपन्देही क्लबलाई बुधबार ३-० ले पराजित गर्दै चर्च ब्वाइजले अन्तिम चारमा स्थान पक्का गरेको हो। चर्च ब्वाइजका लागि दीपेश गुरुङ, विदेशी खेलाडी आर्मन्ड र डिकाले समान समान एक गोल गरेका थिए। खेलको २९औं मिनेटमा दीपेशले चर्च ब्वाइजलाई १-० को अग्रता दिलाए। उनले पोस्टभन्दा २५ यार्ड टाढाबाट उत्कृष्ट गोल गरेका हुन्।

खेलको ४०औं मिनेटमा चर्च ब्वाइजले २-० को अग्रता लियो। विदेशी खेलाडी आर्मन्डले समीर तामाङको कर्नर किकमा हेडिङ गोल गरेका हुन्। ब्वाइजले पहिलो हाफको अतिरिक्त समयमा ३-० को अग्रता लियो। डिकाले चर्च ब्वाइजलाई तेस्रो गोलको अग्रता दिलाएका हुन्। डिबक्सअगाडि सुरजज्यू ठकुरीले चर्च ब्वाइजका खेलाडीलाई फल गरेका थिए। कमल श्रेष्ठको फ्रिकिकमा डिबक्सभित्र अनमार्कमा रहेका डिकाले सहजै हेडिङ गोल गरे।

खेलको २४औं मिनेटमा चर्च ब्वाइजका समीरको कर्नर प्रहारबाट आएको बललाई गोर्खाका गोलरक्षक निशान रानाले पन्च गर्दै बचाए। २६औं मिनेटमा समीरको क्रसमा डिबक्समा रहेका आर्मन्डको प्रहारलाई गोलरक्षक रानाले उत्कृष्ट बचाउ गरे। दोस्रो हाफको पहिलो मिनेटमै गोलरक्षक रानाले चर्च ब्वाइजका एडपिल्लाको वान भर्सेस वानको अवस्थामा टोलीलाई गोल खानबाट रक्षा गरे। खेलको ७०औं मिनेटमा समीरले गोर्खाका गोलरक्षक राना बिट भएको समयमा पनि गोल गर्न सकेनन्। चर्च ब्वाइजका सनम भुजेलले अन्तिम इन्जुरी समयमा प्रहार गरेको बल बारमा लागेको थियो।

निरीह गोर्खाका खेलाडी

चर्च ब्वाइजले प्रतियोगितामा तीन विदेशी खेलाडी समावेश गरेको छ। उनीहरूले उत्कृष्ट प्रदर्शन गर्दा गोर्खा निरीह देखियो। खेलको अधिकांश समयमा चर्च ब्वाइजले दबाब राखेको थियो। चर्च ब्वाइजको बलियो डिफेन्स लाइन गोर्खाका खेलाडीले तोड्न सकेनन्। ६५औं मिनेटमा गोर्खाका सुजित बुढाथोकीको प्रहार अकासियो। ८२औं मिनेटमा रिचार्डले बक्सनजिकैबाट गरेको बल फ्रेममा परेन। बिहीबारको खेल एनआरटी क्लब र चित्लाङ फुटबल क्लबबिच हुने आयोजकले जनाएको छ।

महिला एकलमा बिएन्काले जितिन् स्वर्ण



काठमाडौं/ जेम्स विद्यालयद्वारा आयोजित दोस्रो थन्डर बोल्ट्स कप खेलकुद २०२४ अन्तर्गत टेबुलटेनिस तर्फ यू-१८ महिला एकलमा बिएन्का राई (एभिएम स्कुल) ले इभाना थापा (एभिएम स्कुल)लाई हराउँदै स्वर्ण जितेकी छिन्। यू-१२ पुरुष एकलमा रिभान बज्राचार्य (डिएभी स्कुल)ले पहिलो स्थान हात पारे। रिभानले स्वर्णिम शाक्य (एभिएम स्कुल) लाई हराए।

यू-१५ पुरुष एकलतर्फ रिजन शाक्य (भासरा सेकेन्डरी स्कुल)ले स्वर्ण र प्रजिल भट्टराई (एभिएम स्कुल)ले रजत हात पारेका छन्। यू-१८ पुरुष एकलतर्फ सार्थक मानन्धर (बालविकास स्कुल) पहिलो, वचन विष्ट (भासरा सेकेन्डरी स्कुल) रजत तथा मिजेन शाक्य (मोलिस स्कुल) र एरिस शाक्य (एभिएम स्कुल) तेस्रो भए। यू-१२ महिला एकलतर्फ आर्सना महर्जन (एभिएम स्कुल)ले स्वर्ण जितेकी छिन्। यू-१५ महिला एकलमा सुरम्या शाक्य (सेन्ट मेरिज स्कुल)ले नर्मदा खाइतु (जेम्स स्कुल)लाई हराउँदै स्वर्ण हात पारेकी छिन्।

खेल संक्षेप

फुटबलको उपाधि सहिद स्मृतिलाई

कास्की/ सहिद स्मृति माध्यमिक विद्यालयले दोस्रो कुलपति रनिङ सिल्ड फुटबल प्रतियोगिताको उपाधि हात पारेको छ। गण्डकी विश्वविद्यालयको आयोजनामा बुधबार भएको फाइनलमा स्टेप बाई स्टेप माध्यमिक विद्यालयलाई टाइब्रेकरमा ४-२ ले पाखा लगाउँदै सहिद स्मृतिले उपाधि हात पारेको हो। निर्धारित समयको खेल बराबरीमा सकिएको थियो। त्यसपछि टाइब्रेकरबाट विजेता छानिएको हो। जसमा सहिद स्मृतिले बाजी मार्‍यो।

विजेताले एक लाख र उपविजेताले ५० हजार रुपैयाँ पाएका छन्। सहिद स्मृतिका कप्तान केशबहादुर रोकामगरले प्लेयर अफ द म्याच घोषित हुँदै १५ हजार पुरस्कार रुपैयाँ पाए। प्रतियोगितामा २३ विद्यालयको सहभागिता थियो।

गोठाटारलाई गेटवेले हरायो

काठमाडौं/ साबिक विजेता गेटवे एकेडेमी १७औं फेका कप अन्तरविद्यालय छात्र फुटबल प्रतियोगितामा सेमिफाइनलमा प्रवेश गरेको छ। गेटवे अन्तिम चारमा पुग्ने पहिलो टोली हो। मूलपानी मैदानमा बुधबार गेटवेले गोठाटारलाई ४-० ले पराजित गऱ्यो। प्रदीप खड्काले गेटवेका लागि ह्याट्रिक गरे। फेकाको आयोजनामा भइरहेको प्रतियोगितामा कौस्तुभ एकेडेमी र ब्रह्मकुञ्ज क्वार्टरफाइनलमा पुगेका छन्। कौस्तुभले डेन्सलाई ५-१ ले हरायो। कौस्तुभका उत्सव शाहीले दुई गोल गरे। ब्रह्मकुञ्जले गोल्डेन बडमाथि २-० को जित निकाल्यो। बिहीबार ओरिएन्टल र कौस्तुभबिच क्वार्टरफाइनलका लागि खेल हुनेछ।

चाबहिल 'बी' अन्तिम आठमा

काठमाडौं/ चाबहिल स्पोर्ट्स् क्लब 'बी' चौथो वडाध्यक्ष कप भेट्रान फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ। चाबहिल 'बी'ले बुधबार ५० प्लस भेट्रान कैलालीलाई ४-२ ले पराजित गऱ्यो। चाबहिलका भगवान थापाले ह्याट्रिक गरे। फ्रिडम फाइटर क्लब 'बी', जोरपाटी एफसी र बौद्ध भेट्रान पनि अन्तिम आठमा पुगेका छन्। फ्रिडमले जंगवीर युनाइटेडलाई ३-१ ले हरायो। फ्रिडमका निलेन्द्र देवानले दुई गोल गरे। जोरपाटीले ताकामीलाई ४-० ले पाखा लगायो। नितिन गुरुङले दुई गोल गरेका थिए। बौद्धले चाबहिल 'ए'माथि ३-० को जित निकाल्यो।

हिमरश्मि र लालीगुराँस प्रिक्वार्टरफाइनलमा

नयाँ पत्रिका

आयोजक हिमरश्मि नीलो र लालीगुराँस नेसनल एकेडेमी प्रथम हिमरश्मि कप यू-१९ कलेज र स्कुल उपत्यकाव्यापी छात्र भलिबल प्रतियोगितामा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्। हिमरश्मि नीलोले एन्जल्स हार्टलाई २-१ को सेटमा हरायो। हिमरिश्म समूह 'डी'को विजेता बनेको छ। बुधबार भएको पहिलो खेलमा हिमरश्मिले गणेश कलेजलाई सीधा सेटमा २-० ले हराएको थियो। सोही समूहको अर्को खेलमा एन्जल्स हार्टले गणेशलाई २-० ले पाखा लगयो। एन्जल्स हर्ट समूह 'डी'को उपविजेताका रूपमा अन्तिम १६ मा पुगेको छ। दोहोरो जित निकालेको लालीगुराँसले गीताञ्जलीलाई २-० र कालीदेवी माविलाई २-० ले हरायो।

लालीगुराँस समूह 'बी'को विजेता बन्यो। एनआर कलेजले ओरियन्टलाई २-० ले पाखा लगायो। ग्लेसियरले ग्राम सेवालाई २-१ ले निराश बनाएको छ। सेन्ट लरेन्सले मानसिंह माविलाई २-० ले पाखा लगाउँदै प्रिक्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ।



नेपाल सरकार
सहरी विकास मन्त्रालय
काठमाडौं उपत्यका विकास प्राधिकरण

जिल्ला आयुक्तको कार्यालय

अनामनगर, काठमाडौं

बोलपत्र छनौट गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित : २०८१/०९/०४

यस कार्यालयबाट मिति २०८१/०७/१३ गते मङ्गलवार नयाँ पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा न्यूनतम मूल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं	ठेक्का नं.:	कामको विवरण र स्थान	निर्माण व्यवसायीको नाम, ठेगाना	कबोल अङ्क (भ्याट र पि एस बाहेक)
१	DCOKTM/ RW/081/82/01	Road Improvement & Rigid Pavement works at Budhanilkantha Aakhasedhara ,Sapredunga To Man Bahadur Marg,	Fortune Builders Pvt. Ltd.,Kathmandu 31	४७१५६७१८०
२	DCOKTM/ RW/081/82/02	Road Improvement & Rigid Pavement Construction Work From Naikap Chowk To Purano Bidhya Mandir Road Chandragiri-14	Fortune Builders Pvt. Ltd.,Kathmandu 31	४६५८५४८१०९
३	DCOKTM/ RW/081/82/03	Road Improvement Work at Suryaday Tole And Thapagau Road,Tarkeshwor Na.Pa-07	Manasa Construction Pvt.Ltd.,Kathmandu	१३०८८६०१००
४	DCOKTM/ RW/081/82/04	Ro Road Improvement and Rigid Pavement Construction Works Behind Pasu Bikas Sakha Ajitam Centre, Chandragiri -12 , Kathmandu	A.B Construction, Kirtipur	१४८६२८३१३०
५	DCOKTM/ RW/081/82/05	Co Construction of Stone masonry wa wall, P.C.C. Works, Launching & Filfilling Works	Mansun Infrastructure Pvt.Ltd., Tarkeshwor 08	७२६४२७०१००
६	DCOKTM/ RW/081/82/06	Construction of Disable Friendly Foot Trail at Nagarjun Municipality-01	Suji Nirman Sewa, Gorakhkali-1, Gorkha	४९२९५८६१००
७	DCOKTM/ PLPP/081/82/04	Reconstruction And Maintenance of Kriyaputri Building at KaKageshwori Manohara Municipality-07&08 Kathmandu	Dattatraya Construction Company Pvt. Ltd,Bhaktapur 01	२७५५१६२१७५
८	DCOKTM/ PLPP/081/82/05	Park Beautification and Maintenance Works at Kageshwori 01 Loktantrik Sahid Park,Kageshwori Manohara Municipality-01	Pratikshya Nirman Sewa Mugu	३७८७००८१००

जिल्ला आयुक्त

अन्तर्राष्ट्रिय क्रिकेटबाट आश्विनले लिए सन्न्यास

एजेन्सी

भारतीय अफ स्पिनर रविचन्द्रन आश्विनले बुधबार सबैखाले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका छन्। उनले तीनवटै फर्म्याटमा गरी २८७ खेलमा ७६५ विकेट लिएका छन्। भारतको क्रिकेट इतिहासमा आश्विन दोस्रो धेरै विकेट लिने बलर हुन्। पूर्वकप्तान तथा स्पिनर अनिल कुम्बलेले आफ्नो करिअरमा ९५३ विकेट लिएका थिए। अस्ट्रेलियाविरुद्धको तेस्रो टेस्ट बराबरीमा सकिएपछि आश्विनले सन्न्यास घोषणा गरेका हुन्। खेलपछि आयोजित पत्रकार सम्मेलनमा कप्तान रोहित शर्मासँगै ड्यासमा उपस्थित आश्विनले सन्न्यासबारे जानकारी गराएका थिए।

'आजको दिन मेरो भारतीय टोलीका लागि अन्तिम रह्यो, अब अन्तर्राष्ट्रिय क्रिकेट खेल्दिनँ र घरेलु क्लबमा आबद्ध हुनेछु,' उनले भने, 'खेल्ने धेरै चाहना थियो, तर युवालाई मौका दिन यो निर्णय लिएको हुँ।' सन् २०१० मा उनले श्रीलंकाविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए। डेब्युपछि उनी निरन्तर रूपमा टोलीमा छन्। अनिल, युवराज सिंह र हरभजन सिंहपछि भारतीय टोलीमा आश्विनले फरक स्थान बनाए।

उनले टेस्टमा ५३७ विकेट हात पारेका छन्। टेस्टमा उनले ३७ पटक पाँचभन्दा बढी विकेट लिएका छन्। उनले आठपटक दुवै इनिङमा गरी १० विकेटको प्रदर्शन गरेका थिए। विश्वस्तरीय बलर हुनुका साथै उनले आवश्यक परेका वेला राम्रो ब्याटिङसमेत गर्थे। उनले टेस्टमा तीन हजार ५०३ रन जोडेका छन्। यसक्रममा उनले ६ पटक शतकीय इनिङ्स खेले। आश्विनले पहिलो श्रेणीमा आठ शतक प्रहार गरेका छन्।

धेरै पाँच विकेट लिने भारतीय बलर

आश्विन भारतको टेस्ट खेलमा धेरै पाँच विकेट लिने बलर हुन्। पूर्वकप्तान कुम्बलेले टेस्ट करिअरमा ३५ पटक पाँच विकेटको प्रदर्शन गरे। विश्व क्रिकेटमा श्रीलंकाली स्पिनर मुथैया मुरलीधरणले टेस्टमा सर्वाधिक ६७ पटक पाँच विकेटको प्रदर्शन गरेका छन्।

अन्तर्राष्ट्रिय करिअर

टेस्ट

खेल	विकेट	रन
१०६	५३७	३५०३

एकदिवसीय

खेल	विकेट	रन
११६	१५६	७०७

टी-२० आई

खेल	विकेट	रन
६५	७२	१८४



तीनवटै फर्म्याटमा विकेट

खेल	विरुद्ध	विकेट
५०	इंग्ल्यान्ड	१५०
५०	अस्ट्रेलिया	१४६
३८	श्रीलंका	१०८
३९	वेस्ट इन्डिज	१०३
२६	न्युजिल्यान्ड	९१

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com